# सुकुमबासी समस्या समाधान आयोगका

# कार्यदिशको सँगालो

(२०४७।१२।१८ देखि २०७७।०१।०१ सम्म)

**भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय**

सिंहदरबार, काठमाडौं

२०७७ जेठ

**प्रकाशक** : भूमिसुधार तथा बसोबास व्यवस्थापन शाखा
भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं, नेपाल।
फोन नः ४२११817
ईमेलः info@molrm.gov.np
वेभः www.molcpa.gov.np

प्रथम संस्करण : ५०० प्रति

**संकलन तथा सम्पादनः**
श्री गोपाल गिरी
श्री जगत देउजा

**कम्प्युटर ले-आउट तथा कभरपेज डिजाइनः**
राजेन्द्र पोखरेल, गुठी संस्थान

**सर्वाधिकार** - भूमिव्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
सिंहदरवार, काठमाण्डौ।

**जेठ, २०7७**

# मेरो भनाइ

हाम्रो मुलुकका भूमिहीन, सुकुमबासी र अव्यवस्थित वसोबासीको जीवन निर्वाहको आधार मूलत: कृषि रहेको र कतिपयको बसोबासको लागि समेत आफ्नो जमीन नभएको अवस्थालाई सम्वोधन गर्न सरकारले विगत देखि विभिन्न आयोगहरु मार्फत भूमि वितरण गरी गास बासको व्यवस्थापन गरिआएको छ। राप्ती दून क्षेत्रको जमीन वितरण गर्ने ऐन बनेपछि सरकारले जमीनको अभावमा जीवन निर्वाहको समस्या भोगिरहेका सर्वसाधारणलाई कानूनी रुपमा जमीन वितरणको कार्य सुरु गरेपछि विभिन्न समयमा विभिन्न आयोग मार्फत जमीन वितरणको कार्यलाई निरन्तरता दिंदै समस्या समाधानको प्रयास गरेको देखिन्छ।

भूमिहीन सुकुमबासीहरुको समस्यालाई दीर्घकालीन रुपमा सम्वोधन गर्न र योजनावद्धरुपमा सरकारी, सार्वजनिक एवं गुठी जग्गाको संरक्षणका निम्ति सरकार क्रियाशील छ। संविधान प्रदत्त अधिकार कार्यान्वयनका लागि पनि समय लम्विई रहेको अवस्थालाई मध्यनजर गरी यस पटक भूमिहीन सुकुमबासीका समस्या समाधान गर्ने लक्ष्य मन्त्रालयले लिएको छ। यही कार्यलाई सहज बनाउन विगतमा आयोगले के कस्ता कार्यहरु गर्न सक्षम भए, के चुनौतीहरु रहे, हेर्न सहज होस भनी यो सँगालो प्रकाशन गरिएको हो।

प्रस्तुत सँगालोमा वि.स. २०४६ सालपछि हालसम्म सरकारले गठन र पुनर्गठन गरेका आयोगहरुको कार्यदिशहरु समावेश गरिएको छ। यो पहिलो प्रकाशन भएको हुनाले विभिन्न कमिकमजोरी र छुटपुटहरु हुन सक्छन्। यस्ता कमजोरीहरु यसका प्रयोगकर्ताहरुको सुझाव वमोजिम आगामी प्रकाशनमा सुधार गर्ने वचनवद्धता जनाउन चाहन्छु।

अन्तमा, प्रस्तुत संगालो प्रकाशनको लागि प्रेरित गर्दै सूचनाहरु संकलनमा समेत खटिनु भएका सामुदायिक आत्मनिर्भर सेवा केन्द्रका कार्यकारी निर्देशक श्री जगत देउजा र विभिन्न स्रोतहरुबाट सामग्री जुटाई पुस्तिकालाई यस रुपमा सम्पादन गर्ने यस मन्त्रालयका उपसचिव श्री गोपाल गिरीलाई धन्यवाद दिन चाहन्छु।

जेठ, २०७७

पद्मा कुमारी अर्याल
मन्त्री

# मेरो भनाइ

गास, बास र कपास मानव जीवनका प्राथमिक आवश्यकता हुन। यी आवश्यकताको पूर्तिको स्रोत भूमि हो। भूमिस्रोतबाट प्राप्त लाभको न्यायिक वितरणको लागि भूमिमा पहुँच हुनु पहिलो सर्त हो। यसै सन्दर्भमा, भूमिमा भूमिहीनहरुको पहुँच पुऱ्याउन सरकारले विगत देखि नै विभिन्न आयोगहरु गठन गरी जमिन वितरण गर्ने कार्य गर्दै आएको छ।

राप्ती दून क्षेत्रको जमिन वितरणबाट सुरु भएको कार्य बन क्षेत्र सुदृढीकरण आयोग, क्षेत्रीय वसोबास आयोग हुँदै २०४६ सालको परिवर्तन पश्चात सुकुमबासी समस्या समाधान आयोगका नामले आयोगहरु गठन भइ जमीन वितरण सम्वन्धी कार्यहरु गर्दै आएको पाइन्छ। विगतका आयोगले सुरु गरेका कतिपय अधुरा कामहरुलाई पूर्णता दिन र आयोगबाट वितरण गरिएका जमीनका विषयमा जानकारी राख्न तत्कालीन कार्यदिशहरुको सँगालोको अभाव महशुस भैरहेको थियो, जसलाई यस संगालोले सम्वोधन गर्नेछ भन्ने विश्वास गरेको छु।

यो संगालो विभिन्न स्रोतहरुबाट खोजी गरी पहिलो पटक प्रकाशनमा ल्याइएको हुनाले विभिन्न कमि कमजोरीहरु हुन सक्छन। सुधारको सम्भावना जहाँ पनि र जहिले सुकै पनि रहिरहने भएकोले यसका प्रयोगकर्ताहरुले यसमा भएका त्रुटिहरु औंल्याइ दिनुभएमा अर्को अंकमा सुधार गर्ने वचनवद्धता जनाउन चाहन्छु।

अन्तमा, प्रस्तुत पुस्तिका प्रकाशनको लागि प्रेरित गर्दै सूचनाहरु संकलनमा निःस्वार्थ रुपमा खटिनु भएका सामुदायिक आत्मनिर्भर केन्द्रका कार्यकारी निर्देशक श्री जगत देउजा र विभिन्न स्रोतहरुबाट सामग्री जुटाई यो संगालोलाई यस रुपमा सम्पादन गर्ने यस मन्त्रालयका उपसचिव श्री गोपाल गिरीलाई धन्यवाद दिन चाहन्छु।

जेठ, २०७७

केदार न्यौपाने
सचिव

# विषय सूची

१. पृष्ठभूमि ........ 1
२. सुकुमबासी समस्या सिर्जना हुनुका कारक तत्वहरु ........ ४
३. समस्या समाधानका लागि गरिएका प्रयासहरु ........ ५
४. विभिन्न आयोगका कार्यादेश (अनुसूचीहरु) ........ 38
५. अनुसूची - 1 ........ 39
६. अनुसूची - 2 ........ 42
७. अनुसूची - 3 ........ 43
८. अनुसूची - 4 ........ 51
९. अनुसूची - 5 ........ 52
१०. अनुसूची - 6 ........ 53
११. अनुसूची - 7 ........ 54
क. अनुसूची - 7(क) ........ 59
ख. अनुसूची - 7(ख) ........ 66
ग. अनुसूची - 7(ग) ........ 68
घ. अनुसूची - 7(घ) ........ 71
१२. अनुसूची - 8 ........ 72
१३. अनुसूची - 9 ........ 78
१४. अनुसूची - 10 ........ 87
१५. अनुसूची - 11 ........ 92
१६. अनुसूची - 12 ........ 97
१७. अनुसूची - 13 ........ 108
१८. अनुसूची - 14 ........ 131
१९. अनुसूची - 15 ........ 145
२०. अनुसूची - 16 ........ 148
२१. अनुसूची - 17 ........ 149
क. अनुसूची - 17(क) ........ 164

## भाग– १

पृष्ठभूमि

१. राज्यबाट भूमिहीनहरुलाई जग्गा वितरणको सन्दर्भलाई हेर्दा प्रादेशिक विकास योजनाहरु (कार्यान्वित गर्ने) ऐन २०१३ अन्तर्गत राप्तीदूनको जमिन वितरण नियम २०१३ जारी हुनुलाइ पहिलो कानुनी प्रयास मान्न सकिन्छ। उक्त नियममा व्यवस्था गरिएको कमिशन मार्फत जग्गा आवाद गरी बसोबास गर्दै आएका खास जोताहा किसानहरु र नयाँ भूमिहीन किसानहरुलाई जंगल फँडानी भै खाली गरिएका क्षेत्रको जग्गा न्यूनतम मूल्य लिई वितरण र दर्ता गर्ने कार्यको सुरुवात भएको पाइन्छ। बसोबासको सुरुवातसँगै तराइमा औलो उन्मूलनका कार्यक्रमहरु संचालन गरिनु, यातायात लगायतका भौतिक पूर्वाधारहरुको विकास र जनसंख्या वृद्धिसँगै जग्गाको मूल्यमा पनि वृद्धि हुन थाल्यो। यस परिवर्तनलाई नजिकबाट नियाँलिरहेका र जग्गाको महत्व बुझेका टाठा-बाठा व्यक्ति, जिमिदार र भूमिपतिहरु सुकुमबासीहरुलाई उपलव्ध गराइएका जग्गामा लोभिन थाले। फलतः सुकुमबासीको लागि भनिएका जग्गा कुनै न कुनै प्रकारले लक्षित वर्गभन्दा बाहिरका व्यक्ति र तिनीहरुका आश्रितहरुका नाममा दर्ता वा हस्तान्तरण हुन थाले।

२. उल्लिखित राप्तीदूनको जमिन वितरण नियम २०१३ बाट किसानहरुले अपेक्षित उपलव्धि हासिल गर्न नसकेको अवस्था देखिए पश्चात राप्तीदून विकास क्षेत्रको जमीनको (विक्रि वितरण) व्यवस्था ऐन २०२४ जारी भयो। जसको प्रस्तावनामा प्रादेशिक विकास योजना (राप्तीदुनको जमीन वितरण) नियम २०१३ बमोजिम बिक्री वितरण भएको जमीन बिक्री

वितरणमा पाउनेहरुको अधिकारमा नरही जग्गा अरु नै व्यक्तिहरुको हातमा पर्न गएकोले त्यस्ता जग्गालाई न्यायोचित रुपले बिक्री वितरण गर्न सो ऐन जारी भएको कुरा उल्लेख गरिएकोछ।

त्यस्तै झोडा क्षेत्रको समस्या सुल्झाउन झोडा क्षेत्रको जग्गा सम्बन्धी ऐन २०२८ जारी भयो। जसमा झोडा क्षेत्रको जग्गामा बसोवास गर्दै आएका सुकुमबासी परिवारलाई निजहरुले बसोबास जोत कमोत गरी आएको जग्गा दर्ता गरिदिने र सरकारबाट लालमोहर, पट्टा बहाली इत्यादिबाट अख्तियार पाएका जमिनदारको हक समाप्त गर्ने प्रष्ट व्यवस्था छ। यस कानुनको प्रभावकारी कार्यान्वयन नगरिएको कारण यो समस्या पूर्णरुपमा अझै सुल्झी नसकेको भएपनि त्यो कानून बन्नु चाँहि सुकुमबासीको हिततर्फ सकारात्मक कदम थियो।

३. भूमि सम्बन्धी ऐन २०२१ को कृषि ऋणको छानविन गर्ने व्यवस्थाले जमिनदार र ठूला किसानहरुसँग ऋण लिए वापत आजीवन र पुस्तैनी त्यस्ता साहु जमिनदार एवं ठूला किसानको कृषिदास वा वधुवा मजदूर सरह जीवन व्यतित गरिरहेका धेरै सुकुमबासीहरुको उन्मुक्ति भएको थियो। त्यो सामाजिक अभिशाप एवं क्रुर परिपाटीको अवशेष हाम्रो देशको पश्चिमी भेगका दाङ, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा कमैया प्रथाको रुपमा कायमै रहेकोमा २०५७ श्रावण २ गते कमैया मुक्तिको घोषणा गरी पुनस्थापनको कार्यक्रम मार्फत व्यवस्थित गरिदैंछ। यसै गरी देशको पूर्वी भागका जिल्लाहरुमा पनि हरवा, चरवा हलिया इत्यादि विभिन्न नाममा शोषण अझै कायमै छ। जग्गाको हदबन्दी तोकी हदभन्दा बढी जग्गा सरकारले प्राप्त गरी त्यो जग्गा सबैभन्दा पहिला जग्गाकै मोही भए मोहीलाई बिक्री गर्ने र मोही नभए सुकुमबासीलाई

बिक्री गर्ने भूमि सम्वन्धी ऐन, २०२१ को व्यवस्था पनि समस्या समाधानको सकारात्मक कदम थियो। यद्यपि त्यो प्रावधानबाट पनि सुकुमबासीले अपेक्षित लाभ उठाउन सकेनन्।

४. सुकुमबासी समस्या हल गर्ने क्रमको अर्को महत्वपूर्ण कार्य हो पुनर्वास कम्पनीको स्थापना। २०२१ सालमा नेपाल पुनर्वास कम्पनी स्थापना गरी ईजरायली सरकारको सहयोगमा तराइमा योजनावद्ध पुर्नवास कार्यक्रम लागु गरियो। उक्त पुनर्वास कम्पनी मार्फत नवलपरासी जिल्लाको राप्ती उपत्यकामा पहिलो योजनावद्ध पुनर्वास कार्यक्रम सुरुगरी पूर्व झापा देखि पश्चिम कञ्चनपुरसम्म बसोबास कार्यक्रम सञ्चालन र विस्तार गरियो। यस अन्तर्गत धेरै नयाँ वन क्षेत्र फँडानी गरी सुकुमबासीलाई बसोबास गराइएको आँकडा प्रस्तुत गरिए पनि सुकुमबासी भन्दा गैर सुकुमबासीहरुले यसबाट बढी फाइदा उठाए। सुकुमबासीलाई राहत सामग्री प्रदान गर्ने उद्देश्यले यस्तो बस्तीमा भौतिक आधारको स्थापना गर्न विदेशी दाता राष्ट्रले दिएको सहयोग समेत लक्षित वर्गसम्म पुग्न नसकेको जनगुनासो पाइएको छ।

५. पुनर्वास कम्पनी पछि पंचायतकाल मै श्री ५को सरकारले खासगरी तराई र भित्री मधेशका जिल्लाहरुमा क्षेत्रीय बसोबास समिति, अंचल बसोबास समिति, वन क्षेत्र सुदृढीकरण अधिकार सम्पन्न आयोग, समिति र वन क्षेत्र सुदृढीकरण उच्च स्तरीय आयोग लगायत अन्य कतिपय नामबाट अस्थायी किसिमका निकायहरु गठन गऱ्यो । ती आयोग तथा समितिहरुले सुकुमबासीको छानबिन पहिचान तथा बसोबास गरेको क्षेत्र (खासगरी वन क्षेत्र) पहिचान गर्ने, छुट्याउने र सो जग्गा तिनीहरुको नाममा दर्ता गरी दिने गरी कानूनी अधिकार दिइयो।

लक्षित वर्गप्रतिको राजनैतिक प्रतिबद्धता र सही तथ्यांकको अभावले गर्दा ती निकायहरुले सुकुमबासीको नाममा वन क्षेत्रको जग्गा वितरण र दर्ता गरे पनि अप्रत्यक्ष र घुमाउरो पारामा बास्तविक सुकुमबासीको हातबाट सो जग्गा गैर सुकुमबासीको हात पर्न गएकोले सुकुमबासी पुनः सुकुमबासी नै रहेको पाइन्छ।

६. **सुकुमबासी समस्या सिर्जना हुनुका कारक तत्वहरु :**

क. राजनैतिक, जातीय एवं आर्थिक उत्पीडनबाट विभिन्न देशबाट नेपाली मूलका व्यक्तिहरुको नेपालभित्र निरन्तर खुला प्रवेश।

ख. सामन्ती आर्थिक शोषण एवं उत्पीडनबाट घरबार विहीन हुनु।

ग. प्राकृतिक प्रकोपबाट घरवार विहीन हुन।

घ. राजनैतिक उत्पीडनबाट घरबार विहिन हुनु।

ङ. जीबिकाको लागि अन्य विकल्प नभई रोजगारीको खोजीमा बसाई सर्नु।

च. सरकारद्वारा कुनै योजना वा कार्यका लागि बसोबासको अर्को विकल्प वा व्यवस्था विना बस्ती उठाउनु।

छ. सरकारी योजनाका लागि सट्टा भर्ना दिने सर्तमा व्यक्तिगत जग्गा लिनु तर सर्त अनुसार सट्टा भर्ना नदिनु

ज. पंचायतकालमा भएका विभिन्न निर्वाचन र खास गरी जनमत संग्रहका बेला माथिको संरक्षण प्राप्त राजनैतिक व्यक्ति र निजको आशीर्वाद प्राप्त अन्य तत्वहरुबाट समेत राजनैतिक फाइदाका लागि वन अतिक्रमण गरी बसोबास गराइनु।

झ. केही असामाजिक भ्रष्ट तत्वहरुले अति सस्तोमा जग्गा दिलाई दिने प्रलोभनमा झुक्याई रकम लिई तराईका जंगल क्षेत्रमा बसोबास गराउनु,

ञ. सुकुमबासीले एक क्षेत्रमा आवाद र बसोबास गरेको घर जग्गा दर्ता नहुँदै अन्य गैर सुकुमबासीलाई घरसारमा विक्री गरी हस्तान्तरण गरेर अर्को नयाँ स्थानमा बसोबास गर्दै जानु।

ट. सुकुमबासी समस्या र बसोबास समस्या समाधान गर्न भनी समय समयमा सरकारबाट गठित विभिन्न आयोग तथा निकायहरुबाट अपेक्षित रुपमा काम नहुनु र भएका कतिपय काम अधूरा र अपुरा हुनु।

## ७. समस्या समाधानका लागि गरिएका प्रयासहरु :

२०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्रजातन्त्रको पुनस्थापन भएपछि गठित अन्तरिम सरकारले २०४७ सालमा द्रोणप्रसाद आचार्यको अध्यक्षतामा वन संरक्षण कार्यदल गठन गऱ्यो। कार्यदलले व्यापक रुपमा वन क्षेत्र अतिक्रमण एवं ह्रास भएको तराई क्षेत्रका जिल्लामा स्थलगत निरीक्षण अध्ययन भ्रमण गरी वन जंगलको सुरक्षा र वृद्धि विस्तारका लागि श्री ५ को सरकार समक्ष प्रतिवेदन प्रस्तुत गऱ्यो। त्यसमा अन्य कुराका अतिरिक्त वन विनाश हुनुको विभिन्न कारणमध्ये प्रमुख कारण व्यापक रुपमा वन क्षेत्र अतिक्रमण गरी बसोबास गराइनुलाई ठहऱ्यायो र यसका लागि सुकुमबासी समस्याको व्यवहारिक एवं ठोस समाधान हुनपर्ने सुझावका साथै अब उप्रान्त बसोबास गर्न वन क्षेत्रको जग्गा दिन नहुने सुझाव समेत दियो।

८. उपरोक्त सुझावको आधारमा सुकुमबासी समस्या समाधानको लागि सुझाव प्रस्तुत गर्न तत्कालीन श्री ५ को सरकारले आवास तथा भौतिक योजना मन्त्रालयका सचिवको संयोजकत्वमा गठन गरेको समितिले सरकार समक्ष आफ्नो सुझाव सहित प्रतिवेदन प्रस्तुत गर्‍यो। यसै प्रतिवेदनका आधारमा सुकुमबासी समस्या समाधान आयोग वा यस्तै नामका संरचना मार्फत सुकुमबासी समस्या समाधान गर्ने प्रयास थालियो। यसै सन्दर्भमा गठन गरिएका आयोगहरुको विवरण देहायवमोजिम छ:

८.१. श्री ५ को सरकारको २०४७।१२।१८ को निर्णय अनुसार माननीय आवास तथा भौतिक योजना मन्त्रीज्यूको अध्यक्षतामा सुकुमबासी समस्या समाधान सम्बन्धी एउटा केन्द्रीय समन्वय समिति गठन गर्‍यो जसमा वन, भूमि सुधार, गृह, श्रम, उद्योग र अर्थमन्त्री सदस्य एवं आवास तथा भौतिक सचिव सदस्य सचिवमा तोकियो। यस समितिले सदरमुकाम क्षेत्र, वगर क्षेत्र, राजमार्ग, औद्योगिक क्षेत्र, आयोजनाहरु संचालन भएका क्षेत्रहरुको नजिक उपयुक्त सरकारी जग्गामा सुकुमबासीहरुलाई मानवीय दृष्टिकोणले तत्काल राहत पुग्ने गरी तत्काल जीवन यापन गर्नको लागि सुबिधायुक्त घर घडेरीको न्यूनतम वार्षिक शुल्क लिने गरी लिजको रुप जग्गा दिने र त्यस्ता वस्तीमा एकीकृत रुपमा आवास आयोजना तर्जुमा गरी पिउने पानी, विद्यालय, स्वास्थ्य जस्ता आधारभूत सुबिधा उपलब्ध गराई सीप विकास तालीम र वित्तीय संस्थाबाट ऋण प्रबाह गर्ने समेतको जिम्मेवारी सुम्पियो। तर आम चुनाव नजिक आएकोले अरु कार्य चुनावपछि गर्ने र सो

समन्यव समिति अन्तर्गत प्र.जि. अ.को अध्यक्षतामा गठित जिल्ला समितिले तराइका जिल्लाहरुमा सुकुमबासीहरुको लगत लिने कार्यसम्म गर्ने लक्ष राखेको थियो। सैद्धान्तिक एवं नीतिगत रुपमा लिइएका यो निर्णय वन सुरक्षा र सुकुमबासी समस्याको समाधानका लागि ज्यादै व्यवहारिक र उपयोगी देखिएको थियो।

८.२. वि.स. २०४८ को आमचुनावमा नेपाली काग्रेस विजयी भै सरकार गठन गऱ्यो। नवगठित प्रतिनिधि सभामा सत्तापक्षबाट र प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) समेतका तर्फबाट सुकुमबासी समस्या समाधानका बारेमा भएको व्यापक वहस र छलफल पश्चात् श्री ५ को सरकारको मिति २०४८।८।९ को निर्णय अनुसार साविकको समन्वय समितिको स्थानमा २१ सदस्यीय सुकुमबासी समस्या समाधान आयोग गठन भयो।

| | | |
|---|---|---|
| १. | आवास तथा भौतिक योजना मन्त्री | - अध्यक्ष |
| २. | भूमि सुधार तथा व्यवस्था मन्त्री | - सदस्य |
| ३. | वन तथा वातावरण मन्त्री | - सदस्य |
| ४. | सांसद श्री हरिप्रसाद चौधरी दाङ | - सदस्य |
| ५. | सांसद श्री हरिप्रसाद राय सप्तरी | - सदस्य |
| ६. | सांसद श्री सुशिल कोइराला बाँके | - सदस्य |
| ७. | सांसद श्री हर्क बहादुर चोख्याल कैलाली | - सदस्य |
| ८. | सचिव, वन तथा वातावरण मन्त्रालय | - सदस्य |
| ९. | सचिव, कानून, न्याय तथ संसदीय व्यवस्था मन्त्रालय | - सदस्य |
| १०. | सचिव गृह मन्त्रालय | - सदस्य |
| ११. | सचिव भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य |

१२. महानिर्देशक गोकुल राज पाण्डे, वन विभाग - सदस्य
१३. सह सचिव, श्री माधव भक्त माथेमा,
आवास तथा भौतिक योजना मन्त्रालय - सदस्य
१४. गोविन्द रघुवंशी, मालपोत विभाग - सदस्य
१५. श्री डम्बर बहादुर स्वार अछाम - सदस्य
१६. श्री पृथ्वीमान गुरुङ, चितवन - सदस्य
१७. श्री गोपाल राई दिक्तेल - सदस्य
१८. श्री जगन्नाथ पुर्वे सिराहा - सदस्य
१९. श्री श्याम बहादुर केसी भक्तपुर - सदस्य
२०. श्री दिल बहादुर घर्ती लमजुङ - सदस्य
२१. सचिव आवास तथा भौतिक योजना मन्त्रालय - सदस्य सचिव

यस आयोगले सर्वप्रथम आफ्ना १० जना सदस्यहरुको टोली बनाई तराई र भित्री मधेश लगायतका २५ जिल्लामा वन अतिक्रमित क्षेत्र र सुकुमबासी समस्या सम्बन्धमा अध्ययन गर्न खटायो। यस टोलीले वास्तविक सुकुमबासीहरुको सट्टा व्यापक रुपमा नक्कली सुकुमबासीहरुले समेत ऐलानी र वन क्षेत्र समेत कब्जा गरी आफ्ना स्वार्थ सिद्ध गरी रहेको र यसको छानबीन कडाइका साथ गर्नुपर्ने प्रतिवेदन पेश गऱ्यो। प्रतिवेदन वमोजिम यस आयोगले आयोगकै अध्यक्ष र सदस्यहरु रहेको ९ सदस्यीय निर्देशन समिति गठन गरी त्यसलाई केन्द्रमा कार्य सञ्चालन गर्ने जिम्मा दिई जिल्ला जिल्लामा आयोगका केन्द्रीय सदस्य खटाई तिनै सदस्यको अध्यक्षतामा जिल्ला सहयोग समिति गठन गरी वास्तविक सुकुमबासी छानविन गरी जग्गा दर्ता र वितरण गर्ने नीतिगत निर्णय लिए पनि यसले सुकुमबासीलाई बसोबास गराउने

र जग्गा वितरण गर्ने कुनै कार्य गर्न सकेन। **यस आयोगको गठन आदेश अनुसूची १ मा संलग्न छ।**

८.३. तत्पश्चात् श्री ५ को सरकारको मिति २०४९।९।१ को निर्णय अनुसार सुकुमबासी समस्या समाधान आयोगको निम्नानुसार पुनर्गठन गरी नयाँ काम, कर्तव्य र अधिकार समेत तोकियो:

१. माननीय सांसद सुश्री शैलजा आचार्य - अध्यक्ष
२. सांसद टेक बहादुर चोख्याल - सदस्य
३. सचिव, आवास तथा भौतिक योजना मन्त्रालय - सदस्य
४. सचिव, गृह मन्त्रालय - सदस्य
५. सचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य
६. सचिव, भूमि सुधार तथा व्यवस्था मन्त्रालय - सदस्य
७. सचिव, कानून, न्याय तथा संसदीय
८. व्यवस्था मन्त्रालय - सदस्य
९. विशिष्ट श्रेणीका अधिकृत श्री बबन प्रसाद कायस्थ - सदस्य सचिव

उपरोक्त आयोगमा अध्यक्षबाट एकजना सदस्य नियुक्त गर्न सक्ने प्रावधान अन्तर्गत पछि माननीय सांसद श्री राजेन्द्रबहादुर शाहलाई सदस्यमा नियुक्ति गरियो।

सो आयोगलाई सुकुमबासीको नाममा अव्यवस्थित रुपमा बसोबास गरिरहेका र भूमिहीन निःसहाय परिवारहरुलाई योजनावद्ध रुपमा बसोबास गराउन र विगत वर्षहरुमा राजनीतिक पीडित, दैवि प्रकोप पीडित जस्ता आधारमा जग्गा उपलब्ध गराई बसोबास गराउने भनी श्री ५ को सरकार (म.

प.) को निर्णयलाई कार्यान्वयन गर्न बाँकि रहेका काम सम्पन्न गराउने कार्यको जिम्मेवारी सुम्पियो र सो जिम्मेवारी कार्यान्वयनका लागि आयोग र आयोगका अध्यक्षलाई निम्नानुसार अधिकार समेत प्रदान गरियो।

१. आयोगलाई सुम्पिएको जिम्मेवारी:

(क) श्री ५ को सरकार (म. प.) को मिति २०४८।१२।१० को निर्णय अनुसार निर्देशित सरकारी जग्गाहरु सम्बन्धित निकायबाट प्राप्त गरी वितरण गर्ने।

(ख) निर्दिष्ट जग्गामा सुकुमबासी बसोबास गराउने र जग्गा वितरण गर्ने सम्बन्धमा नगर विकास योजना तथा ग्रामिण आवास तथा वस्ती विकास कम्पनीले संचालन गरेको योजनाहरुमा समन्वय ल्याउन आयोगले आवश्यक निर्देशन दिने।

(ग) आयोगले आफ्नो कामको सिलसिलामा दिएको आदेश निर्देशन (न्यायपालिका र शाही नेपाली सेना वाहेक) अविलम्व कार्यान्वयन गर्न गराउन सम्बन्धित मन्त्रालयले आफ्ना मातहतका कार्यालयहरुलाई निर्देशन दिने।

(घ) विगतका वन क्षेत्र सुदृढीकरण आयोग, बसोबास समिति, पुनर्वास कम्पनी ग्रामिण आवास तथ वस्ती विकास कम्पनी जस्ता निकायले अनियमित गरेकालाई नियमित गर्ने।

(ङ) जग्गा वितरण गर्दा जग्गाको मूल्य र हद (क्षेत्रफल) निर्धारण गर्ने।

(च) जिल्ला समितिको काम, कर्तव्य अधिकार र सुविधा तोक्ने।

(छ) आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्ने।

२. आयोगको अध्यक्षलाई सुम्पिएको जिम्मेवारी:

(ज) जग्गा नाम जाँच ऐन २०१९को दफा ३ को प्रयोजनको लागि जग्गा नाप जाँच नियमावली २०३२को नियम ३, ७, ८, र १२ बमोजिमको अधिकारीको अधिकारहरु र जग्गा नाप जाँच अधिकारहरु र जग्गा नाप जाँच ऐन २०१९को दफा (ख) बमोजिम समितिको अधिकार।

(झ) मालपोत ऐन २०३४ को दफा २४ (४), २९ र ३० बाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालयलाई भएको अधिकार।

(ञ) मालपोत ऐन २०३४ को दफा २६ (१), र मालपोत नियमावली २०३६को नियम १६ (१) को समितिको अधिकार।

(ट) स्थानीय प्रशासन ऐन २०२८ को दफा ५ (क) र ५ (ख) अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार।

(ठ) वन ऐन २०१८ को दफा ३, ३(क) र ४ बमोजिमको अधिकार र

(ड) आयोगको जिल्ला समिति, निर्वाचन क्षेत्रीय समिति र स्थलगत सहयोग समिति गठन गर्ने अधिकार।

उपयुक्त लेखिए बाहेक आयोगको एउटा छुट्टै सचिवालयको व्यवस्था गरी त्यसलाई आयोगको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी समेत सुम्पियो र आयोगले श्री ५ को सरकारसँग सम्पर्क राख्दा आवास तथा भौतिक योजना मन्त्रालय मार्फत् राख्नु पर्ने व्यवस्था समेत उक्त निर्णयबाट गरियो।

यो आयोगले परिशिष्ट १ मा लेखिए अनुसार तराई र भित्री मधेश लगायतका जिल्लामा जिल्ला समिति गठन गरी त्यस जिल्ला समितिलाई जग्गाको मूल्य एवं क्षेत्रफलको हद तोक्ने र जग्गा नापजाँच दर्ता गर्ने सम्बन्धी अधिकार बाहेक सुकुमबासीलाई वितरण गर्ने जग्गाको थलो पहिचान गर्ने, छुट्याउने, सुकुमबासी र अव्यवस्थित बसोबासीको लगत संकलन, छानविन, पहिचान गर्ने जस्ता अधिकार र जिम्मेवारी सुम्पियो। सो बाहेक अन्य कार्य आयोगको केन्द्रीय अध्यक्ष र केन्द्रले खटाएका केन्द्रीय सदस्य नै जिल्लामा खटिई आफ्नो रेखदेख निर्देशनमा कार्य सम्पादन गऱ्यो। त्यस आयोगले वर्दिया जिल्लामा ठूलो मात्रामा वन क्षेत्रभित्र वर्षौं देखि बसोबास गर्दै आएका सुकुमबासी र अव्यवस्थित बसोबासीहरुको घरबास सहितको बस्ती उठाई खाली गराई त्यहाँ पुनः वन लगाउने र वस्तीका सुकुमबासीहरुलाई अन्यत्र सार्ने उठाउने कार्य गऱ्यो। तर उठाइएका सुकुमबासीलाई अन्य सुरक्षित र उपयोगी स्थानमा बसोबास गराउने कार्य पूर्णरुपमा सम्पन्न गराउन सकेन र त्यसले थप समस्या उब्जायो।

सुश्री शैलजा आचार्यको अध्यक्षता कार्यकालको दुई वर्षभित्र यो आयोगले जम्मा २,६३,७३८,जना सुकुमबासी र अव्यवस्थित बसोबासीको निवेदन लगत संकलन गरेको थियो।संकलित लगत मध्ये जम्मा ५४,१७० को छानविन र पहिचान गरी १०,२७८ जना सुकुमबासीलाई बसोबासको अस्थाई निस्सा दिएको थियो। अस्थायी निस्सा पाएका मध्ये जम्मा १,२७८ जना सुकुमबासी

परिवारलाई जग्गा वितरण र दर्ता गरी जग्गाधनी प्रमाण पुर्जा वितरण गरेको थियो।

त्यसबाहेक उक्त कार्यकाल भित्रै मकवानपुर, रौतहट र सर्लाहीका वाढी पीडितहरुलाई बसोबास गराउन ताइवानको बौद्धिष्ट चुचे फाउण्डेसन संस्थाले बनाइदिने १८०० घरहरुका लागि जग्गाको बन्दोबस्त गरिदियो। त्यसै गरी सोही अवधिमा आवास तथा भौतिक योजना मन्त्रालयका सचिव संयोजक रहेको तीन सदस्यीय समिति गठन गरी सो समितिबाट भूमिहीन आवास कार्यक्रम समेत तर्जुमा गराइएको थियो।

८.४. २०५१ सालको मध्यावधि चुनावबाट ने.क.पा. एमालेको नयाँ सरकार गठन भएपछि आयोगको केन्द्रीय अध्यक्ष र केही मनोनित सदस्यहरुको राजीनामा पश्चात् केन्द्रीय पदाधिकारीहरुमा पनि केही फेरबदल भयो। जस अनुसार रिक्त रहेको आयोगको अध्यक्षमा मिति २०५१।८।२९ मा श्री ऋषिराम लुम्सालीलाई र रिक्त रहेका दुइजना केन्द्रीय सदस्यमा पछि क्रमशः श्री पशुपति चौलागाई र श्री बलबहादुर डगौरालाई नियुक्ति गरियो। **उक्त आदेश अनुसूची २ मा संलग्न छ।**

साथै रिक्त सदस्य सचिवमा श्री कमलप्रसाद मलेगोलाई नियुक्ति गरियो। यसरी नयाँ सरकारको गठन साथै भएको केन्द्रीय आयोगका पदाधिकारीहरुको नयाँ नियुक्ति पश्चात आयोगले श्री ५ को सरकारको नीति तथा कार्यक्रममा लक्षित वर्ग सुकुमबासीप्रति व्यक्त गरेको राजनैतिक प्रतिबद्धतालाई मध्यनजर गर्दै बढो उत्साह, नयाँ जोश र

जाँगर साथ देशको अति सम्वेदनशील सुकुमबासी समस्या समाधान गर्ने आफ्नो उद्देश्य प्राप्तिलाई लक्ष्य गर्दै सक्रियता साथ अघि बढ्यो। आयोग सक्रियतासाथ लागि परे पनि कार्यान्वयनका क्रममा सामना गर्नुपरेका विभिन्न, आर्थिक, भौतिक, प्रशासनिक एवं कानूनी कठिनाई लगायतका समस्याहरुले गर्दा वाञ्छित रुपमा लक्ष्यमा पुग्न असहज भएको देखियो। कार्य सम्पादनमा आइपरेका असहजताहरुको निराकरणको लागि आयोगको गठन, काम, कर्तव्य र अधिकारमा सामयिक सुधार गर्न आयोगले श्री ५ को सरकार समक्ष सुझाव प्रस्ताव गर्नुका साथै अत्यावश्यक आर्थिक र भौतिक श्रोत साधनको माग समेत गऱ्यो। तत्पश्चात् साविकको अधिकारमा केही कटौती, केही अधिकार यथावतै र केही थप अधिकार सहित आयोगको गठन, काम कर्तव्य र अधिकार सम्बन्धमा श्री ५ को सरकारबाट मिति २०५२।२।१९ को निर्णयबाट निम्नानुसार नयाँ व्यवस्था भयो।

साविकको आयोग गठन सम्बन्धी निर्णयमा सुश्री शैलजा आचार्यको अध्यक्षतामा गठित सुकुमबासी समस्या समाधान आयोगमा निम्नानुसार सदस्य र काम, कर्तव्य र अधिकार तोक्ने भनी सदस्यहरुको नाम समेत उल्लेख गरी अध्यक्षको अस्तित्वसँग आयोगको अस्तित्व निर्भर रहने जस्तो व्यवस्था भएकोमा उक्त नयाँ व्यवस्थाअनुसार आयोगका अध्यक्ष र केही सदस्य, सदस्य सचिव समेत श्री ५को सरकारले नियुक्ति गर्ने, एकजना सदस्य, अध्यक्षले नियुक्ति गर्ने र साविकको पाँचजना सचिव पदेन सदस्य हुनेमा त्यसमा क्रमशः सचिव निर्माण तथा यातायात मन्त्रालय, सचिव स्थानीय विकास मन्त्रालय, सचिव श्रम मन्त्रालय र सचिव शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय

समेत पदेन सदस्य चार जना थप गरी जम्मा १३ सदस्यीय आयोग गठन गर्ने व्यवस्था भयो। यसले आयोगको गठन विधिकै स्थान लिएको छ।

आयोगको छुट्टै सचिवालय रहने र आयोगको सदस्य सचिव सचिवालयको प्रमुख हुने व्यवस्था गर्नुका साथै निजलाई आयोगको निर्णय कार्यान्वयन गर्ने लगायत आयोगको अन्य कार्य सम्पादन गर्ने जिम्मेवारी समेत सुम्पिएको छ।

आयोगको काम कर्तव्य र अधिकारमा सुकुमबासी तथा बसोबास समस्या समाधान गर्ने क्रममा निम्न लिखित जग्गाहरु सम्बन्धित निकायबाट प्राप्त गरी वितरण गरी दर्ता गर्न गराउन सक्ने अधिकार प्रदान गरेको छ।

- भूमि सम्बन्धी ऐन २०२१ बमोजिम तोकिएका अधिकतम हदभन्दा बढी भई प्राप्त वा जफत गरिएको जग्गा।
- भूमि सम्बन्धी ऐन २०२१को दफा १२ बमोजिम श्री ५ को सरकारले खास प्रयोजनका लागि भनी अधिकतम हदभन्दा बढी जग्गा राख्ने छूट दिएकोमा त्यस्तो छूट पाउने संस्था, उद्योग वा फर्मले त्यस्तो जग्गा घोषित प्रयोजनमा नलगाई अन्य प्रयोजनमा लगाएबाट कानून बमोजिम फिर्ता लिएको वा जफत गरिएको जग्गा।
- मालपोत विभाग वा मालपोत कार्यालय मातहतमा रहेको सरकारी अमानती जग्गा।
- बसोबास कार्यक्रमलाई छुटयाइ पुनर्वास कम्पनीलाइ दिएको तर वितरण तथा दर्ता चाँहि नभई सकेको जग्गा।

- विभिन्न विकास आयोजनाहरुलाई उपलब्ध गराइएको जग्गामध्ये त्यस्तो आयोजनाको निमित्त बढी भएको वा प्रयोग नै नभएको जग्गा।
- नदी नियन्त्रण कार्य संचालन भै जग्गा प्राप्त भएकोमा ग्रीन बेल्ट छुट्याई बाँकी रहेको उकास जग्गा।
- सरकारी ऐलानी जग्गा र सरकारी ऐलानी जग्गामा रहेका गाउँ ब्लक।
- निजी नम्बरी जग्गा, सरकारी वा सार्वजनिक जग्गामा मिसाई पर्ती मिची घुसाई खाएकोमा सरकारी वा सार्वजनिक जति छुट्याई झिकी प्राप्त भएको जग्गा।
- श्री ५ को सरकार, सरकारी कार्यालय र विभिन्न सरकारी निकाय वा अदालत समेतबाट जफत गरिएका वा आफ्नो स्वामित्मा लिइएका जग्गा।
- आयोगको उद्देश्य कार्यान्वयन गर्नका लागि श्री ५को सरकारले सुकुमबासीलाई वितरण गर्ने भनी उपलब्ध गराई दिएको जग्गा।

साविकमा आयोगलाई आवश्यक कर्मचारी, विभिन्न सरकारी निकायबाट काजमा लिने व्यवस्था भएकोमा त्यसरी काजमा उपलब्ध नभए आवश्यक कर्मचारी आयोगले श्री ५ को सरकारको स्वीकृति लिई अस्थायी, करार र ज्यालादारीमा नियुक्त गर्ने नयाँ व्यवस्था भयो। मालपोत ऐन २०३४को दफा २४ दफा २९ र ३० बमोजिम मालपोत कार्यालय, मालपोत अधिकृतलाई प्राप्त अधिकार र जग्गा नाप

जाँच ऐन २०१९ को दफा ११ (ख) बमोजिम समितिको अधिकार समेत आयोगलाई प्रदान गरियो।

विगतमा वन सुदृढीकरण आयोग, बसोबास समिति, पुनर्वास कम्पनी, झोरा सम्बन्धी आयोग र समिति जस्ता निकायले सुकुमबासी एवं अव्यवस्थित बसोबासीहरुलाई जग्गा दर्ता गरी दिने सम्बन्धमा बाँकी रहेका कार्य सम्पन्न गर्न निम्न अनुसारका थप नयाँ अधिकार प्रदान गरियो।

- वन ऐन २०१८ खारेज भएकोले साबिकमा दिएको वन ऐन २०१८ कोदफा ३, ३क, र ४को सट्टामा वन ऐन २०४९ को दफा ३ र ४ को अधिकार,
- भूमिसम्बन्धी ऐन २०२१को दफा २१, २१क, २२, २३, २४क को प्रयोजनको लागि भूमि सुधार नियमहरु २०२१को नियम २२ अनुसार तोकिएको अधिकारीको अधिकार,
- झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन २०२८ को दफा ४, ५, ७, र ८को प्रयोजनको लागि श्री ५ को सरकारले तोकिएको अधिकारीको अधिकार र झोरा क्षेत्रको जग्गा सम्बन्धी नियमावली २०२८को नियम ८ अनुसार भूमि प्रशासकलाई भएको अधिकार।

**अध्यक्षलाई साविकमा प्राप्त निम्न अधिकार झिकियो:**

- मालपोत ऐन २०३४ को दफा २६ (१) को अधिकार बाहेक सो ऐन बमोजिम प्राप्त अन्य अधिकारहरु।
- जग्गा नाप जाँच ऐन २०१९ को दफा ११ (ख) अनुसार समितिको अधिकार (यो अधिकार आयोगलाई सुम्पेको)।

- स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ क र ६ ख अनुसार प्र जि. अ. को अधिकार।

त्यस बाहेक सुकुमबासीहरुलाई बसोबास गराउने सम्बन्धमा नगर विकास योजना तथा ग्रामिण आवास तथा वस्ती विकास कम्पनीले संचालन गरेको योजनाहरुमा समन्वय ल्याउन आवश्यक निर्देशन दिन सक्ने आयोगलाई प्राप्त अधिकार पनि झिकियो।

उपरोक्त नयाँ व्यवस्थाबाट उत्पन्न समस्यालाई हल गर्न, आवश्यक केही थप नयाँ व्यवस्था गर्न र साबिकको निर्णयमा हेरफेर समेत गर्न श्री ५ को सरकार म. प. को मिति २०५२।४।२२ को निर्णयबाट निम्न अनुसारको व्यवस्था भयो :

- आयोगले अत्यावश्यक अस्थायी कर्मचारी नियुक्ति गर्न श्री ५ को सरकारबाट स्वीकृत लिनु नपर्ने,
- आयोगको सम्पर्क मन्त्रालय साविकको आवास तथा भौतिक योजना मन्त्रालयको सट्टामा भूमि सुधार तथा व्यवस्था मन्त्रालयलाई तोकियो र,
- सदस्य–सचिवलाई प्रशासकीय अधिकारीको काम, कर्तव्य र अधिकार सम्बन्धी नियमहरु २०४२ को नियम ३ को अधिकार र आर्थिक प्रशासन सम्बन्धी नियमहरु २०४२ अनुसार सचिवको अधिकार समेत प्रदान गरियो।

**२०५१।८।२९ पश्चात आयोगबाट भएका कार्यहरुः–**

उपरोक्त लेखिए अनुसार सुम्पिएका जिम्मेवारी तथा प्रदान गरेका अधिकार र उपलब्ध गराइएका समिति, आर्थिक स्रोत र अन्य भौतिक साधनबाट २०५१ साल मार्ग २९ गतेदेखि २०५२ साल भाद्र २२

सम्मको नौ महिनाको अवधिमा गरेका कार्य निम्न अनुसार छन् :–

**क.आयोगका जिल्ला समितिहरुको पुनर्गठनः**

श्री ऋषिराज लुम्साली आयोगको अध्यक्षमा नियुक्त हुनु भएपछि परिशिष्ठ १ मा उल्लिखित २१ जिल्लाका आयोगमा नयाँ अध्यक्षहरु नियुक्त गरिए। त्यसपछि विभिन्न मितिमा थप जिल्लाहरुमा जिल्ला समितिहरु गठन हुँदै गए। जस अनुसार मुस्ताङ, मनाङ र सोलुखुम्बु बाहेक अधिराज्यका ७२ जिल्लामा आयोगको जिल्ला समितिहरु गठन भए। त्यसमध्ये कतिपय दुई जिल्लाका लागि एउटै अध्यक्ष र एउटै कार्यालयको व्यवस्था भएकोले जम्मा ५४ अध्यक्ष र त्यति नै कार्यालयहरु स्थापना गरिए। बाँकी जिल्लामा सम्पर्क कार्यालयको व्यवस्था भयो। यी सबैको विवरण परिशिष्ट ३ मा दिइएको छ।

**ख.अधिकार प्रत्यायोजन र कार्यविधि** :

केन्द्रीय अध्यक्षलाई प्राप्त जग्गा नाप जाँच दर्ता गर्ने सम्बन्धी सबै कानूनी अधिकार जिल्ला समितिका अध्यक्षहरुलाई प्रत्यायोजन गर्नुका साथै केन्द्रीय आयोगमा रहेको जग्गा वितरण गर्दा मूल्य र क्षेत्रफल निर्धारण गर्ने अधिकार पनि केन्द्रीय अध्यक्षको स्वीकृतिमा जिल्ला समितिले निर्धारण गरी कार्यान्वयन गराउन पाउने गरी प्रत्यायोजन गरियो। त्यस्तै पुराना कम्पनी, समिति र आयोगहरुबाट भएका अनियमित कार्य नियमित गराउने र बाँकी कार्यसम्पादन गर्ने आयोगको अधिकार पनि अध्यक्ष र सदस्य सचिवको स्वीकृतिबाट जिल्ला समितिले कार्यान्वयन गर्ने गरी प्रत्यायोजन गरियो। जिल्ला समितिलाई आयोगबाट भएका

विभिन्न निर्णय अनुसार सुकुमबासी छानविन र जग्गा वितरण दर्ता कार्यविधि तोकी निर्देशनहरु दिइयो। त्यसमध्ये जग्गा दर्ता वितरणको लागि प्राथमिकता क्रम र जग्गाको मूल्य तथा हद क्षेत्रफल निर्धारण सम्बन्धमा भएको निर्देशन यस प्रकार छ :–

**प्राथामिकता क्रम**

- सुकुमबासी र कमैया
- वाढी पहिरो पीडित
- अव्यवस्थित बसोबास
- सट्टाभर्ना राजनैतिक पीडित लगायत सरकारी निर्णय अनुसार जग्गा दिनुपर्ने
- पुराना कम्पनी, समिति र आयोग सामेतले बाँकी राखेका जग्गा दर्ता वितरण सम्बन्धी कार्यको फछ्यौट

**मूल्य र क्षेत्रफलको अधिकतम हद**

- शहरी क्षेत्रमा आवासका लागि अधिकतम २ कठ्ठा
- ग्रामीण क्षेत्रमा कृषिका लागि अधिकतम १–१०–० एक विघा दस कठ्ठा
- मूल्यका हकमा सुकुमबासीलाई निःशुल्क
- अन्यलाई जग्गाको प्रचलित मूल्यबाट निम्न वर्गलाई ५ प्रतिशत, मध्यम वर्गलाई १० प्रतिशत र अन्य
- लाई ५० प्रतिशत मूल्य लिने
- पाँच रोपनी वा १० कठ्ठा सम्म जमिन हुने निम्न वर्ग, २५ रोपनी वा विघा १–१०–० सम्म जग्गा

हुने मध्यम वर्ग र त्यसदेखि बढी हुने अन्य वर्ग गरी मूल्य निर्धारण प्रयोजनका लागि वर्ग तोकिए।

## ग. जिल्ला समितिहरुबाट भएका जग्गा वितरण दर्ता सम्बन्धी कार्य

सुकुमबासी र अव्यवस्थित बासोबासको समस्या समाधान गर्ने प्रयोजनका लागि आयोगले प्राप्त गरेका तोकिएको श्रोत भित्रका जग्गा निश्चित प्रकृयाबाट छानविन र ठहर पहिचान भएका बास्तविक सुकुमबासी एवं अब्यवस्थित बसोबfसीलाई नापनक्सा गरी कित्ताकाट गरी दर्ता गरी जग्गा धनी दर्ता प्रमाण पूर्जा दिनु नै आयोगको मुख्य जिम्मेवारी भएकोले सो कार्य निर्धारित कानूनी प्रक्रिया अन्तर्गत विभिन्न चरणमा सम्पन्न गरी ९ महिनाको अवधिमा यस आयोगले २४,४७० सुकुमबासी, २४०५२ अव्यवस्थित, १९५ कमैया, ३३०२ बाढीपहिरो पीडित र विवरण नखुलेको ६३२१ गरी ५८३४० परिवारलाई २१९७४–१५–१ विघा र ९४६०–३–०–१ रोपनी जग्गा वितरण गरेको थियो।

## घ. काठमाडौ उपत्यकाको अध्ययन सर्वेक्षण

देशको राजधानी रहेको काठमाण्डौं उपत्यकामा पनि सुकुमबासी तथा अव्यवस्थित बसोबासीका समस्या नभएका होइन तर यहाँको स्थिति र अन्य जिल्लाहरुको स्थितिमा केही फरक भएकोले काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका लागि गठन भएको आयोगका जिल्ला समितिलाई उपत्यका भित्रका सुकुमबासी र अव्यवस्थित बसोबासीहरुको लगत संकलन गरी छानविन पहिचान ठहर गर्ने तथा यहाँको विशेष समस्याको पहिचान गर्ने र

समाधानका उपाय समेत पत्ता लगाई प्रतिवेदन पेश गर्ने जिम्मेवारी सुम्पिएको थियो।

यो जिल्ला समितिले आफ्नो प्रतिवेदन २०५२ भाद्र २२ गते बुझायो जस अनुसार २,५१० सुकुमबासी र २,७२८ अव्यवस्थित बसोबासी समेत गरी जम्मा ५,२३८ रहेको र यसमध्ये पुतुवार, पोडे, च्यामे जस्ता उत्पीडित स्थानीय आदिवासीको संख्या ७४९ रहेको र उपत्यका बाहिरबाट आएकाको संख्या १,९२७ रहेको समेत उल्लेख छ। समस्या समाधान गर्ने सम्बन्धमा प्रतिवेदनमा भनिएको छ शहरी क्षेत्रमा नयाँ बसोबास गराउन नहुने, ग्रामीण क्षेत्रमा घडेरी उपलब्ध गराउनु पर्ने, फ्ल्याट सिस्टमको घर निर्माण गरी आवासको सुव्यवस्था गर्नुपर्ने, खाते बालकहरुका लागि बाल आश्रम वा बाल केन्द्र बनाउनु पर्ने र नापी दर्ता नभएका गाउँ ब्लकको समस्या र अव्यवस्थित बसोबासको समस्या हल गर्दै जानु पर्छ। यो प्रतिवेदन कार्यान्वयनका लागि विचाराधीन अवस्थामा छ।

८.५. श्री ५ को सरकारको मिति २०५२।९।२० र २०५३।१।३ को निर्णयानुसार नेपाल अधिराज्य भित्र रहेका सुकुमबासी र अव्यवस्थित वसोबासीलाई योजनावद्धरुपमा वसाउन र विगत वर्षहरुमा जग्गा उपलव्ध गराउने भनी श्री ५ को सरकार (म.प.) को निर्णय भै कार्यान्वयन गर्न बाँकी रहेका कार्य सम्पादन गर्न गराउन देहायवमोजिमको सुकुमबासी समस्या समाधान आयोग गठन गरी आयोगको काम कर्तव्य र अधिकार समेत देहायवमोजिम तोकेको छ भनी नेपाल राजपत्र भाग ४ खण्ड ४६, अतिरिक्ताङ्क ६ ख मिति

२०५३।१।२४मा प्रकाशित भएको । सोही राजपत्रमा प्रकाशित सूचना नं २ मा सुकुमबासी समस्या समाधान आयोगको काम हाललाई भूमिसुधार तथा व्यवस्था मन्त्रीले गर्ने गरी तोकिएको। उक्त गठन आदेश **अनुसूची ३ मा संलग्न गरिएको छ।** खण्ड ४६, अतिरिक्ताङ्क ६ ख मिति २०५३।१।२४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित सुकुमबासी समस्या समाधान आयोगको कार्यावधि काम प्रारम्भ भएको मितिले एक वर्ष तोकिएकोमा श्री ५ को सरकारको मिति २०५४।१।२६ को निर्णयानुसार उक्त अवधि समाप्त भएको मितिले अर्को व्यवस्था नभएसम्मको लागि उक्त आयोगको कार्यावधि थप गरिएको छ भनी खण्ड ४७,काठमाण्डौ, वैशाख २६ गते २०५४ साल पूर्वातिरिक्ताङ्क ६ क नेपाल राजपत्र भाग ४ मा प्रकाशित भएको। उक्त **आदेश अनुसूची ४ मा संलग्न गरिएको छ।**

आयोगको कार्यावधि थप भएपछि सुकुमबासी समस्या समाधान आयोगको गठन काम कर्तव्य र अधिकार सम्वन्धी खण्ड ४६, अतिरिक्ताङ्क ६ (ख) मिति २०५३।१।२४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा ३ को उपदफा (५) वमोजिमको उपसमितिलाई उक्त सूचनाको दफा ४ वमोजिम प्राप्त अधिकारहरु जग्गा दर्ता गर्ने प्रयोजनका लागि सोही सूचनाको दफा ७ को उपदफा (१) वमोजिम गठित सुकुमबासी समस्या समाधान समितिलाई प्रत्यायोजन गर्नुका साथै उक्त सूचनाको दफा ७ को उपदफा (३) र दफा ८ वमोजिम सुकुमबासी वा अव्यवस्थित वसोबासीको पहिचान गरी जग्गा वितरण गर्ने वा उपलव्ध गराउने

सन्दर्भमा निर्णय गर्ने अधिकार समेत सोही समितिलाई प्रदान गर्ने गरी श्री ५ को सरकारले मिति २०५४।८।९ मा निर्णय गरेको। उक्त **सूचना अनुसूची ५ मा संलग्न गरिएको छ**। २०५२।९।२० मा गठन भएको यस आयोगमा भूमिसुधार तथा व्यवस्था मन्त्री बुद्धिमान तामाङको अध्यक्षतामा ७ सदस्यीय, २०५४।२।२१ मा सुश्री चन्दा शाहको अध्यक्षतामा ७ सदस्यीय र पुन २०५४ सालमा भूमिसुधार तथा व्यवस्था मन्त्री बुद्धिमान तामाङको अध्यक्षतामा आयोगको पुनर्गठन गरिएको थियो। यस आयोगमा १३ सदस्य रहेका थिए। यी आयोगहरुले ८८६ (सुकुमबासी वा अव्यवस्थित नखुलेको) परिवारलाई ३५२–१२–१८ विघा जग्गा वितरण गरेका थिए।

८.६.मिति २०५४।८।९ मा अधिकार प्रत्यायोजन सम्वन्धी निर्णय गरेपनि यसको परिणाम नदेखिदैं मिति २०५५साल असार १ गते श्री तारिणी दत्त चटौतलाई आयोगको अध्यक्ष, दुइजना उपाध्यक्ष र प्रत्येक विकास क्षेत्रबाट एक एक जना सदस्य गरी कुल आठ सदस्यीय आयोग गठन गरेको छ। सूचनामा आयोगको केन्द्रीय स्तरको समितिलाई विघटन गरिएको भनिएता पनि यसलाई पुरानो आयोग भंग गरी नयाँ आयोग गठन भएको मान्नु पर्ने देखिन्छ। श्री ५ को सरकारले मिति २०५५।३।१ मा गरेको उक्त निर्णय सम्वन्धी **सूचना अनुसूची ६ मा संलग्न गरिएको छ**। यस सूचनासंग आयोगको कार्यनीति (अनुसूची) पनि स्वीकृत गरिएको थियो। स्वीकृत **कार्यनीति अनुसूची ७ मा संलग्न गरिएको** छ। आयोग गठनका वेला स्वीकृत गरिएको सुकुमबासी समस्या समाधान आयोगको गठन काम कर्तव्य अधिकार सम्वन्धी

(कार्यनीति) भनिएको यस दस्तावेजलाई मिति २०५५।३।२९, मिति २०५५।४।४, मिति २०५५।४।११ र मिति २०५५।५।१ मा गरी चारपटक संशोधन गरिएको थियो। यी संशोधित कार्यनीतिहरुलाई क्रमशः **<u>अनुसूची ७(क), ७(ख), ७(ग) र ७(घ) मा संलग्न गरिएको</u>** छ। तारिणीदत्त चटौतको अध्यक्षतामा गठित यस आयोगमा परेका २,६१,६१९ निवेदनमा ८,६६६ सुकुमबासी, १९,६१३ अव्यवस्थित र ३,७१६ विवरण नखुलेको परिवारलाई ७०३६–१९–१ विघा जग्गा वितरण गरिएको पाईन्छ।

८.७. तत्कालीन श्री ५को सरकारले खण्ड ४९ काठमाण्डौ मंशिर १६ गते २०५६ साल, अतिरिक्ताङ्क ३३ (ख) नेपाल राजपत्र भाग ३ मा सूचना प्रकाशित गरी विभागीय मन्त्री भूमि सुधार तथा व्यवस्था मन्त्रालयको अध्यक्षतामा दुइ जना उपाध्यक्ष, सात जना सदस्य, आठजना विभिन्न मन्त्रालयका सचिव र श्री ५ को सरकारले तोकेको राजपत्रांकित विशिष्ठ श्रेणीको अधिकृत सदस्य सचिव रहने गरी वीस सदस्यीय आयोग गठन गर्‍यो।यस आयोगको गठन विधि र आयोगको काम कर्तव्य र अधिकार सम्वन्धी राजपत्रमा प्रकाशित सूचना **<u>अनुसूची ८ मा संलग्न गरिएको</u>** छ।यस आदेशमा पहिलो पटक मिति २०५७।४।२ र दोस्रो पटक मिति २०५७।१२।१४ मा संशोधन गरिएको थियो। संशोधन गर्दा अव्यवस्थित वसोबासीको परिभाषा, आयोगको गठन विधि, आयोगको काम कर्तव्य र अधिकार, जिल्ला समितिको गठन विधिमा व्यापक परिमार्जन गरिएको र कर्मचारी सम्वन्धी व्यवस्था, पारिश्रमिक, वैठक भत्ता, दैनिक भ्रमण भत्ता र अन्य सुविधा तथा बजेट जस्ता नयाँ दफाहरु थप गरिएको

देखिन्छ। संशोधित व्यवस्था सहितको सुकुमबासी समस्या समाधान आयोगको गठन काम कर्तव्य र अधिकार सम्वन्धी कार्यनीति २०५६(संशोधन सहित) **<u>अनुसूची ९ मा संलग्न गरिएको</u>** छ। २०५६।८।१६ मा भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री गंगाधर लम्सालको अध्यक्षतामा १९ सदस्यीय आयोग बनेको थियो। यो आयोग मन्त्री फेरिने क्रमसँगै सदस्यहरु निरन्तर रहेपनि अध्यक्षमा भने क्रमश भूमिसुधार तथा व्यवस्था मन्त्री सिद्धराज ओझा र भूमिसुधार तथा व्यवस्था राज्यमन्त्री मोहम्मद अफताव आलम अध्यक्ष रहेको आयोगले २,७७,१४० निवेदनमध्ये ६,२०२ सुकुमबासी १६,९२०, अव्यवस्थित बसोवासीलाई ९,४५३–१०–७ विघा जग्गा वितरण गरेको थियो।

वि.सं. २०५८ साल आषाढदेखि यता देशको विषम परिस्थिति र माओवादी जनयुद्धका कारण आयोगहरु बन्न सकेनन्। आर्थिक वर्ष ०६२/६३ को संयुक्त जनआन्दोलन र संविधानसभाको निर्वाचनपछि सत्तामा पुगेको एकिकृत नेकपा (माओवादी) को कार्यकालमा पनि पूर्णरुपमा कार्यकारी आयोग बनेन।

८.८. भूमिसुधार तथा व्यवस्था मन्त्री श्री डम्बर श्रेष्ठ र प्रधानमन्त्री श्री माधव कुमार नेपालको विशेष पहलमा नेपाल सरकारले वि.सं. ०६६ मार्ग २४ गते अध्यक्ष, उपाध्यक्षसहित ८ सदस्यीय आयोग गठन गर्ने निर्णय गर्‍यो तर उक्त निर्णयमा आयोगको गठन बाहेक अन्य कार्यहरु मन्त्री परिषदको विधेयक समितिको निर्णय बमोजिम गर्ने भनिएको हुँदा आयोगलाई कार्यदिश (टीओआर) ढिला हुन गयो। भूमिसुधार तथा व्यवस्था मन्त्री र आयोगका अध्यक्ष समेतको पहलमा

वि.सं.०६६ चैत्र ४ गते मात्र आयोगलाई विधेयक समितिको निर्णयबाट कार्यादेश (टीओआर) प्राप्त भयो जसमा अध्यक्ष र उपाध्यक्ष २ जना सहित १० सदस्यीय आयोग रहने व्यवस्था छ। सुकुमबासी समस्या समाधान आयोग २०६६ सम्वन्धी राजपत्रमा प्रकाशित भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना **<u>अनुसूची १० मा संलग्न गरिएको</u>** छ।

सहमति सहकार्य नै देशको वस्तुगत यथार्थ र आवश्यकतालाई मध्यनजर गर्दै सबै राजनीतिक दलहरुलाई समावेश गर्न उपयुक्त हुन्छ भन्ने मान्यता अनुरुप प्रतिपक्षमा बसेको एकीकृत नेकपा (माओवादी) लाई आयोगमा प्रतिनिधित्व गराउन मन्त्री डम्बर श्रेष्ठ र आयोगका अध्यक्ष समेतबाट पटक पटक प्रयत्न गरियो तर प्रतिनिधित्व गराउन सकिएन। उक्त राजनीतिक नियुक्तका १० जना र भूमिसुधार तथा व्यवस्था मन्त्रालय लगायत चारओटा मन्त्रालयका सचिव र आयोगको सदस्य सचिवसमेत रहेको देहायवमोजिम १५ सदस्यीय आयोग रहने व्यवस्था गरेको थियो।

अध्यक्ष - श्री गोपाल मणि गौतम, नेकपा (माले)
उपाध्यक्ष - श्री राम चन्द्र अर्याल (माइकल), नेपाली कांग्रेस
सदस्य - श्री सरेश नेपाल, नेकपा (एमाले)
सदस्य - श्री वासुदेव राना, म. ज. फोरम लोकतान्त्रिक
सदस्य - श्री कृष्ण बहादुर राई, चुरेभावर
सदस्य - श्री फोनीराम चौधरी, नेपाल सदभावना पार्टी
सदस्य - श्री मान प्रसाद लिम्बु, अनुभवी
सदस्य - श्री पशुपतिदयाल मिश्र, तमलोपा
सदस्य - श्री भरत भण्डारी, राष्ट्रिय जनमोर्चा नेपाल

सदस्य - श्री विकल प्रजापति, नेपाल मजदुर किसान पार्टी
सदस्य - सचिव, भूमिसुधार तथा व्य. मन्त्रालय
सदस्य - सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय
सदस्य - सचिव, कानून तथा न्याय मन्त्रालय
सदस्य - सचिव, वन तथा भूसंरक्षण मन्त्रालय
सदस्य - सदस्य सचिव, सुकुमबासी समस्या समाधान आयोग,

आयोग गठन सम्वन्धी यस सूचनाको दफा ५ को उपदफा (१) मा आयोगको काममा सहयोग पुऱ्याउन आयोगले तोकेवमोजिमको काम कर्तव्य र अधिकार प्रयोग गर्ने गरी अनुसूचीमा उल्लेख भएका जिल्लाहरुमा देहायवमोजिमका पदाधिकारीहरु रहेको सुकुमबासी समस्या समाधान जिल्ला समिति रहनेछ भन्ने व्यवस्था वमोजिम आयोगले विभिन्न २५ जिल्लामा सुकुमबासी समस्या समाधान जिल्ला समिति तोकी समितिको काम कर्तव्य र अधिकार तोकेको थियो। आयोगले तोकेको जिल्ला समितिको काम, कर्तव्य र अधिकार **अनुसूची ११ मा संलग्न गरिएको** छ।

यस आयोगले २५ जिल्लामा गठित समितिहरू मार्फत ३९,२३६ परिवार सुकुमबासीलाई ४८५३-०६-१४ विगाहा जग्गा वितरण गरी २० करोड ७६ लाख ०६ हजार ५ सय ११ राजस्व संकलन गरेको थियो।

८.९. भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०६८।८।१८ को प्रस्ताव अनुसार मुलुकमा रहेका वास्तविक सुकुमबासीहरूको पहिचान गरी तिनीहरूको समस्या समाधान गर्न नेपाल सरकारले देहाय वमोजिमको सुकुमबासी समस्या समाधान आयोग गठन गरी काम कर्तव्य र अधिकार समेत तोकेको छ भन्ने व्यहोराको सुकुमबासी

समस्या समाधान आयोग २०६८ लाई नेपाल सरकार मन्त्रिपरिषदको बैठक संख्या ५३/०६८, मिति २०६८/८/२० मा स्वीकृत गरी यसको अध्यक्षमा श्री भक्तिप्रसाद लामिछाने, आरु चनौटे ३ गोरखालाई तोकिएको थियो। मन्त्रिपरिषद्को यस आयोग गठन सम्वन्धी सूचना **<u>अनुसूची १२ मा संलग्न गरिएको</u>** छ। यस आयोगले मिति २०६८/१०/१७ देखि बिधिवत आफ्नो कार्य सुरु गरी कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, दाङ, कपिलबस्तु, रुपन्देही, नवलपरासी, चितवन, मकवापुर, बारा, पर्सा, रौतहत, सर्लाही, धनुषा, महोत्तरी, सिराहा, सप्तरी, सिन्धुली, उदयपुर, झापा, मोरङ, सुनसरी, कास्की र सुर्खेत समेत जम्मा २५ जिल्लामा सुकुमबासी समस्या समाधान जिल्ला समिति गठन गरेको थियो।

यस आयोगले सम्पादन गरेका कार्यहरूलाई बुँदागतरुपमा निम्नानुसार औंल्याउन सकिन्छ-

(क) विगतमा गठित आयोगहरुबाट संकलन भएका निवेदन तथा विवरणहरू सम्बन्धित निकायहरूबाट लिने कार्य भएको। २५ वटै जिल्ला समितिहरूद्वारा ३० दिने सूचना जारी गरी वास्तविक सुकुमबासीहरूको लगत संकलन गर्न शुरू गरेतापनि अधिकांश जिल्लाहरूमा म्याद थप गरी निवेदन संकलन गर्ने कार्य सम्पन्न गरिएको र आयोगमा प्राप्त रेकर्ड अनुसार ३, ९६,२४४ निवेदन प्राप्त हुन आएका थ थिए।

| सि.नं. | जिल्ला समिति | निवेदन दर्ता सम्पन्न भएको भएको खुद संख्या | सि.नं. | जिल्ला समिति | निवेदन दर्ता सम्पन्न भएको भएको खुद संख्या |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | कन्चनपुर | ६४३१ | १५ | धनुषा | ९९६६ |
| २ | कैलाली | ४४८४६ | १४ | पर्सा | १००८४ |
| ३ | बर्दिया | ४३७४८ | १७ | बारा | १५८८३ |
| ४ | बाँके | १८७०४ | १८ | रौतहट | २१५०० |
| ५ | सुर्खेत | ५८९२ | १९ | सर्लाही | १९६९४ |
| ६ | दाङ् | १२४१३ | २० | महोत्तरी | ८००० |
| ७ | कपिलबस्तु | ९६२२ | २१ | सिराहा | १४४९० |
| ८ | रुपन्देही | २२२४४९ | २२ | सप्त्तरी | ८२२५ |
| ९ | नवलपरासी | २९०४२ | २३ | सुनसरी | १८०११ |
| १० | कास्की | ६२०० | २४ | मोरङ | २१३४३ |
| ११ | चितवन | १४७८८ | २५ | झापा | १८५०० |
| १२ | मकवानपुर | ९६०० | | पुरानो | ३५००० |
| १३ | सिन्धुली | १०७७ | | | |
| १४ | उदयपुर | २४३६ | जम्मा संख्या | | ३,९६,२४४ |

(ख) प्राप्त निवेदन उपर छानविन गर्ने प्रक्रिया अगाडि बढाई केही जिल्ला समितिहरूले छानविन प्रक्रिया सम्पन्न गरेका र १५ जिल्लाका समितिहरूले स्थानीयस्तरको सर्जमिन मुचुल्का तयार गरी करिव १,५०,००० परिचयपत्र वितरणका लागि तयारी अवस्थामा राखेको।

(ग) सुकुमबासीहरूलाई परिचयपत्र वितरण गर्ने प्रयोजनको लागि आयोगको केन्द्रीय कार्यालयबाट १ लाख ८३ हजार थान

परिचयपत्र छपाई गरी विभिन्न जिल्लामा करिव १ लाख प्रति सुकुमबासी परिचयपत्र पठाएको।

(घ) आयोगका केन्द्रीय कार्यालयबाट २५ जिल्ला समिति र सुकुमबासीहरूको सहभागिता रहने गरी नेपालगंज, बुटवल, हेटौंडा र विराटनगरमा सुकुमबासी समस्या समाधान सम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको थियो।

(ङ) क्षेत्रीयस्तरबाट आएको सुझावहरूलाई समावेश गरी आयोगको तर्फबाट तयार गरिएको कार्यपत्र उपर राष्ट्रियस्तरमा मिति २०६८/०३/२५ मा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो।

(च) सुकुमबासीहरूको उचित व्यवस्थापन गर्ने सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालय सम्बद्ध सरोकारवाला निकायका प्रतिनिधि/पदाधिकारीहरूका वीच छलफल बैठक गरी साझाधारणा बनाउने काम भएको थियो।

यस आयोगको म्याद नेपाल सरकार (मं.प.) को मिति २०६९/८/२८ गतेको निर्णयानुसार मिति २०७० असार मसान्तसम्म थप भएकोमा आयोगको छानवीन कार्य सम्पन्न नहुँदै काम कारवाही सन्तोषजनक नभएको आधारमा नेपाल सरकार (मं.प.) को मिति २०७०/०३/०९ गतेको निर्णयले उक्त आयोग विघटन भएको।

८.१०. भूमिसुधार तथा व्यवस्था मन्त्रालयको मिति २०७१।३।१ को प्रस्ताव अनुसार विगत देखि सरकारी सार्वजनिक जग्गामा बसोबास गरिआएका बाढी पहिरो नदिकटान लगायतका प्राकृतिक प्रकोपमा

परी घरबास गुमाएका सरकारी कार्यक्रम आयोजना परियोजना सञ्चालन गर्दा जग्गा अधिग्रहण हुँदा मुआव्जा नपाइ विस्थापित भएका सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीहरूको समस्या दिगो रुपमा समाधान गरी सामाजिक न्याय र सदभाव अभिवृद्धि गर्न सुकुमबासी समस्या समाधान आयोग गठन गरी काम कर्तव्य र अधिकार समेत तोकेको छ भन्ने व्यहोराको सुकुमबासी समस्या समाधान आयोग गठन गर्न बाञ्छनीय भएकोले नेपाल सरकार मन्त्रिपरिषदले देहायको आदेश जारी गरेको छ भन्ने प्रस्तावनाको आदेश नेपाल सरकार मन्त्रिपरिषदको बैठक संख्या १०/०७१, मिति २०७१/३/२ मा स्वीकृत गरी यसको अध्यक्षमा श्री शारदा प्रसाद सुवेदी, हंशपुर ४, काँस्कीलाई तोकिएको थियो। मन्त्रिपरिषदको यस आयोग गठन सम्वन्धी सूचना **अनुसूची १३ मा संलग्न** गरिएको छ। यस आयोग गठन सम्वन्धी सूचना खण्ड ६४, संख्या १४ नेपाल राजपत्र भाग ५ मिति २०७१।४।१९ मा प्रकाशित भएको थियो।यस आयोग अन्तर्गत काठमाडौं उपत्यका वाहेक ७२ जिल्लामा सुकुमबासी समस्या समाधान जिल्ला समिति गठन गरिएको। उक्त आयोगले ८, ६१, ००० सुकुमबासीहरूको निवेदन संकलन गरेको थियो। अधिवक्ता चन्द्रमणि पौडेलले सम्मानित सर्वोच्च अदालतमा आयोग गठनका सम्वन्धमा प्रश्न उठाई निवेदन दिएकोले सम्मानित सर्वोच्च अदालतबाट मिति २०७१/१०/८ मा मुद्दाको अन्तिम किनारा नभएसम्म मिति २०७१/४/१९ को गठन आदेशको व्यवस्था कार्यान्वयन नगर्नु

नगराउनु भनी उत्प्रेषणको आदेश जारी भएको हुँदा आयोग र जिल्ला समितिहरू निष्कृय अवस्थामा रहेको।

८.११. अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनावद्ध र व्यवस्थित वस्ती विकास गर्ने भन्ने संविधानको भावनालाई मूर्तरुप दिन आर्थिक बर्ष २०७३/७४ को बजेट वक्तव्यको बुँदा नं १६१ मा मेचीदेखि महाकालीसम्मको सरकारी एवम् सार्वजनिक र गुठी जग्गामा भएका अतिक्रमण रोक्न अव्यवस्थित बसोबास र सुकुमबासी समस्याको समाधान गर्न दुई बर्षको कार्यावधि तोकेर बसोबास आयोग गठन गरिनेछ भन्ने उल्लेख भएको।बसोबासका समस्या समाधान गर्ने सन्दर्भमा राज्यले माथि उल्लिखित विभिन्न आयोग मार्फत गरेका प्रयासहरुको सिकाई समेतका आधारमा भूमिहिनहरुलाई उपयोगको निस्सा सहित भूमि उपलव्ध गराउने, यस्तो जग्गा बेचबिखन, धितो बन्धक, दृष्टिबन्धक राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न नपाइने तर उपयोगपूर्जा प्राप्त गर्नेको शेषपछि निजको हकवालाले सो जग्गा पूर्व शर्त वमोजिम उपयोग गर्न बाधा नपर्ने अवधारणा सहित सीमित भूमिको व्यवस्थापन गर्नको लागि नेपाल सरकार मन्त्रिपरिषद् को मिति २०७३।११।९ को निर्णयानुसार व्यवस्थित बसोबास आयोग आदेश २०७३ स्वीकृत भएको। यस आयोग गठन सम्वन्धी सूचना खण्ड ६६, काठमाण्डौ, संख्या ६१ नेपाल राजपत्र भाग ३ मिति २०७३।१२।८ मा प्रकाशित भएको थियो। मन्त्रिपरिषद को यस आयोग गठन सम्वन्धी सूचना **अनुसूची १४ मा संलग्न** गरिएकोछ। भूमि सुधार तथा व्यवस्था मन्त्रालयको मन्त्री वा राज्य मन्त्रीको अध्यक्षतामा वन तथा

भूसंरक्षण, शहरी विकास, गृह र भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवहरु, नेपाल सरकारबाट नियुक्त ३ जना विज्ञहरु सदस्य र भूमिसुधार तथा व्यवस्था मन्त्रालयको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत सदस्य सचिव सहित ९ जना रहने गरी यस आयोगको गठन भएको थियो। आयोगको काममा सहजीकरण गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवको अध्यक्षतामा ९ सदस्यीय सहजीकरण र कार्यान्वयन तहमा प्रमुख जिल्ला अधिकारी वा नेपाल सरकारले तोकेको व्यक्तिको अध्यक्षतामा ११ सदस्यीय जिल्ला बसोबास व्यवस्थापन समितिको व्यवस्था गरिएको थियो। यस आयोगको गठन पश्चात जग्गा सरकारकै स्वामित्वमा राखी उपयोग गर्न मात्र दिइने, जग्गा उपलव्ध गराउँदा मापदण्ड वमोजिम व्यवस्थित गरेरमात्र दिइने, बसोबासका समस्यालाई प्रकृति अनुसार टुक्रयाएर सम्वोधन गरिने, बसोबास सम्बन्धी समस्या सम्वोधन गर्न समस्याग्रस्त ठाँउमै पुगी यकीन गरिने, बढी समस्याग्रस्त ठाँउलाई पहिलो प्राथमिकता दिइने, लामोसमय देखि गैर कानुनी रुपमा उपयोग भैरहेको जग्गाको विवरण सरकारको अभिलेखमा आउने, भूमिहीनको नाममा प्राप्त गरेको जग्गा बेचेर पुन भूमिहिन बन्ने प्रवृति समाप्त हुने, भूमिहीनको नाममा जग्गा प्राप्त गर्ने ढुकुम्वासी प्रवृति समाप्त हुने, कृषिउपयोगमा रहेको सरकारी जग्गा अभिलेखमा समावेश हुने, अतिक्रमित सडक खुला र सुरक्षित हुनेअपेक्षा गरिएकोले विगत देखि अल्झी रहेका बसोबास र अतिक्रमण सम्बन्धी समस्याहरु समाधान हुने विश्वास गरिएको थियो। आयोगको विज्ञ सदस्यको रुपमा कार्य गर्न आयोगका अध्यक्षले नै पदाधिकारी तोक्ने गरी नेपाल सरकार

मन्त्रिपरिषद्बाट मिति २०७३।१०।९ मा अधिकार प्रत्यायोजन भए अनुसार आयोगका अध्यक्ष एवं मन्त्रीस्तरीय मिति २०७३।११।१५ को निर्णयानुसार खगेन्द्र बस्न्यात काठमाण्डौ, जितेन्द्र बहादुर भण्डारी माडी न.पा. चितवन र प्रेम सिंह बोहरा विद्यानगर ८ कञ्चनपुर लाई विज्ञ सदस्यको रुपमा तोकिएको थियो। यसै क्रममा नेपाल सरकार (मं.प.) बाट मिति २०७४।७।६ मा व्यवस्थित वसोबास आयोग (पहिलो संशोधन) आदेश, २०७४ स्वीकृत भै आयोगका विज्ञ सदस्य श्री खगेन्द्र बस्न्यातलाई आयोगको उपाध्यक्ष नियुक्ति गर्ने निर्णय भएको थियो जुन मिति २०७४ कार्तिक १४ गतेको राजपत्र खण्ड ६७ संख्या ३५ भाग ३ **अनुसूची १५ मा संलग्न** गरिएको छ।व्यवस्थित वसोबास आयोग (पहिलो संशोधन) आदेश, २०७४ बाट जिल्ला बसोबास व्यवस्थापन समितिका अध्यक्ष तोक्ने अधिकार आयोगका अध्यक्षलाई प्रत्यायोजन गरेपछि मिति २०७४।१०।८ मा पर्सा, कैलाली, मकवानपुर, बारा, सिन्धुपाल्चोक, भोजपुर, तनहुँ, धनुषा, नवलपरासी, महोत्तरी, सप्तरी, बाँके, रुपन्देही, उदयपुर, सिराहा, सिन्धुली, डडेल्धुरा, सर्लाही, कञ्चनपुर, डोटी, बर्दिया ,बाँके, दाङ, कपिलवस्तु, चितवन, रौतहट, सुनसरी, काभ्रे र काँस्की गरी २९ जिल्लामा अध्यक्ष तोकिएको। त्यसै गरी २०७४।१०।२६ को निर्णयानुसार मोरङ. ईलाम. सुस्तापूर्व नवलपरासी. स्याङजा. नुवाकोट र झापा गरी ६ जिल्लामा अध्यक्ष तोकिएको। ती अध्यक्षहरुलाई केन्द्रमा अभिमुखीकरण गराइ जिल्ला खटाइएको थियो। जिल्लामा कार्यारम्भको लागि प्रारम्भिक तयारी हुँदै गर्दा नेपाल सरकारको मिति २०७५।१।११ को

निर्णयानुसार आयोग विघटन भै सो को सूचना नेपाल राजपत्र भाग ३, खण्ड ६८, संख्या ४, मिति २०७५।१।१४ मा प्रकाशन भएकै दिन सो को कार्यान्वयनका लागि मन्त्रालयले विभाग तथा कार्यालयहरुमा पत्राचार गऱ्यो।आयोग विघटन सम्वन्धी **<u>सूचना अनुसूची १६</u>** मा संलग्न गरिएको छ।

८.१२. विगतका आयोगहरु नेपाल सरकारको निर्णयानुसार गठन भएका र ती आयोगहरुको वैधता वारे प्रश्न उठने गरेको सन्दर्भ समेत लाई विचार गरी मिति २०७६।१०।२८ मा प्रमाणीकरण भएको भूमि सम्वन्धी ऐनको आठौं संशोधनको दफा ५२ख को उपदफा (६) मा भूमिहीन सुकुमबासीको पहिचान गरी लगत लिने, जग्गा पहिचान गर्ने, स्थलगत अध्ययन गरी जग्गाको लगत लिने र प्रमाण सङ्कलन गरी निजहरुलाई जग्गा उपलब्ध गराउने प्रयोजनको लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी एक आयोग गठन गर्न सक्ने छ भन्ने व्यवस्था भएको छ। साथै दफा ५२ग को उपदफा (८) मा अव्यवस्थित बसोबासीको पहिचान गरी लगत लिने, स्थलगत अध्ययन गरी प्रमाण सङ्कलन गरी जग्गा उपलब्ध गराउने समेतको कार्य दफा ५२ख को उपदफा (६) वमोजिमको आयोगले गर्नेछ भन्ने व्यवस्था भएको छ।आयोग गठन सम्वन्धी यो व्यवस्था सहितको संशोधित ऐन, नेपाल राजपत्र भाग २, खण्ड ६९, अतिरिक्ताङ्क २७ मिति २०७६ माघ २८ गते प्रकाशित भएको छ।

८.१३. भूमि सम्वन्धी ऐनको आठौं संशोधनको प्रावधान वमोजिम नेपाल सरकारले मिति २०७६।१२।०९ को निर्णयानुसार आयोगको

कार्यका लागि स्वीकृत ४२ जना कर्मचारीको दरबन्दी सहित भूमि सम्वन्धी समस्या समाधान आयोग गठन गरेको छ।

यस आयोग गठन सम्वन्धी सूचना खण्ड ७०, काठमाण्डौ, संख्या १ नेपाल राजपत्र भाग ५ मिति २०७७।०१।०१ मा प्रकाशित भएको छ । उल्लिखित राजपत्र **अनुसूची १७** मा संलग्न गरिएको छ। सोही राजपत्रमा प्रकाशित सूचना-२ मा आयोगका लागि निम्नानुसारका अध्यक्ष र सदस्यहरु तोकेको छ ।

श्री देवी प्रसाद ज्ञवाली अध्यक्ष, भरतपुर महानगरपालिका-४, चितवन।
श्री जगत बहादुर देउजा, मेलम्ची नगरपालिका-६, सिन्धुपाल्चोक।
श्री दिनेशचन्द्र यादव, नरैनापुर गाउँपालिका-२, बाँके।
श्री भीमबहादुर कार्की, पोखरा महानगर पालिका-३३, काँस्की।
श्री मञ्जली शाक्य बज्राचार्य, ललितपुर महानगरपालिका-१६, ललितपुर।

यस सम्बन्धी विवरण **अनुसूची १७(क)** मा संलग्न गरिएको छ। यस आयोगले २०७७।१।४ का दिन माननीय भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री श्री पद्‍मा कुमारी अर्यालबाट शपथग्रहण गरी कार्यारम्भ गरेको छ।

# विभिन्न आयोगका कार्यादेश
# (अनुसूचीहरु)

**अनुसूची-१**

## २०४७।८।९ मा गठित आयोगको कार्यादेश

अव्यवस्थित रुपमा बसोवास गरिरहेकाहरु मध्ये सही सुकुमबासी पहिचान गरी तिनलाई योजनावद्द रुपमा बसोवास गराउन, विगत वर्षहरुमा राजनीतिक पिडित, दैवी प्रकोप पीडित आदि जस्ता आधारमा जग्गा उपलव्ध गराई वसोवास गराउने भनी श्री ५ को सरकार (मं.प.) को निर्णय भई कार्यान्वयन गर्न बाँकी रहेका काम सम्पन्न गर्न गराउन केन्द्रीय स्तरमा माननीय आवास तथा भौतिक योजना मन्त्रीको अध्यक्षतामा देहाय वमोजिम सुकुमबासी समस्या समाधान आयोग गठन गर्ने। आयोगले खास जंगल भएको स्थानमा वसोवास नगराउने।

१. आयोगको गठन

| | |
|---|---|
| माननीय आवास तथा भौतिक योजना मन्त्री, | - अध्यक्ष |
| माननीय भूमिसुधार तथा व्यवस्था मन्त्री, | - सदस्य |
| माननीय वन तथा वातावरण मन्त्री, | - सदस्य |
| सांसद श्री हरिप्रसाद चौधरी, दाङ, | - सदस्य |
| सांसद श्री सुशील कोईराला, बाँके, | - सदस्य |
| सांसद श्री टेकवहादुर चोख्याल, | - सदस्य |
| सचिव, वन तथा वातावरण मन्त्रालय, | - सदस्य |
| सचिव, कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय, | - सदस्य |
| सचिव, गृह मन्त्रालय, | - सदस्य |
| सचिब, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य |
| महानिर्देशक, श्री गोकुलराज पाण्डे, वन विभाग | - सदस्य |
| सहसचिब, श्री माधवभक्त माथेमा, आवास तथा भौतिक योजना मन्त्रालय | - सदस्य |
| श्री गोविन्द रघुवंशी, मालपोत विभाग | - सदस्य |
| श्री डम्वरबहादुर स्वाँर, अछाम | - सदस्य |
| श्री पृथ्वीमान गुरुङ | - सदस्य |
| श्री गोपाल राई, दिक्तेल | - सदस्य |

श्री जगन्नाथ पुर्वे, सिरहा - सदस्य
श्री श्याम बहादुर के.सी.भक्तपुर - सदस्य
श्री जगतमान आङदम्वे, मोरङ - सदस्य
सचिव, आवास तथा भौतिक योजना मन्त्रालय - सदस्य

२. आयोगको काम, कर्तव्य र अधिकार

माथि उल्लेख भए अनुसार सुकुमबासी समस्या समाधान गर्ने क्रममा आयोगले श्री ५ को सरकार (मं.प) को मिति २०४७।१२।१८ को निर्णयद्धारा निर्देशित जग्गाहरु सम्वन्धित निकायबाट प्राप्त गरी ती जग्गाहरु आयोगको निर्णयानुसार वितरण गर्ने।

सुकुमबासी र अतिक्रमकारीहरुको समस्यालाई नमिसाई सही सुकुमबासी यकीन गरी यस्ता परिवारहरुको मात्र समस्या समाधान गर्ने।

आयोगले आफ्नो कामको सिलसिलामा तोकिएको अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशनको (न्यायपालिका र शाही नेपाली सेना वाहेक) सम्वन्धित क्षेत्रका जिल्ला तथा अञ्चल स्तरीय कार्यालयहरुले अविलम्व कार्यान्वयन गर्नुपर्ने गरी सम्वन्धित मन्त्रालयबाट त्यस्ता कार्यालयहरुलाई निर्देशक दिने।

आयोगलाई आफ्नो कार्य सम्पादन गर्न निम्न वमोजिम अधिकार प्राप्त हुनेछ।

स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी

(१) जग्गा नाप जाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नापजाँच नियमावली, २०३२ को नियम ३, ७, ८ र १२ वमोजिमको अधिकारीका अधिकारहरु
(२) मालपोत ऐन २०३४ को दफा २४ को उपदफा (४), दफा २९ र ३० वाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरु
(३) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली, २०२६ को नियम १६ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार।

(४) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) र ६ (ख) अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरु

३. आयोगको कार्यावधी २०४९ साल असार मसान्त सम्म हुनेछ।

४. आवास तथा भौतिक योजना मन्त्रालय अन्तर्गत आयोगको एक छुट्टै सचिवालय रहनेछ र आयोगको निर्णय कार्यान्वयन गर्ने जिम्मेवारी समेत यसै सचिवालयको हुनेछ।

आयोगमा सह सचिवस्तरका एकजना समेत कामको आवश्यकता अनुसार विभिन्न दर्जाका गरी जम्मा १५ जना कर्मचारी राख्ने। यसको लागि आवास तथा भौतिक योजना, वन तथा वातावरण र भूमिसुधार तथा व्यवस्था मन्त्रालयले ५–५ जना कर्मचारी खटाउने। आयोगले जिल्लामा काम गर्दा सम्वन्धित जिल्लाको सम्वन्धित ईकाईको कर्मचारीलाई नै काजमा लिई काम गराउने।

**अनुसूची - २**

नेपाल राजपत्र खण्ड ४४, मंशिर २९ गते २०५१ साल
(अतिरिक्ताङ्क ३८ - ख)
भाग ४

श्री ५को सरकार
आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५१/८/२९ को निर्णयानुसार सुकुमबासी समस्या समाधान आयोगको अध्यक्षमा एक बर्षका लागि श्री ऋषिराज लुम्सालीलाई नियुक्त गरेको छ।

आज्ञाले
वरुणप्रसाद श्रेष्ठ
श्री ५ को सरकारको का.मु सचिव

**अनुसूची ३**

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६, काठमाण्डौ, वैशाख २४ गते २०५३ साल अतिरिक्ताङ्क ६ ख

भाग ४

श्री ५ को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको

सूचना १

श्री ५ को सरकारले मिति २०५२/९/२० र २०५३/१/३ को निर्णयानुसार नेपाल अधिराज्यभित्र रहेका सुकुमबासी र अव्यवस्थित बसोबासीलाई योजनाबद्ध रुपमा बसाउन र विगत वर्षहरुमा जग्गा उपलब्ध गराउने भनी श्री ५ को सरकार (म.प.) को निर्णय भै कार्यान्वयन गर्न बाँकी रहेका कार्य सम्पादन गर्न गराउन देहायबमोजिमको सुकुमबासी समस्या समाधान आयोग गठन गरी आयोगको काम, कर्तव्य र अधिकारसमेत देहायबमोजिम तोकेको छ।

१. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आयोगको प्रयोजनको लागि,–

(क) ''सुकुमबासी'' भन्नाले जीविकाको लागि कुनै ठोस विकल्प नभएका आफ्नो वा आफ्नो अंशियारको नाममा वा कब्जामा कुनै घर वा जग्गा नभएका वा आफ्नो वा आफ्नो अंशियारको नाममा घर वा जग्गा जोड्न सक्ने साधन, स्रोत नभएका भूमिहीन तथा निःसहाय (कृषि, मजदुर कमैया, हली, हरुवा, चरुवा, आदि) व्यक्ति र दैवीप्रकोपबाट घर जग्गाविहीन हुन पुगेका व्यक्ति एवं निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

(ख) ''अव्यवस्थित बसोबासी'' भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा अन्यत्र कतै घर वा जग्गा भएको वा नभएको सम्बत् २०५१ सालको मध्यावधि निर्वाचन हुँदा सम्बन्धित क्षेत्रको मतदाता नामावलीमा आफ्नो नाम समावेश भै निर्वाचनको मितिसम्ममा कुनै

सरकारी, पर्ति वा ऐलानी जस्ता जग्गामा घरवास गरी बसेको व्यक्ति सम्झनुपर्छ।

२. आयोगको गठन : (१) सुकुमबासी समस्या समाधान आयोगको गठन देहाय बमोजिम गरिनेछ :

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) श्री ५ को सरकारले तोकेको दुई जना व्यक्ति - उपाध्यक्ष

(ग) श्री ५ को सरकारले तोकेको बढीमा पाँच जना व्यक्ति - सदस्य

(घ) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय - पदेन सदस्य

(ङ) सचिव, वन तथा भू–संरक्षण मन्त्रालय - पदेन सदस्य

(च) सचिव, कानून तथा न्याय मन्त्रालय - पदेन सदस्य

(छ) सचिव, गृह मन्त्रालय - पदेन सदस्य

(ज) सचिव, आवास तथा भौतिक योजना मन्त्रालय - पदेन सदस्य

(झ) श्री ५ को सरकारले तोकेको राजपत्रांकित विशिष्ट श्रेणीको अधिकृत - सदस्य सचिव

(२) आयोगका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुले पूरा समय कार्यरत रहनुपर्नेछ।

(३) आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ।

३. आयोगको काम, कर्तव्य र अधिकारः (१) सुकुमबासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्नको लागि देहायमा उल्लेखित जग्गाहरु मात्र सम्बन्धित निकायबाट प्राप्त गरी वितरण वा बिक्रीको यथोचित व्यवस्था आयोगले गर्नेछ।

(क) भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम तोकिएको अधिकतम हदभन्दा बढी भई प्राप्त वा जफत गरिएका जग्गा (मोहियानी लागेको बाहेक)।

(ख) भूमिसम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम श्री ५ को सरकारले खास प्रयोजनका लागि भनी अधिकतम हदभन्दा बढी जग्गा राख्न छूट दिएकोमा त्यस्तो छूट पाउने संस्था, उद्योग वा फर्मले त्यस्तो जग्गा घोषित प्रयोजनमा नलगाई अन्य प्रयोजनमा लगाएबाट कानूनबमोजिम फिर्ता लिएको वा जफत गरिएको जग्गा।

(ग) माल वा मालपोत कार्यालय मातहतमा रहेको सरकारी अमानती जग्गा।

(घ) बसोबास कार्यक्रमलाई छुट्ट्याई पुनर्वास कम्पनीलाई दिएको तर वितरण तथा दर्ता भै नसकेको जग्गा।

(ङ) विभिन्न विकास आयोजनाहरुलाई उपलब्ध गराइएको जग्गामध्ये त्यस्तो आयोजनाको निमित्त बढी भएको वा प्रयोग नै नभएको जग्गा।

(च) नदी नियन्त्रण कार्य संचालन भै जग्गा प्राप्त भएकोमा उचित ग्रिनबेल्ट (हरितक्षेत्र) छुट्ट्याई बाँकी रहेको उकास जग्गा।

(छ) सुकुमबासी वा अव्यवस्थित बसोबासलाई वितरण वा बिक्री गर्नको लागि श्री ५ को सरकारबाट प्राप्त भएको नापजाँच नभएको श्री ५ को सरकारको अधिनस्थ जग्गा।

(ज) निजी नम्बरी जग्गा सरकारी जग्गामा मिसाई पर्ती मिची घुसाइ खाएकोमा सरकारी जति सम्बन्धित निकायबाट छुट्ट्याई झिकी प्राप्त भएको जग्गा।

(झ) उपर्युक्त देखि बाहेक आयोगको उद्देश्य कार्यान्वयनका लागि श्री ५ को सरकारले सुकुमबासीलाई वितरण गर्न भनी उपलब्ध गराई दिएको जग्गा।

(२) माथि उप–दफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानूनबमोजिम बस्ती बसाउन रोक लगाइएको वा बेचबिखन वा वितरण गर्न रोक लगाइएको जग्गा आयोगले वितरण वा बिक्री गर्न सक्ने छैन।

(३) विगतका वन सुदृढीकरण आयोग, बसोबास समिति, पुनर्वास कम्पनी, झोरासम्बन्धी आयोग, समिति र सुकुमबासी समस्या समाधान आयोग जस्ता निकायले सुकुमबासी एवं अव्यवस्थित बसोबासीलाई जग्गा दर्ता गरी दिने सम्बन्धमा कार्यान्वयन हुन बाँकी रहेका कार्य सम्पन्न गर्ने।

(४) परिवार वा व्यक्ति विशेषलाई जग्गा वितरण वा बिक्री गर्दा जग्गाको हद (क्षेत्रफल) र मूल्य निर्धारण गर्ने।

(५) आयोगले आयोगका सदस्यहरुमध्येबाट दफा ३ बमोजिम निर्धारण गरेका नीति र क्षेत्राधिकार अन्तर्गत रही काम गर्न एक वा एकभन्दा बढी उपसमिति गठन गर्न सक्नेछ।

४. उपसमितिको अधिकार : (१) दफा ३ बमोजिम आयोगले निर्धारण गरेका नीति र क्षेत्राधिकार अन्तर्गत रही काम गर्ने गरी दफा ३ को उपदफा (५) बमोजिम गठित उपसमितिलाई स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहायबमोजिमको अधिकार प्रत्यायोजन गरिएको छ।

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा (नापजाँच) नियमावली, २०३२ को नियम ३, ८ र १२ बमोजिमको अधिकारीका अधिकारहरु,

(ख) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र सो को प्रयोजनको लागि मालपोत नियमावली, २०३६ को नियम १६ को उपनियम (१) बमोजिमको समितिको अधिकार,

(ग) अधिकार प्राप्त निकायबाट अनुमति प्राप्त गरेपछि वन ऐन, २०४९ को दफा ३ र ४ अनुसारका अधिकारीको अधिकार,

(घ) भूमिसम्बन्धी ऐन, २०२१ को दफा २१, २१ क, २१ ख, २२, २४ र २४ क को प्रयोजनको लागि भूमिसम्बन्धी नियमहरु, २०२१ को नियम २२ अनुसार तोकिएको अधिकारीको अधिकार,

(ङ) झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ को दफा ४,५,७ र ८ को प्रयोजनको लागि श्री ५ को सरकार र तोकिएको अधिकारीको अधिकार र झोरा क्षेत्रको जग्गासम्बन्धी नियमावली, २०२८ को नियम ८ अनुसार भूमि प्रशासकलाई भएको अधिकार,

(च) विगतका वन सुदृढीकरण आयोग, बसोबास समिति, पुनर्वास कम्पनी, झोरासम्बन्धी आयोग, समिति र सुकुमबासी समस्या समाधान आयोग जस्ता निकायबाट मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) र (२) मा उल्लेख भएका प्रकृतिका जग्गाहरु श्री ५ को सरकार (मं.प.) को निर्णय बेगर वितरण वा बिक्री भए गरेको देखिएमा त्यस्ता काम कारवाहीहरुलाई आयोगको सिफारिशमा मालपोत ऐन, २०३४

को दफा २४ को उपदफा (३) र (४) बमोजिमको बदर गर्ने अधिकार,

(छ) खण्ड (च) मा उल्लिखित आयोग, समिति वा कम्पनीले आफूलाई प्राप्त अधिकार क्षेत्र बाहिर गई मालपोत ऐन, २०३४ को दफा २६ ले निर्धारित गरेका प्रक्रिया पूरा नगरी काम कारवाही गरेको देखिएमा आयोगको सिफारिशमा सोही ऐनको दफा ३० बमोजिमको जग्गा जफत गर्ने अधिकार,

(ज) यसरी उपरोक्त (च) र (छ) बमोजिम बदर वा जफत भएकोमा साविकमा वितरण वा बिक्री भएको जग्गा वास्तविक सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई नै वितरण वा बिक्री भएको पाइएमा सुकुमबासी समस्या समाधान समितिको सिफारिशमा यथासम्भव नियमित गरिदिने र दफा ३ को उपदफा (२) बमोजिमको जग्गा भै नियमित गर्न नसकिने भएमा सुकुमबासी समस्या समाधान समितिको सिफारिश बमोजिम अन्यत्र जग्गा उपलब्ध गराइ पुनः व्यवस्थित गर्ने,

(झ) साबिकमा विविध कारणवश जग्गा सट्टाभर्ना दिने शर्तमा अधिग्रहण गरी वा नगरी श्री ५ को सरकारले बस्ती उठाएकोमा ती व्यक्तिहरुलाई जग्गा सट्टा भर्ना दिन भएको शर्तअनुसार आयोगको सिफारिशमा जग्गा दिने अधिकार,

(२) एकभन्दा बढी उप–समिति गठन भएकोमा दोहोरो नपर्ने गरी उक्त अधिकारहरु आयोगले उप–समितिहरुलाई पृथक गरी तोकि दिनेछ।

५. अध्यक्षको काम, कर्तव्य र अधिकारः अध्यक्षको अधिकार आयोगले तोकेबमोजिम हुनेछ।

६. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः (१) अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले आयोगको बैठकको अध्यक्षता गर्नेछ।

(२) आयोग वा अध्यक्षबाट प्रत्यायोजन भएका अधिकारहरुको प्रयोग उपाध्यक्षबाट हुनेछ।

७. सुकुमबासी समस्या समाधान समिति गठनः (१) सुकुमबासी समस्या समाधान गर्न वा अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्नका लागि एक वा एकभन्दा बढी जिल्लाको कार्य हेर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयले

आवश्यकतानुसार देहायबमोजिमको सुकुमबासी समस्या समाधान समितिको गठन गर्नेछ।

(क) भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको व्यक्ति – संयोजक

(ख) भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको बढीमा चार जना व्यक्ति – सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी – पदेन सदस्य

(घ) सम्बन्धित जिल्लाको माल वा मालपोत कार्यालयको प्रमुख – पदेन सदस्य

(ङ) सम्बन्धित जिल्लाको वन अधिकृत – पदेन सदस्य

(च) सम्बन्धित जिल्लाको आवास तथा शहरी विकास शाखा प्रमुख – पदेन सदस्य

(छ) सम्बन्धित जिल्लाका नापी गोश्वारा वा नापी कार्यालय र नापी शाखाको प्रमुख – पदेन सदस्य

(ज) जिल्ला विकास समितिको प्रतिनिधि – सदस्य

(झ) सम्बन्धित जिल्लाको भूमिसुधार अधिकारी वा सो नभएको जिल्लाको भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको अधिकृत – सदस्य सचिव

(२) जिल्लाका माननीय सांसद सदस्यहरु मध्येबाट प्रत्येक बैठकमा वर्णानुक्रमानुसार एकजना सदस्यलाई आमन्त्रित गर्न सकिनेछ।

(३) यस्तो सुकुमबासी समस्या समाधान समितिले आफ्नो जिल्ला भित्र रहेको सुकुमबासी एवं अव्यवस्गिथत बसोबासको पहिचान गरी दफा ३ मा उल्लिखित जग्गा वितरण वा बिक्री गर्नुको लागि आयोगको उप–समिति समक्ष सिफारिश गर्नेछ।

(४) सुकुमबासी समस्या समाधान समितिले उप–दफा (३) बमोजिमको सिफारिश गर्दा आवश्यक देखेमा स्थानीय व्यक्तिको प्रतिनिधित्व हुने गरी स्थलगत सहयोग समितिको गठन गर्न सक्नेछ।

८. सुकुमबासी समस्या समाधान समितिको सिफारिश बमोजिम आयोगको उप–समितिले सुकुमबासी र अव्यस्थित र बसोबासीलाई जग्गा वितरण गर्ने वा जग्गा उपलब्ध्र गराउने निर्णय गर्नेछ।

९. दफा ४ र ८ बमोजिम आयोगको उप–समितिले गरेका निर्णय कार्यान्वयनको लागि सम्बन्धित सुकुमबासी समस्या समाधान समितिमा पठाइने छ र यस्तो निर्णयको कार्यान्वयन गर्न जग्गा –नापजाँच) ऐन, २०१९ को दफा ८ को उपदफा (१) बमोजिम नापी अधिकृत वा माल वा मालपोत अधिकृतलाई भएको अधिकार प्रयोग गरी सुकुमबासी समस्या समाधान समितिको सदस्य सचिवलाई जग्गाधनी दर्ताश्रेस्ता र जग्गाधनी प्रमाण पूर्जा तयार गर्न तोकिएको छ। यसरी तयार भएका जग्गाको पूर्जाहरु आयोगको उपसमितिबाट सुकुमबासी वा अव्यवस्थित बसोबासीलाई वितरण भएपछि एक महिनाभित्र जग्गाधनी दर्ताश्रेस्ताको लगत सम्बन्धित माल वा मालपोत कार्यालयलाई हस्तान्तरण गर्नुपर्नेछ।

१०. आयोगबाट सुकुमबासीलाई वितरण गरेको जग्गा वा अव्यवस्थित बसोबासीको लागि मूल्य लिई वा नलिई उपलब्ध गराएको जग्गाको हक हस्तान्तरण, बेच–बिखन गर्न वा कुनै किसिमको दान, दान्तव्य वा धितो बन्धक राख्न कम्तीमा १० वर्षसम्म पाइने छैन। तर कुनै औद्योगिक वा कृषि व्यवसाय गर्नको लागि कुनै वित्तीय संस्था वा बैंकमा धितो राखी ऋण सापटी लिन कुनै बाधा पर्ने छैन।

११. बजेटः आयोगको कामको लागि श्री ५ को सरकारबाट प्राप्त बजेटको अधीनमा रही खर्चको बाँडफाँड आयोग स्वयंले गर्नेछ।

१२. आयोगको कार्यावधिः आयोगको कार्यावधि काम प्रारम्भ भएको मितिले १ वर्षको हुनेछ।

१३. श्री ५ को सरकारसंगको सम्पर्कः आयोगको सम्पर्क मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय हुनेछ।

१४. सचिवालयः आयोगको एक छुट्टै सचिवालय हुनेछ। आयोगको सदस्य सचिवले सचिवालयको दैनिक कार्य सञ्चलान गर्नेछ। आयोगको निर्णय कार्यान्वयन लगायत आयोगको अन्य कार्य सम्पादन गर्ने जिम्मेवारी निजको हुनेछ।

## सूचना २

श्री ५ को सरकारले मिति २०५३।१।१३ को निर्णयानुसार सुकुमबासी समस्या समाधान आयोगको अध्यक्षको काम हाललाई भूमिसुधार तथा व्यवस्था मन्त्रीले गर्ने गरी तोकेको छ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको सचिव

**अनुसूची ४**

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७, काठमाण्डौ, बैशाख २६ गते २०५४ साल (पूर्वातिरिक्ताङ्क ६-क)

भाग ४

श्री ५को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

खण्ड ४६, अतिरिक्ताङ्क ६ (ख)मिति २०५३।१।२४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित सुकुमबासी समस्या समाधान आयोगको कार्यावधि काम प्रारम्भ भएको मितिले एक वर्ष तोकिएकोमा श्री ५ को सरकारको मिति २०५४।१।२६ को निर्णयानुसार उक्त अवधि समाप्त भएको मितिले अर्को व्यवस्था नभएसम्मको लागि उक्त आयोगको कार्यावधि थप गरिएको छ।

ललितवहादुर वम

श्री ५ को सरकारको सचिव

**अनुसूची ५**

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४७, काठमाण्डौ, मंसीर ९ गते २०५४ साल (अतिरिक्ताङ्क ४० (क)

भाग ४

श्री ५को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

सुकुमबासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्वन्धी खण्ड ४६, अतिरिक्ताङ्क ६ (ख)मिति २०५३।१।२४ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस मन्त्रालयको सूचनाको दफा ३ को उपदफा (५) वमोजिमको उपसमितिलाई उक्त सूचनाको दफा ४ वमोजिम प्राप्त अधिकारहरु जग्गा दर्ता गर्ने प्रयोजनका लागि सोही सूचनाको दफा ७ को उपदफा (१) वमोजिम गठित सुकुमबासी समस्या समाधान समितिलाई प्रत्यायोजन गर्नुका साथै उक्त सूचनाको दफा ७ को उपदफा (३) र दफा ८ वमोजिम सुकुमबासी वा अव्यवस्थित वसोबासीको पहिचान गरी जग्गा वितरण गर्ने वा उपलव्ध गराउने सन्दर्भमा निर्णय गर्ने अधिकार समेत सोही समितिलाई प्रदान गर्ने गरी श्री ५ को सरकारले मिति २०५४।८।९ मा निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

आज्ञाले

ललितवहादुर वम

श्री ५ को सरकारको सचिव

**अनुसूची ६**

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४८, काठमाण्डौ, असार १ गते २०५५ साल, अतिरिक्ताङ्क २० (ग)

भाग ४

श्री ५ को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले मिति २०५५।२।२५ को निर्णयानुसार मौजुदा सुकुमबासी समस्या समाधान आयोगको केन्द्रीय स्तरको समितिलाई विघटन गरी मिति २०५५।३।१ को निर्णयानुसार उक्त समितिमा देहायवमोजिमका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरु रहने गरी तोकेको छ।

| | | |
|---|---|---|
| १. | श्री तारिणी दत्त चटौत | - अध्यक्ष |
| २. | श्री केशरमणि पोखरेल | - उपाध्यक्ष |
| ३. | श्री सूर्यमान गुरुङ्ग | - उपाध्यक्ष |
| ४. | पूर्वाञ्चल क्षेत्रबाट श्री चन्द्रनारायण यादव | - सदस्य |
| ५. | मध्यमाञ्चल क्षेत्रबाट श्री तीर्थराम डंगोल | - सदस्य |
| ६. | पश्चिमाञ्चल क्षेत्रबाट श्री राममणि धिताल | - सदस्य |
| ७. | मध्यपश्चिमाञ्चल क्षेत्रबाट श्री ज्ञानराज शर्मा | - सदस्य |
| ८. | सुदूरपश्चिमाञ्चल क्षेत्रबाट श्री चन्द्रसिंह भट्टराई | - सदस्य |

आज्ञाले

रेवतीरमण पोखरेल

श्री ५ को सरकारको सचिव

**अनुसूची ७**

(अनुसूची ६ वमोजिमको आदेश सहित संलग्न गरिएको मन्त्रिपरिषद्बाट २०५५/३/१ मा स्वीकृत अनुसूची)

सुकुमबासी समस्या समाधान आयोग

सुकुमबासीको नाममा अव्यवस्थित रुपमा बसोबास गरिरहेकाहरु र भूमिहीन निःसहाय परिवारहरुलाई योजनावद्धरुपमा बसोबास समेत गराउने प्रयोजनका लागि साविकमा कार्यरत रहँदै आएको सुकुमबासी समस्या समाधान आयोगको पुनर्गठन, कार्यावधि, काम-कर्तव्य र अधिकार समेत तोक्ने सम्वन्धमा देहायबमोजिम गर्ने-

१.**<u>आयोगको गठन</u>**

आयोगको केन्द्रीय स्तरको समितिको गठन देहाय बमोजिम हुनेछ।

(१) राजनीतिक नियुक्तिबाट आउने

क. अध्यक्ष १

ख. उपाध्यक्ष २

ग. सदस्य ५ जना (पाँच विकास क्षेत्रहरूबाट प्रतिनिधित्व हुने गरी )

(२) पदेन सदस्यहरू

क. सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

ख. सचिव, वन तथा भू-संरक्षण मन्त्रालय

ग. सचिव, आवास तथा भौतिक योजना मन्त्रालय

घ. सचिव, गृह मन्त्रालय

ङ. सचिव, कानून तथा न्याय मन्त्रालय

च. सदस्य सचिव, श्री ५ को सरकारको विशिष्ट श्रेणी सरह अधिकृत (काजमा)

आयोगको जिल्लास्तरीय समितिको गठन देहायवमोजिम हुनेछ-

<u>राजनीतिक नियुक्तिबाट आउने</u>

(क) अध्यक्ष - १ जना

(ख) उपाध्यक्ष -१ जना

(ग) सदस्य - ५ जना

(घ) सदस्य सचिव- सम्वन्धित जिल्लाको भूमिसुधार अधिकारी(पदेन)

(ङ) समितिमा आवश्यकता अनुसार सो जिल्लाका सांसद, जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरु तथा स्थानीय निकायका पदाधिकारी, समाजसेवी एवं राजनितिक कार्यकर्तालाई आमन्त्रण गर्न सकिने छ।

२. <u>आयोगको केन्दीय सचिवालय तथा जिल्लास्तरीय कार्यालयहरु</u>

आयोगको केन्द्रीय सचिवालय भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा रहनेछ। सोही मन्त्रालय नै आयोगको सम्पर्क मन्त्रालय हुनेछ। आयोगका निर्णयहरु कार्यान्वयन गर्ने जिम्मेवारी केन्द्रीय सचिवालय र जिल्ला स्तरीय कार्यालयको हुनेछ। आयोगका जिल्लास्तरीय समितिहरुका कार्यालयहरु सम्वन्धित जिल्लाका भूमिसुधार कार्यालयहरुमा रहनेछन। केन्द्रीय सचिवालयमा आवश्यक पर्ने कर्मचारीहरु उपलव्ध भएसम्म भूमिसुधार तथा व्यवस्था आवास तथा भौतिक योजना र वन तथा भूसंरक्षण मन्त्रालयहरुबाट काजमा ल्याइनेछन। जिल्ला स्तरमा काममा लगाइने कर्मचारीहरु सकेसम्म त्यसै जिल्लाका सरकारी कार्यालयहरुबाट काजमा ल्याइने छन।

३. <u>आयोगका केन्दीय तथा जिल्लास्तरीय सदस्यहरुको सुविधा</u>

(क) केन्द्रीय स्तरमा आयोगका अध्यक्षलाई मन्त्रीले पाउने पारिश्रमिक तथा उपाध्यक्षलाई सहायक मन्त्रीले पाउने पारिश्रमिक र ती दुवै पदाधिकारीलाई सो वमोजिमको गाडी र ईन्धन सुविधा उपलव्ध गराइनेछ तर त्यस्तो गाडी सुविधा उपलव्ध गराउन नसकिएमा तोकिएवमोजिमको सवारी भत्ता उपलव्ध गराइनेछ। राजनीतिक नियुक्तिबाट आउने सदस्यहरुले सांसदले पाउने पारिश्रमिक पाउनेछन।

(ख) आयोगका जिल्ला स्तरीय समितिका अध्यक्ष, उपाध्यक्ष र (पदेन बाहेकका) सदस्यहरुको पारिश्रमिक तथा सुविधा आयोगको केन्द्रीयस्तरको समितिले तोकेवमोजिम हुनेछ।

<u>४. जिल्लाहरूको वर्गीकरण र कार्यावधि</u>

(१) अधिराज्यका विभिन्न जिल्लाहरूमा विद्यमान सुकुमबासी समस्याको

प्रकृति, परिणाम र गम्भीरताका आधारमा आयोगको केन्द्रीयस्तरको समितिले त्यस्ता जिल्लाहरूलाई तीन वर्गमा विभाजित गरी आयोग गठन भएको मितिले लागू हुने गरी ती जिल्लाहरूमा गठन हुने आयोगका जिल्ला स्तरीय समितिहरूको कार्यविधि देहाय बमोजिम तोक्नेछ।

(क) 'क' वर्गमा विभाजित जिल्लाहरूमा आयोगले सम्पन्न गर्नुपर्ने कार्यावधि 7 महिना।

(ख) 'ख' वर्गमा विभाजित जिल्लाहरूमा आयोगले सम्पन्न गर्नुपर्ने कार्यावधि 5 महिना।

(ग) 'ग' वर्गमा विभाजित जिल्लाहरूमा आयोगले सम्पन्न गर्नुपर्ने कार्यावधि 3 महिना।

(२) ती जिल्लास्तरीय समितिहरूलाइ समितिको निर्णयानुसार कानून वमोजिम सुकुमबासीहरुलाई जग्गाको लालपुर्जा वितरण गर्न सक्ने सम्मको सबै अधिकार उपलव्ध हुनेछ।

(३) जिल्लास्तरीय समितिहरूको अन्य काम, कर्तव्य र अधिकार आयोगको केन्द्रीयस्तरको समितिले तोके बमोजिम हुनेछ।

(४) जिल्लास्तरीय समितिहरूको गठन, पुनर्गठन र विघटन गर्ने अधिकार आयोगको केन्द्रीय स्तरको समितिलाई हुनेछ।

(५) उल्लिखित कार्यावधि सकिएपछि बाँकी रहेका काम पुरा गर्न र भएका कामलाई निरन्तरता दिन सम्बन्धित आयोगले जिल्लामा भूमिसुधार अधिकारीको अध्यक्षतामा जिल्ला कार्यालय तथा वन, मालपोत र नापी कार्यालयहरूका प्रतिनिधिहरू रहेको एक जिल्लास्तरीय समिति गठन गर्नेछ। सो समितिमा आवश्यकतानुसार अन्य कार्यालयका प्रतिनिधिलाई समेत आमन्त्रण गर्न सकिनेछ।

## ५. आयोगको अधिकार तथा काम, कर्तव्य

(क) आयोगले आफ्नो कामको सिलसिलामा तोकिएको अधिकार क्षेत्रभित्र रही दिएको आदेश वा निर्देशन सम्वन्धित क्षेत्रीय अंचल जिल्ला तथा मातहतका कार्यालयहरुले अविलम्व अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्ने गरी सम्वन्धित मन्त्रालयबाट त्यस्ता कार्यालयहरु (न्यायपालिका र शाही सेना वाहेक) लाई निर्देशन दिइनेछ।

(ख) अध्यक्षलाई आफ्नो कार्य सम्पादन गर्न देहायवमोजिम अधिकार हुनेछ। स्थानीय प्रशासन ऐन २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी -

(१) जग्गा नापजाँच ऐन, २०१९ को दफा ३ को प्रयोजनको लागि जग्गा नापजाँच नियमावली, २०३२ को नियम ३, ७, ८ र १२ बमोजिमको अधिकारीका अधिकारहरू र जग्गा नापजाँच ऐन, २०१९ को दफा ११ (ख)वमोजिमको समितिको अधिकार।

(२) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२९) र (३०) वाहेक अन्य दफा अन्तर्गत मालपोत कार्यालय र सो कार्यालय प्रमुखलाई भएको अधिकार र कर्तव्यहरु।

(३) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र मालपोत नियमावली २०३६ को नियम १६ को उपनियम (१) बमोजिम तोकिएको समितिको अधिकार।

(४) स्थानीय प्रशासन ऐन, २०५८ को दफा ६.क) र ६.ख अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार तथा कर्तव्यहरु।

(५) वन ऐन, २०१८ को दफा ३, ३क र ४ वमोजिमको अधिकार

(ग) माथि उल्लेख गरे वमोजिम अध्यक्षलाई दिएको अधिकार वाहेक देहायवमोजिमको अधिकार आयोगको हुनेछ-

(१) विगतका वन सृदृढीकरण आयोग, वसोवास समित, पुनर्वास कम्पनी, ग्रामिण आवास तथा वस्ती विकास कम्पनी जस्ता निकायले अनियमित गरेकोलाई नियमित गर्ने अधिकार

(२) जग्गा वितरण गर्दा जग्गाको हद (क्षेत्रफल) र मूल्य निर्धारण गर्ने अधिकार।

(घ) यस आयोगलाई यस अघिका आयोगले गरेका निर्णयहरु कानूनवमोजिम छानविन तथा बदर गर्न सक्ने अधिकार उपलव्ध हुनेछ।

(ङ) आयोगका अध्यक्षलाई वा आयोगलाई प्राप्त अधिकारहरु आयोगका अध्यक्षले वा आयोगले आयोगका सदस्य वा जिल्ला समितिको कुनै पदाधिकारी वा सदस्य वा श्री ५ को सरकारको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

(च) आयोगले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्न सक्नेछ।

**६. <u>आयोगको सुविधा र वजेट सम्वन्धी</u>**

(क) आयोगमा कार्यरत सदस्य तथा कर्मचारीहरुलाई नियमानुसार भ्रमण भत्ता दिइनेछ।

(ख) आयोगका अध्यक्ष तथा सदस्यहरुलाई काठमाण्डौ बाहिर काजमा खटिंदा रु १५०-, कर्मचारीहरुमध्ये अधिकृतलाई रु १००।- र अन्य कर्मचारीहरुलाई रु ७५- दैनिक भत्ता दिइनेछ।

(ग) आयोगकालागि आवश्यक पर्ने रकम अर्थ मन्त्रालयले औचित्य हेरी पटक-पटक गरी उपलव्ध गराउने छ।

(घ) आयोगले वजेट खर्च गर्दा आर्थिक अनुशासन र मितव्ययीतालाई अपनाउनु पर्नेछ।

(ङ) भैपरी आउने काम वापत आयोगले एक आर्थिक वर्षमा रु ५०,०००।– मा नवढ्ने गरी एक पटकमा रु ५, ०००।– सम्म खर्च गर्नसक्नेछ।

७. <u>बाधा अडकाउ फुकाउने</u>

आयोगको कार्य सम्पादनमा आइपर्ने कुनै समस्या वा बाधा अडकाउ फुकाउनु परेमा आयोगले आफ्नो सम्पर्क मन्त्रालय मार्फत मन्त्रिपरिषद्मा पेश गर्न सक्नेछ।

**अनुसूची ७(क)**

(अनुसूची ६ वमोजिमको आदेश सहित संलग्न गरिएको मन्त्रिपरिषद्बाट २०५५/३/१ मा स्वीकृत अनुसूची मा २०५५/३/२९ को संशोधन)

**श्री ५ को सरकार**
**मन्त्रिपरिषद् सचिवालय**
**(..................शाखा )**

पत्र संख्या | सिंहदरवार काठमाण्डौ
च.नं- | नेपाल

मितिः २०५५।3।29

**विषयः**

श्री सचिवज्यू,
भूमिसुधार तथा व्यवस्था मन्त्रालय।

सुकुमबासी समस्या समाधान आयोगको गठन काम कर्तव्य र अधिकार सम्वन्धी अनुसूची **(कार्यनीति) मा संशोधन गर्ने विषयको भूमिसुधार तथा व्यवस्था मन्त्रालयको नं १५ क१।३८-055।3।28 को प्रस्ताव** मं .प. बै.सं 23।०५५ को मन्त्रिपरिषद्को वैठकमा पेश हुँदा, त्यसमा श्री ५ को सरकार (कार्य सम्पादन) नियमावली, २०४७ को नियम २६ (अनुसूची १ खण्ड क) अनुसार यसमा श्री ५ को सरकारले देहायमा लेखिएवमोजिम गर्ने निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन अनुरोध गरेको छु-

<u>श्री ५ को सरकारको निर्णय</u>

आयोगका केन्द्रीय अध्यक्ष तथा उपाध्यक्षलाई क्रमश: माननीय मन्त्री तथा राज्य मन्त्रीले पाउने तलवका साथै टेलिफोन, विजुली, धारा, गाडी, ईन्धन र घरभाडा वापतका सुविधाहरु तथा एक-एक जना निजी सचिवहरुसमेत राख्न पाउने सुविधा

उपलव्ध गराउने, आयोगका केन्द्रीय सदस्यहरुलाई माननीय सांसदले पाउने तलव तथा घरभाडा सुविधा उपलव्ध गराउने र प्रस्ताव साथ संलग्न अनुसूचीमा उल्लेख भएवमोजिम आयोग सम्वन्धी अन्य खर्च र सुविधाका हकमा माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीले माननीय अर्थ मन्त्रीसंग परामर्श गरी तय गर्ने गरी अरु प्रस्तावमा लेखिएवमोजिम गर्ने।

(वलराम सिंह मल्ल)
मुख्य सचिव
२०५५।३।२९

अनुसूची

सुकुमबासी समस्या समाधान आयोगको गठन काम कर्तव्य र अधिकार सम्वन्धमा श्री ५ को सरकार मन्त्रिपरिषद् बाट मिति २०५५।३।१ मा स्वीकृत अनुसूची**मा देहायवमोजिम संशोधन तथा थपघट गर्ने:-**

| | |
|---|---|
| १ | अनुसुचीको दफा १ पछि देहायको परिभाषा थप गर्नु पर्ने:- (क) "सुकुमबासी" भन्नाले जिविकाको लागि कुनै विकल्प नभएका आफ्नो वा आफ्ना अंशियारको नाममा वा कव्जामा कुनै घर जग्गा नभएका र आफ्ना अंशियारका नाउमा घर वा जग्गा जोडन सक्ने साधन स्रोत नभएका भूमि हीन तथा निसहाय(कृषि मजदुर, कमैया, हलि, हरुवा, चरुवा आदि) व्यक्ति र दैवि प्रकोषबाट घर जग्गा विहिन हुन पुगेका व्यक्ति एवं निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ। (ख) " अव्यवस्थित वसोबासी " भन्नाले अन्यत्र कतै आफ्नो वा आफ्नो परिवारको नाममा जग्गा भएका वा नभएको कुनै सरकारी ऐलानी पर्ति जस्ता जग्गामा घरवास र भोगचलन गरिराखेको व्यक्ति सम्झनु पर्छ। |
| २ | अनुसूचीको दफा १ को जिल्ला स्तरीय समितिको गठन सम्वन्धी व्यहोराको देहाय (घ) मा रहेको "सम्वन्धित जिल्लाको भूमिसुधार अधिकारी (पदेन)" भन्ने शव्दहरुको सट्टा "सम्वन्धित जिल्लाको भू.सु.अ. वा मालपोत कार्यालयको प्रमुख" भन्ने शव्दहरु राख्ने। |
| ३ | अनुसूचीको दफा १ को जिल्ला स्तरीय समितिको गठन सम्वन्धी व्यहोराको |

| | |
|---|---|
| | देहाय (ङ) मा रहेको "समितिमा आवश्यकता अनुसार सो जिल्लाका सांसद, जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका प्रतिनिधिहरु तथा स्थानीय निकायका पदाधिकारी, समाजसेवी एवं राजनितिक कार्यकर्तालाई आमन्त्रण गर्न सकिने छ" भन्ने शव्दहरुको सट्टा "जिल्ला समितिको वैठकमा कुनै पनि महानुभावलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ।" भन्ने वाक्यांशहरु राख्ने। |
| ४ | अनुसूचीको जिल्लास्तरीय समितिको गठन सम्बन्धी विषयको खण्ड (ङ) पछि जिल्लास्तरीय समितिमा देहायका पदेन सददस्यहरू रहनेछन् भन्ने वाक्यांश थप गर्ने:<br>(क) प्र.जि.अ. - सदस्य<br>(ख) मा.पो.का. प्रमुख - ,,<br>(ग) वन अधिकृत -सदस्य<br>(घ) आवाश तथा शहरी विकास शाखाको प्रमुख - ,,<br>(ङ) नापी शाखाको प्रमुख - ,,<br>(च) जि.वि.स. प्रतिनिधि - ,,<br>(छ) भू.स.अ. - ,, |
| ५ | दफा २ मा रहेको "आयोगको केन्द्रीय सचिवालय भू.सु. मन्त्रालयमा रहनेछ" भन्ने र "आयोगको जिल्लास्तरीय समितिको कार्यालयहरूका सम्बन्धी जिल्लाका भू.सु. कार्यालयहरूमा रहनेछन् भन्ने दुबै वाक्यांश हटाउने"। |
| ६ | **दफा ३(क) को सट्टा देहायको ३(क). कायम गर्ने:-** केन्द्रीय आयोगको अध्यक्षको स्तर मन्त्री सरह, उपाध्यक्षको स्तर राज्यमन्त्री सरह र सदस्यहरूको स्तर संसद सदस्य सहको हुनेछ। साथै निजहरूले पाउने पारिश्रिमक तथा अन्य सुविधाहरू मं.प. ले तोक्नेछ। |
| ७ | **दफा ३(ख). को सट्टा देहायको ३(ख). कायम गर्ने:** आयोगको जिल्ला स्तरीय समितिको अध्यक्ष तथा उपाध्यक्षको पारिश्रमिक तथा सुविधाको सम्बन्धमा श्री ५ को सरकारले प्रशासनिक दृष्टिकोणबाट वर्गिकृत गरेका जिल्लाहरूको आधारमा केन्द्रीय आयोगले तोक्ने। |
| ८ | दफा ४(१) को देहाय खण्ड (क) (ख) र (ग) मा रहेको क्रमशः ७, ५, ३ भन्ने अंकहरूको सट्टा क्रमशः ९, ७, ५ कायम गर्ने। |

| | |
|---|---|
| ९ | दफा ४(२) को सट्टा देहायको दफा ४(२) राख्नेः- जिल्ला स्तरीय समितिहरूलाई प्रचलित कानून र यस कार्यनीतिको परिधिभित्र रही सकुम्बासी तथा अव्यवस्थित बसोवासीहरूलाई लालपूर्जा वितरण गर्ने सक्ने सबै अधिकार प्राप्त हुनेछ। |
| १० | दफा ४(४) मा रहेको "केन्द्रीय स्तरको समिति" भन्ने शब्दको सट्टा "केन्द्रीय आयोग" भन्ने शब्द राख्ने। |
| ११ | **<u>दफा ५ मा देहायको उपदफा (१) थप गर्नेः</u>**- आयोगले सकुम्बासी तथा अव्यवस्थित बसोवासको समस्या समाधान गर्नका लागि देहायमा उल्लेख भएको जग्गाहरूको विक्री तथा वितरणको व्यवस्था गर्नेछः-<br>(क) भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम तोकिएको अधिवक्ता हदभन्दा बढी भई प्राप्त वा जफत गरिएको जग्गा (मोहीयानी लागेको वाहेक)।<br>(ख) भूमि सम्बन्धी ऐन, २०२१ को दफा १२ बमोजिम श्री ५ को सरकारले खास प्रयोजनको लागि भनि अधिकतम हदभन्दा बढी जग्गा राख्न छुट दिएको त्यस्तो छुट पाउने संस्था, उद्योग वा फर्मले त्यस्तो जग्गा घोषित प्रयोजनमा नलगाई अन्य प्रयोजनमा लगाएबाट कानून बमोजिम फिर्ता लिएको वा जफत गरिएको जग्गा।<br>(ग) वसोवास कार्यक्रमलाई छुट्याई पुनर्वास कम्पनीलाई दिइएका तर वितरण तथा दर्ता भई नसकेको जग्गा।<br>(घ) सुकुमबासी तथा अव्यवस्थित बसोवासलाई वितरण वा विक्री गर्नका लागि श्री ५ को सरकारबाट प्राप्त भएको नापजाँच नभएको श्री ५ को सरकारको अधिनस्थ जग्गा।<br>(ङ) निजी नम्बरी जग्गा सरकारी जग्गामा मिलाई पर्ति मिचि घुसाई खाएकोमा सरकारी जति सम्बन्धित निकायबाट छुट्याई झिकी प्राप्त भएका जग्गा।<br>(च)निजी नम्वरी जग्गाका वन वाहेक साविकमा नापी हुँदा वन वुटेन, नदीउकास, पोखरी आदि सरकारी प्रकृति जनिएका जग्गामा हाल आवाद गुल्जार गरी बसोवास भएकोमा सम्बन्धित स्थानीय निकायसंग समन्वय गरी त्यस्ता जग्गाहरू। |

| | |
|---|---|
| | (छ) साविकमा सार्वजनिक जनिएका तर हाल सार्वजनिक प्रयोगमा नआई हाल वाधा विरोध र विवाद नभई भोगचलन गरी राखेका जग्गाहरू।<br>(ज) श्री ५ को सरकारको ऐलानी पर्ति जग्गाहरू।<br>(झ) उपरोक्त देखि वाहेक आयोगको उद्देश्य कार्यान्वयनका लागि श्री ५ को सरकारले सुकुमबासीलाई वितरण गर्न भनी उपलब्ध गराइदिएका जग्गाहरू। |
| १२ | दफा ५(ख)(१) मा रहेको "७" र जग्गा नापजाँच ऐन, २०१९ को दफा ११(ख) बमोजिमको समितिको अधिकार" भन्ने वाक्यांश हटाउने। |
| १३ | दफा ५(ख)(२) को सट्टा देहायको ५(ख)(२) राख्नेः-<br>मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (१) र (२) र दफा ३० को अधिकार। |
| १४ | **दफा ५(ख)(५)को सट्टा देहायको ५(ख)(५) राख्नेः-** वन ऐन, २०४९ को दफा ३ को अधिकार र सो को प्रयोजनको लागि दफा २(ख) मा व्यवस्था भएको साधन आवश्यकतानुसार प्रयोग गर्न सक्ने अधिकार। |
| १५ | **दफा ५(ख) पछि देहायको (१), (२) र (३) थप गर्नेः-** (१) भूमि सम्बन्धी ऐन, २०२१ को दफा २१, २१(क), २१(ख), २२, २४ र २४(क) को प्रयोजनको लागि भूमि सम्बन्धी नियमहरू, २०२१ को नियम २२ अनुसार तोकिएको अधिकारीको अधिकार।<br>(२) झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ को दफा ४, ५,७ र ८ को प्रयोजनका लागि श्री ५ को सरकार र तोकिएको अधिकारीको अधिकार र झोरा क्षेत्रको जग्गा सम्बन्धी नियमावली, २०२८ को नियम ८ अनुसार भूमि प्रशासकलाई भएको अधिकार।<br>(३) साविकमा विविध कारणवस जग्गा सट्टा भर्ना दिने शर्तमा अधिकरण गरी वा नगरी श्री ५ को सरकारको निर्णयले सट्टाभर्ना दिने भनिएको जग्गा दर्ता गरी दिने अधिकार। |
| १६ | **दफा ५(ग)(१) को सट्टा देहाय ५(ग)(१) राख्नेः-** विगतमा वन सुदृढीकरण आयोग, बसोवास समिति, पुनर्वास कम्पनी, ग्रामिण आवास तथा वस्ती विकास कम्पनी, झोरा सम्बन्धी आयोग, सुकुमबासी समस्या समाधान आयोग जस्ता निकायले सुकुमबासी तथा अव्यवस्थित बसोवासीलाई जग्गा दर्ता गरी दिने |

| | |
|---|---|
| | सम्बन्धमा कार्यान्वयन हुन वांकी रहेका कार्य आवश्यकतानुसार नियमित गरी सम्पन्न गर्ने। |
| १७ | दफा ५(ङ) मा रहेको "सदस्य" भन्ने बाक्यांशको सट्टा "पदाधिकारी" भन्ने शब्द राख्ने। |
| १८ | दफा ६(ग) मा रहेको "औचित्य हेरी" भन्ने शब्दको सट्टा "आवश्यकतानुसार" भन्ने शब्द राख्ने। |
| १९ | दफा ६(ङ) मा रहेको "एक आर्थिक वर्षमा रु. ५०,०००।- ननाघ्ने गरी" भन्ने वाक्यांश हटाउने र "रु ५,०००।-" को सट्टा "रु. १०,०००।-" राख्ने। |
| २० | दफा ७ पछि देहायको दफा ८, ९, १०, ११, १२, १३, १४ र १५ थप गर्नेः-<br>८. <u>**वैठक भत्ताः-**</u><br>(१) आयोगको वैठक वसेको वेला प्रति वैठक रु. ५००।- तथा जिल्ला समितिको वैठक वसेको वेला प्रति वैठक रु. ३००।– आयोग तथा समितिका पदाधिकारी र वैठकमा उपस्थित आमन्त्रितले वैठक भत्ता पाउने छन्।<br>(२) उपदफा (१) मा जे सुकै भएता पनि सुकुमबासी समस्या समाधान समितिको हकमा महिनाको ४ पटक भन्दा बढी अवधिको वैठक भत्ता प्राप्त हुने छैन।<br>९. <u>**दैनिक भत्ताः**</u><br>आयोग र समितिको काममा कार्यालय रहेको जिल्लाबाट काजमा अन्यत्र जादा आयोग र समितिका पदाधिकारीहरू तथा कर्मचारीहरूलाई देहाय बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछः<br>(क) आयोगको केन्द्रीय पदाधिकारीहरूलाई रु. २००।–<br>(ख) सु.स.स समितिका अध्यक्ष र सदस्यलाई रु. १५०।–<br>(ग) सरकारी कर्मचारीलाई प्रचलित नियमानुसार पाउनेमा ५० प्रतिशत।<br>१०. <u>**भत्ता दिनेः**</u><br>आयोगको केन्द्रीय तथा जिल्ला समितिहरूमा काम गर्ने कर्मचारीहरूलाई |

| | |
|---|---|
| | शुरु तलब स्केलको ५० प्रतिशत भत्ता दिइनेछ।<br>११. **<u>सिमाना कायम गर्न रकम उपलब्ध गराउनेः</u>**<br>साविक वन जंगल क्षेत्र रहेको हाल आवास गुल्जार भएकोमा अव्यवस्थित वसोवासीलाई विक्री गरी सो बाट प्राप्त हुने रकम सम्बन्धित सर्वसंचित कोषमानै दाखिला गर्ने। त्यसरी जग्गा विक्री भई सर्वसंचीत कोषमा दाखिल भएको रकम ५० प्रतिशत रकम प्रस्तावमा उल्लेख भए बमोजिम (वन सिमाना कायम गर्नका लागि) को प्रयोजनको लागि कार्यक्रम सहित वन तथा भू-संरक्षण मन्त्रालयले माग गरेका वखत अर्थ मन्त्रालयले अनिवार्य रुपमा उपलब्ध गराउने।<br>१२. **<u>कर्मचारी सम्बन्धमाः</u>**<br>(क) आयोग तथा जिल्ला समितिमा आवश्यक पर्ने कर्मचारीहरूका लागि आयोगले भू.सु.मं., अर्थ मं. सा.प्र.मं. का सचिवहरू र आयोगको सदस्य सचिव भएको दरबन्दी समिति गठन गरी सो समितिले दरवन्दी निर्धारण गर्ने।<br>१३. **<u>आयोगको सचिवालय सम्बन्धीः</u>**<br>आयोगको छुट्टै सचिवालय रहनेछ। आयोगको सचिवले सचिवालयको दैनिक कार्य सम्पादन गर्नेछ। आयोगको निर्णय कार्यान्वयन र आन्तरिक तथा कर्मचारी व्यवस्थापन एवं लेखा परीक्षण गराउने लगायत आयोगको कार्य सम्पादन गर्ने जिम्मवारी निजको हुनेछ।<br>१४. **<u>जिल्लास्तरीय कार्यालय सम्बन्धीः</u>**<br>सम्बन्धित जिल्लामा आयोगको जिल्ला समितिको कार्यालय स्थापना हुनेछ।<br>१५. **<u>जग्गा वेचविखनमा प्रतिवन्धः</u>**<br>आयोगबाट सकुम्बासी तथा अव्यवस्थित बसोवासीलाई विक्री तथा वितरण गरिएको जग्गा हक हस्तान्तरण, वेचविखन, कुनै किसिमको दानदातव्य वा धितोवन्धक राख्न कम्तिमा १० वर्षसम्म पाईनेछैन। तर औद्योगिक तथा कृषि व्यवसाय गर्न कुनै वैक तथा वित्तिय संस्थामा ऋण सापटी लिई धितो राख्न कुनै वाधा पर्ने छैन। |

**अनुसूची ७(ख)**

**(अनुसूची ६ वमोजिमको आदेश सहित संलग्न गरिएको मन्त्रिपरिषद्बाट २०५५/३/१ मा स्वीकृत अनुसूची मा २०५५/४/४ को संशोधन)**

<u>मिति २०५५/४/४ मा स्वीकृत निर्णय खण्डमा संशोधन</u>

| निर्णय खण्ड | संशोधन प्रस्ताव |
|---|---|
| १ | यस निर्णय खण्डको दोस्रो हरफमा रहेको "ठाउँ वसोवास" भन्ने शब्दहरू पछि "वा भोगचलन" भन्ने शब्द राख्ने र अन्तिम हरफमा रहेको "अनिवार्य रुपमा" भन्ने शब्द हटाउने। |
| २.३ | निर्णय नं. २ र ३ हटाउने |
| ४ | निर्णय नं. ४ को सट्टा आयोगको सुविधा र वजेट सम्बन्धी शिर्षक अन्तर्गत देहायको व्यहोरा राख्नेः<br>आयोगको वजेट र सुविधा<br>(क) आयोगले वजेट खर्च गर्दा आर्थिक अनुशासन र मितव्ययीतालाई अपनाउनु पर्दछ।<br>(ख) आयोगका लागि आवश्यक रकम अर्थ मन्त्रालयले आवश्यकतानुसार पटक पटक गरी उपलब्ध गराउने छ र खर्चको बाँडफाँड आयोग स्वयंले गर्नेछ।<br>(ग) भैपरी आउने रकम वापत आयोगले एक पटकमा रु १०,०००।- (दश हजार सम्म खर्च गर्न सक्नेछ)<br>(घ) दैनिक भत्ताः आयोग र समितिको काम काजमा अन्यत्र जांदा आयोग र समितिका पदाधिकारी सदस्य तथा कर्मचारीहरूलाई देहाय बमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ-<br>(१) आयोगको केन्द्रीय पदाधिकारी र सदस्यहरुलाई रु २००।- (दुइ सय) |

| | |
|---|---|
| | (२) सुकुमबासी समस्या समाधान समितिका अध्यक्ष, उपाध्यक्ष र सदस्यहरूलाई रु. १५०।- (एक सय पचास)<br>(३) सरकारी कर्मचारीलाई प्रचलित नियमानुसार पाउनेमा ५० प्रतिशत थप।<br>(ङ) आयोगको सचिवालय तथा जिल्ला समितिहरूमा काम गर्ने कर्मचारीहरूलाई शुरु तलब स्केलको ३३ प्रतिशत भत्ता दिईने छ।<br>(च) बैठक भत्ताः आयोगको बैठक वसेको वेला प्रति बैठक रु. ५००।- तथा जिल्ला समितिको बैठक वसेको वेला प्रति वैठक रु ३००।- आयोग तथा समितिका पदाधिकारी, सदस्य तथा बैठकमा उपस्थित आमन्त्रितहरूले बैठक भत्ता पाउने छन्।<br>आयोगको बैठकमा उपस्थित महानुभावहरूका सवारी चालकलाई रु. १००।- बैठक भत्ता दिइनेछ। जिल्ला समितिको हकमा महिनाको ४ पटक भन्दा बढी वसेको बैठकको बैठक भत्ता दिइने छैन। |

**अनुसूची ७(ग)**

(अनुसूची ६ वमोजिमको आदेश सहित संलग्न गरिएको मन्त्रिपरिषद्‌बाट २०५५/३/१ मा स्वीकृत अनुसूची मा २०५५/4/11 को संशोधन)

**श्री ५ को सरकार**

**मन्त्रिपरिषद् सचिवालय**

**(...................शाखा )**

पत्र संख्या **347/055** सिंहदरवार काठमाण्डौ

च.नं- नेपाल

मितिः २०५५।4।11

**विषयः**

श्री सचिव,

भूमिसुधार तथा व्यवस्था मन्त्रालय।

मिति २०५५।४।११ मा बसेको मन्त्रिपरिषद् आर्थिक समितिबाट देहायवमोजिम निर्णय भएकोले आवश्यक कार्यार्थ अनुरोध गरेको छु।

1 सुकुमबासी समस्या समाधान आयोगको काम, कारवाही र कार्यनीतिमा संशोधन गर्ने बारे भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्रस्तुत प्रस्तावमा मन्त्रिपरिषद्‌द्वारा मिति २055/४/११ मा "मन्त्रिपरिषद्‌को आर्थिक समितिमा छलफल गरी समितिबाट निर्णय भए अनुसार गर्ने" निर्णय भए अनुरुप समितिमा छलफल हुँदा देहाय बमोजिम गर्न स्वीकृति दिने निर्णय भयो-

(क) मन्त्रिपरिषद्‌को मिति २०५५/३/१ को निर्णयमा संशोधन गर्न प्रस्तावित अनुसुचीको ५(छ) मा रहेको "आयोगले" भन्ने शब्द पछि "दुई वर्ष सम्मको" भन्ने शब्दहरू थप्ने। सोही खण्डको ५(ज) मा रहेको "नबुझाउनेलाई" भन्ने शब्द पछिका वाक्यांश हटाई "जग्गाधनी प्रमाण पूर्जा दिइने छैन" भन्ने वाक्यांश राख्ने।

(ख) मन्त्रिपरिषद्‌को मिति २०५5/3/29 को निर्णयमा संशोधन गर्न प्रस्तावित अनुसूचीको (क) लाई "आयोगका केन्द्रीय सदस्यहरुलाई माननीय सांसदले

पाउने तलब" भन्ने वाक्यांश पछि "टेलिफोन, बिजुली, धाराको सुविधाका साथै खरिदार सरहको निजी सचिव" भन्ने वाक्यांश थप्ने गरी मिलाउने।

(ग) मन्त्रिपरिषद्को मिति 2055/4/4 को निर्णयमा संशोधन गर्न प्रस्तावित अनुसूचीको २,३ लाई निर्णय नं २,३को सट्टा देहायको नं २ राख्ने-

(२) नगरपालिका वा वजार क्षेत्र र ग्रामीण क्षेत्रमा सुकुमबासीलाई बसोबासको लागि क्रमशः १० धुर वा आधा रोपनी र ३ कठ्ठा वा २ रोपनी जग्गा कायम गरी यसको लागि मूल्य बापत मालपोत कार्यालयको मूल्यांकनको ५ प्रतिशत लिने। उपयुक्त क्षेत्रफल भन्दा बढी जग्गामा बसोबास वा भोगचलन गर्न सुकुमबासीलाई नगरपालिका वा बजार क्षेत्रमा ५ कठ्ठा वा सांढे तीन रोपनी सम्म र ग्रामीण क्षेत्रमा १० कठ्ठा वा ७ रोपनीसम्म जग्गा मालपोत कार्यालयको मूल्यांकनको ५० प्रतिशतले हुने मूल्य लिई वितरण गर्ने तथा यो भन्दा बढी जग्गामा बसोबास वा भोगचलन गरेकोमा नगरपालिका वा बजार क्षेत्रमा भए १० कठ्ठा वा ७ रोपनीको हदसम्म र ग्रामिण क्षेत्रमा भए डेढ विगहा वा २१ रोपनीको हदसम्म जग्गा मालपोत कार्यालयको मूल्यांकन बराबरको मूल्य लिई वितरण गर्ने।

अव्यवस्थित बसोवासीको हकमा बसोबासको लागि जग्गाको छुट्टै हद नतोकी बसोवास वा भोगचलन गरेको जग्गा मध्ये नगरपालिका वा बजार क्षेत्रमा भए डेढ कठ्ठा वा १ रोपनी र ग्रामिण क्षेत्रमा भए ३ कठ्ठा वा २ रोपनि जग्गाको मूल्य वापत मालपोत कार्यालयको मूल्यांकनको ५० प्रतिशत लिई तथा सो भन्दा बढी क्षेत्रफलमा बसोवास वा भोगचलन गरेकोमा नगरपालिका वा बजार क्षेत्रमा भए १० कठ्ठा वा ७ रोपनीको हदसम्म र ग्रामिण क्षेत्रमा भए डेढ विगाहा वा २१ रोपनीको हदसम्म जग्गा मालपोत कार्यालयको मूल्यांकन बरावरको मूल्य लिई वितरण गर्ने।

तर कुनै सकुम्वासीले आर्थिक विपन्नताको कारणले बसोबासको जग्गाको लागि मूल्य तिर्न सक्दैन भन्ने लागेमा सकुम्वासी समस्या समाधान आयोग वा समितिले बसोवासको लागि तोकिएको हदसम्मको जग्गामा निःशुल्क वितरण गर्न सक्नेछ।" गरी मिलाउने।

यसै अनुसूचीको ४(ख) र (ग) हटाउने र (घ) लाई "दैनिक भत्ताः आयोगका पदाधिकारीहरू जिल्ला भ्रमणमा जांदा र समितिका पदाधिकारीहरू

केन्द्र आउंदा आयोग र समितिका पदाधिकारी, सदस्य तथा कर्मचारीहरूलाई देहायबमोजिमको दैनिक भ्रमण भत्ता उपलब्ध हुनेछ" गरी मिलाउने। साथै, यसै अनुसूचीको (ङ) मा रहेको "५०" लाई "३३" गरी मिलाउने।"

**अनुसूची ७(घ)**

(नेपाल सरकार मन्त्रिपरिषद्को २०५५/५/१ को संशोधन)

**श्री ५ को सरकार**

**मन्त्रिपरिषद् सचिवालय**

**(………………शाखा )**

पत्र संख्या **455/055** सिंहदरवार काठमाण्डौ

च.नं- नेपाल

मितिः २०५५।5।1

**विषयः**

श्री सचिवज्यू,

भूमिसुधार तथा व्यवस्था मन्त्रालय।

आयोगबाट नै तोकिने व्यवस्था यथावत कायम राख्ने विषय मं .प. बै.सं ३१।०५५ को मन्त्रिपरिषद्को वैठकमा पेश हुँदा, त्यसमा श्री ५ को सरकार (कार्य सम्पादन) नियमावली, २०४७ को नियम २६ (अनुसूची १ खण्ड क) अनुसार श्री ५ को सरकारले देहायमा लेखिएवमोजिम गर्ने निर्णय गरेकोले सो बमोजिम कार्यान्वयन हुन अनुरोध गरेको छु-

श्री ५ को सरकारको निर्णय

मन्त्रिपरिषद्को मं.प. बै.सं २५।०५५ मिति २०५५।४।४ को निर्णय र मं.प. बै.सं 27।०५५२०५५।४।११ को निर्णयानुसार मन्त्रिपरिषद्को आर्थिक समितिले गरेको मिति २०५५।४।११ को निर्णय वमोजिम नगरपालिका वा बजार क्षेत्र र ग्रामीण क्षेत्रमा सुकुमबासी तथा अव्यवस्थित वसोबासीहरुलाई बिक्री वितरण गरिने जग्गाको हद र मूल्य मं.प. बाट नै तोकिएकोमा सो व्यवस्थालाई संशोधन गरी त्यसरी बिक्री वितरण गरिने जग्गाको हद र मूल्य मन्त्रिपरिषद्को मं.प. बै.सं 17।०५५मिति २०५५।३।३१ को निर्णयानुसार साविक वमोजिम आयोगबाट नै तोकिने व्यवस्था यथावत कायम राख्ने।

आज्ञाले

(वलराम सिंह मल्ल)

मुख्य सचिव

**अनुसूची-८**

नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४९, काठमाण्डौ, मंशिर १६ गते २०५६ साल, अतिरिक्ताङ्क ३३ ख

भाग ३

श्री ५ को सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले नेपाल अधिराज्य भित्र रहेका सुकुमबासी र अव्यवस्थित वसोबासको समस्या समाधान गर्नको लागि देहायवमोजिमको सुकुमबासी समस्या समाधान आयोग गठन गरी आयोगको काम कर्तव्य र अधिकार समेत देहायवमोजिम तोकेकोछ।

१. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आयोगको प्रयोजनका लागि-

(क) "सुकुमबासी" भन्नाले नेपाल अधिराज्यभित्र आफ्नो वा आफ्नो अंशियारको नाममा कुनै घर वा जग्गा नभएका वा आफ्नो वा आफ्नो अंशियारको नाममा घर वा जग्गा जोड्न सक्ने साधन स्रोत नभएका भूमिहीन वा दैवी प्रकोपबाट घर जग्गाविहीन हुन पुगेका व्यक्ति एवं निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

(ख) "अव्यवस्थित बसोबासी" भन्नाले आफ्नो वा आफ्नो अंशियारको नाममा अन्यत्र कतै जग्गा भएको वा नभएको, विक्रम सम्वत २०४८ सालको प्रतिनिधि सभा सदस्य निर्वाचन हुँदा सम्वन्धित क्षेत्रको मतदाता नामावलीमा आफ्नो नाम समावेश गरी निर्वाचनको मिति सम्ममा कुनै सरकारी पर्ति वा ऐलानी, जस्ता जग्गामा घरबास गरी वसेको व्यक्ति सम्झनु पर्दछ।

(ग) "आयोग" भन्नाले दफा २ बमोजिम गठित सुकुमबासी समस्या समाधान आयोगलाई जनाउँछ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित सुकुमबासी समस्या समाधान आयोग जिल्ला समितिलाई जनाउँछ।

## २. आयोगको गठन :

(१) सुकुमबासी समस्या समाधान आयोगको गठन देहाय बमोजिम गरिनेछ।

| | | |
|---|---|---|
| क. | विभागीय मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - अध्यक्ष |
| ख. | तेज प्रसाद सिटौला, तेह्रथुम | - सदस्य |
| ग. | वसन्त गुरुङ्ग, महोत्तरी | - सदस्य |
| घ. | हरिप्रसाद चौधरी, दाङ | - सदस्य |
| ङ. | तिलक सापकोटा, नवलपरासी | - सदस्य |
| च. | कृष्णकुमार जोशी, बैतडी | - सदस्य |
| छ. | त्रिलोचन पौडेल, चितवन | - सदस्य |
| ज. | मदन अमात्य, ललितपुर | - सदस्य |
| झ. | हरि नेपाल, पाल्पा | - सदस्य |
| ञ. | सूर्य नारायण यादव, सिराहा | - सदस्य |
| ट. | सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य |
| ठ. | सचिव, गृह मन्त्रालय | - सदस्य |
| ड. | सचिव, कानून तथा न्याय मन्त्रालय | - सदस्य |
| ढ. | सचिव, वन तथा भू-संरक्षण मन्त्रालय | - सदस्य |
| ण. | सचिव, स्थानीय विकास मन्त्रालय | - सदस्य |
| त. | सचिव, कृषि मन्त्रालय | - सदस्य |
| थ. | सचिव, आवास तथा भौतिक योजना मन्त्रालय | - सदस्य |
| द. | सचिव, जनसंख्या तथा वातारवरण मन्त्रालय | - सदस्य |
| ध. | श्री ५ को सरकारले तोकेको राजपत्रांकित विशिष्ठ श्रेणीको अधिकृत | - सदस्य सचिव |

(२) आयोगको एक छुट्टै सचिवालय हुनेछ। सदस्य सचिवले आयोगको निर्णय कार्यान्वयन लगायत दैनिक कार्य सञ्चालन गर्नेछ।

(३) आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

## ३. आयोगको काम, कर्तव्य र अधिकार :

(१) नेपाल अधिराज्यभित्र रहेको सुकुमबासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्नको लागि आयोगले देहायमा उल्लेखित अवस्थाका जग्गाहरु मात्र

सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई वितरण वा बिक्रीको व्यवस्था गर्न सक्नेछ।

(क) भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम तोकिएको अधिकतम हदबन्दी भन्दा बढी भइ प्राप्त वा जफत गरिएका जग्गा (मोहियानी लागेको बाहेक)

(ख) श्री ५ को सरकारको तर्फबाट यसअघि बसोबास वा पुनर्वास कार्यक्रमलाई छुट्याइएको तर वितरण भै नसकेको जग्गा,

(ग) कुनै व्यक्ति वा संस्थाले निजी नम्बरी जग्गामा सरकारी जग्गा घुसाई खाएकोमा सरकारी जग्गा जति सम्बन्धित व्यक्ति वा संस्थाबाट छुट्याई प्राप्त भएको जग्गा,

(घ) श्री ५को सकारको नाउँमा दर्ता रहेको वा अधीनमा रहेको ऐलानी पर्ती जग्गाहरु

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि देहायका जग्गाहरु आयोगले वितरण गर्ने छैन–

(क) प्रचलित कानून बमोजिम कायम रहेको सार्वजनिक जग्गा, वन क्षेत्रको जग्गा र नापी नक्सामा बाटो जनिएका जग्गाहरु,

(ख) काठमाडौं उपत्यकाभित्रका जग्गाहरु

(३) आयोगबाट वितरण वा बिक्री गरिने जग्गाको अधिकतम हद (क्षेत्रफल) र मूल्य आयोगले तोकेबमोजिम हुनेछ।

तर अव्यवस्थित बसोबासीको हकमा अन्यत्र जग्गा भएकालाई मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनको लागि तोकेको मूल्यको दोव्वर र अन्यत्र जग्गा नभएका अव्यवस्थित बसोबासीको हकमा सुकुमबासी सरहको मूल्य कायम गरिनेछ।

(४) आयोगले जग्गा वितरण वा बिक्री गर्दा सम्बन्धित क्षेत्रको सडक, खानेपानी, नदी कटान एवं भूक्षयको अवस्था, वातावरण तथा वन क्षेत्रको संरक्षण लगायतका पक्षहरुलाई विचार गर्नेछ।

(५) आयोगले विगतमा गठित सुकुमबासी समस्या समाधान आयोग, पुनर्वास कम्पनी, वन सुदृढीकरण आयोग जस्ता निकायहरुबाट सुकुमबासी वा अव्यवस्थित बसोबासीका नाउँमा बिक्री वितरण गरेका जग्गा प्रचलित कानून

र स्वीकृत नीति विपरित बिक्री वितरण भएको देखिएमा छानबीन गरी रायसहित नेपाल सरकारमा पेश गर्नेछ।

(६) साविकमा विविध कारणवश जग्गा सट्टा भर्ना दिने शर्तमा नेपाल सरकारले बस्ती उठाएकोमा सो शर्त अनुसार नम्बरी जग्गाको हकमा उपलब्ध भएसम्म त्यस्ता व्यक्ति वा परिवारलाई आयोगले जग्गा नै सट्टा भर्ना दिनेछ र जग्गा सट्टा दिन सकिने अवस्था नभएमा उचित क्षतिपूर्तिका लागि नेपाल सरकारमा अनुरोध गर्नेछ।

(७) आयोगले गरीबी निवारणको लक्ष्य अनुरुप नेपाल सरकारका अन्य निकायहरुसँग समन्वय गरी सुकुमबासी तथा न्यून आय भएका व्यक्तिहरुको सीप विकास, जिविकोपार्जन र आय अभिवृद्धिका निमित्त विविध कार्यक्रमहरु सञ्चालन गर्नेछ।

(८) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी आयोगलाई देहाय बमोजिमको अधिकारहरु प्रत्यायोजन गरिएको छः

(क) जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ अनुसार सम्वन्धित जग्गाको (नाप जाँच)गर्ने अधिकार र जग्गा (नाप जाँच) नियमावली, २०३२ को नियम ३, ८ र १२ बमोजिम अधिकारीका अधिकारकाहरू।

(ख) मालपोत ऐन, २०३४ को दफा २६ को उपदफा (१) र सो को प्रयोजनका लागि मालपोत नियमावली, २०३६ को नियम १६ को उपनियम (१) बमोजिमको समितिको अधिकार।

(ग) भूमि सम्वन्धी ऐन, २०२१ को दफा २१,२१क,२१ख,२२,२४ र २४क को प्रयोजनका लागि भूमि सम्वन्धी नियमहरु, २०२१ को नियम २२ अनुसार तोकिएको अधिकारीको अधिकार।

(घ) स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६क र ६ख अनुसार प्रमुख जिल्ला अधिकारीको अधिकार।

(९) आयोगले जग्गा वितरण वा बिक्रीको क्रममा प्रथमतः उपयुक्त स्थान पहिचान गरिसकेपछि आयोगबाट तोकिएको ढाँचामा लगत लिई सुकुमबासी वा अव्यवस्थित बसोबासीको पहिचान गरि आवश्यकता अनुसार जग्गाको नापनक्सा र कित्ताकाट समेत गराई यसै कार्यनीतिको अधीनमा रही त्यस्ता

जग्गा सम्बन्धित सुकुमबासी वा अव्यवस्थित बसोबासीका नाउँमा दर्ता गरी जग्गाधनी प्रमाण पूर्जा दिनेछ।

(१०) आयोगले आफ्नो काम कारवाहीहरु सुव्यवस्थित रुपमा सञ्चालन गर्न गराउनका लागि एक वा एक भन्दा बढी जिल्लाको कार्य हेर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको समन्वयमा आवश्यकता अनुसार जिल्ला समितिहरुको गठन गर्न सक्नेछ।

**४. जिल्ला समितिको गठन** :

(१) सुकुमबासी समस्या समाधान आयोग जिल्ला समितिको गठन निम्नानुसार हुनेछ।

| | |
|---|---|
| क) आयोगले तोकेको व्यक्ति | – संयोजक |
| ख) आयोगले तोकेको व्यक्ति | – सहसंयोजक |
| ग) आयोगले तोकेको बढी ७ जना व्यक्ति | – सदस्य |
| घ) सम्बन्धित जिल्लाको प्रमुख अधिकारी | – सदस्य |
| ङ) सम्बन्धित जिल्लाको मालपोत कार्यालयको प्रमुख | – सदस्य |
| च) सम्बन्धित जिल्लाको वन कार्यालयको प्रमुख | – सदस्य |
| छ) सम्बन्धित जिल्लाको नापी शाखाको प्रमुख | –सदस्य |
| ज) सम्बन्धित जिल्लाको जिल्ला विकास समितिको सचिव | – सदस्य |
| झ) सम्बन्धित जिल्लाको भूमिसुधार अधिकारी वा सो नभएको जिल्लामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको अधिकृत | – सदस्य सचिव |

(२) सम्बन्धित जिल्लाका माननीय सांसदहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(३) समितिबाट निर्णय भई आयोगबाट सो निर्णय अनुमोदन भए पश्चात् तोकिएको मूल्य लिई नक्सा श्रेस्ता र ज. ध. प्रमाण पूर्जा प्रमाणित गर्ने काम समितिको सदस्य सचिवको (संयुक्त) हुनेछ।

**५. कारवाही बदर गर्न सक्ने:** यसै कार्यनीति बमोजिम जग्गा वितरण वा बिक्री गर्दा काम कारवाही त्रुटिपूर्ण भए गरेको देखिएमा आयोगको समेत प्रतिकृया लिई भूमिसुधार तथा व्यवस्था मन्त्रालयले त्यस्तो कारवाही बदर गर्न सक्नेछ।

**६. हक हस्तान्तरण तथा बेचबिखनमा प्रतिबन्धः** सुकुमबासीलाई वितरण गरिएको जग्गाको कम्तीमा १५ वर्षसम्म हक हस्तान्तरण, बेचबिखन गर्न वा कुनै किसिमले दान, दातव्य वा धितो बन्धक राख्न पाइने छैन। तर, प्रचलित कानून बमोजिम जग्गावालाको मृत्युपछि नामसारीसम्म गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

**७. अधिकार प्रत्यायोजनः** आयोगले आफ्ना अधिकारहरु अध्यक्ष, उपाध्यक्ष, सदस्य वा जिल्ला समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

**८. कर्मचारी सम्बन्धी व्यवस्था**

(१) आयोगको केन्द्रीय सचिवालय र जिल्ला समितिलाई आवश्यक पर्ने दरबन्दी समितिले निर्धारण गरेको दरबन्दी बमोजिमका कर्मचारीहरु भूमिसुधार तथा व्यवस्था मन्त्रालयले काजमा उपलब्ध गराउने छ।

(२) नापी कार्यको लागि आयोगले तोकिदिए अनुसारको जंजिरदारहरु जिल्ला समितिले दैनिक ज्यालादारीमा नियुक्त गरी काम चलाउन सक्नेछ।

(३) अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सुकुमबासी समस्या समाधान आयोगका एक एक जना प्रतिनिधि रहेको एक दरबन्दी समिति हुनेछ। उक्त समितिले आयोग र जिल्ला समितिमा आवश्यक पर्ने परिचरदेखि राजपत्रांकित द्वितीय श्रेणीसम्मका कर्मचारीहरुका दरबन्दी निर्धारण गर्नेछ।

**९. आयोगका जग्गा वितरण सम्बन्धी कार्यावधिः** आयोगको नेपाल अधिराज्यभर जग्गा वितरणको कार्य आयोग गठन भएको मितिले बढीमा ३ वर्ष भित्र पुरा गरी सक्नु पर्नेछ।

**१०. श्री ५ को सरकारसंगको सम्पर्कः** आयोगको सम्पर्क मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय हुनेछ।

आज्ञाले
योद्धा शाह
श्री ५ को सरकारको सचिव

**अनुसूची -९**

## सुकुमबासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यनीति २०५६ (संशोधन सहित)

स्वीकृत मिति २०५६।८।१६ (मं. प.)
प्रथम संशोधन २०५७।४।२ (मं. प.)
दोस्रो संशोधन २०५७।१२।१४ (मं. प.)

**१. परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आयोगको प्रयोजनका लागि

(क) "सुकुमबासी" भन्नाले नेपाल अधिराज्यभित्र आफ्नो वा आफ्नो अंशियारको नाममा कुनै घर वा जग्गा नभएका वा आफ्नो वा आफ्नो अंशियारको नाममा घर वा जग्गा जोड्न सक्ने साधन स्रोत नभएका भूमिहीन वा दैवी प्रकोपबाट घर जग्गाविहीन हुन पुगेका व्यक्ति एवं निजप्रति आश्रित परिवारका सदस्यलाई समेत जनाउँछ।

(ख) "अव्यवस्थित बसोबासी" भन्नाले आफ्नो वा आफ्नो परिवारको नाममा अन्यत्र कतै जग्गा भएको वा नभएको, कुनै ऐलानी, पर्ति जस्ता सरकारी जग्गामा घरबास वा भोगचलन गरी राखेको नेपाली नागरिक सम्झनु पर्दछ।

(ग) "आयोग" भन्नाले दफा २ बमोजिम गठित सुकुमबासी समस्या समाधान आयोगलाई जनाउँछ।

(घ) "समिति" भन्नाले दफा ४ बमोजिम गठित सुकुमबासी समस्या समाधान आयोग जिल्ला समितिलाई जनाउँछ।

**२. आयोगको गठन** :

(१) सुकुमबासी समस्या समाधान आयोगको गठन देहाय बमोजिम गरिनेछ।

क. विभागीय मन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय वा नेपाल सरकारले तोकेको वा नियुक्ती गरेको व्यक्ति – अध्यक्ष

ख. नेपाल सरकारले तोकेको दुई जना व्यक्ति – सदस्य

ग. नेपाल सरकारले तोकेको बढीमा सातजना व्यक्ति – सदस्य

घ. सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय – सदस्य
ङ. सचिव, गृह मन्त्रालय – सदस्य
च. सचिव, कानून तथा न्याय मन्त्रालय – सदस्य
छ. सचिव, वन तथा भू–संरक्षण मन्त्रालय – सदस्य
ज. सचिव, स्थानीय विकास मन्त्रालय – सदस्य
झ. सचिव, कृषि मन्त्रालय – सदस्य
ञ. सचिव, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य
ट. सचिव, जनसंख्या तथा वातारवरण मन्त्रालय – सदस्य
ठ. भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत – सदस्य सचिव

(२) आयोगका उपाध्यक्षको स्तर सहायक मन्त्री सरह र नेपाल सरकारबाट तोकिएका सदस्यहरुको स्तर संसद सदस्य सरहको हुनेछ।

(३) आयोगको एक छुट्टै सचिवालय हुनेछ। सदस्य सचिवले आयोगको निर्णय कार्यान्वयन लगायत दैनिक कार्य सञ्चालन गर्नेछ।

(४) आयोगले आफ्नो कार्यविधि आफैं व्यवस्थित गर्नेछ।

**३. आयोगकको काम, कर्तव्य र अधिकार** :

(१) नेपाल अधिराज्यभित्र रहेको सुकुमबासी तथा अव्यवस्थित बसोबासको समस्या समाधान गर्नको लागि आयोगले देहायमा उल्लेखित अवस्थाका जग्गाहरु मात्र सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई वितरण वा बिक्रीको व्यवस्ता गर्न सकिन्छ।

क. भूमिसम्बन्धी ऐन, २०२१ बमोजिम तोकिएको अधिकतम हदबन्दी भन्दा बढी भेइ प्राप्त वा जफत गरिएका जग्गा(मोहियानी लागेको बाहेक)

ख. साविकमा नापी हुँदा नक्सा श्रेस्तामा नदी उकास, बगर आदि सरकारी प्रकृतिका जनिएको जग्गामा नदीधार र नदी सीमाना छुट्याई बाँकी जग्गाहरु

ग. कुनै व्यक्ति वा संस्थाले निजी नम्बरी जग्गामा सरकारी जग्गा घुसाई खाएकोमा सरकारी जग्गाजति सम्बन्धित व्यक्ति वा संस्थाबाट छुट्याई प्राप्त भएको जग्गा

घ. नेपाल सकारको नाउँमा दर्ता रहेका वा अधीनमा रहेका विकास समिति वा कुनै आयोजनाको गुरु योजनाभित्र नपरेका सरकारी जग्गाहरु

ङ. उपरोक्तदेखि बाहेक आयोगको उद्देश्य कार्यान्वयनका लागि नेपाल सरकारले उपलब्ध गराइदिएका जग्गाहरु

(२) उपदफा १) मा जेसुकै लेखिएको भएतापनि देहायका जग्गाहरु आयोगले वितरण गर्ने छैन–

क. प्रचलित कानून बमोजिम कायम रहेको सार्वजनिक जग्गा, वन क्षेत्रको जग्गा र नापी नक्सामा बाटो जनिएका जग्गाहरु

ख. काठमाडौं उपत्यकाभित्रका जग्गाहरु

(३) आयोगबाट वितरण वा बिक्री गरिने जग्गाको अधिकतम हद (क्षेत्रफल) र मूल्य आयोगले तोकेबमोजिम हुनेछ।

तर अव्यवस्थित बसोबासीको हकमा बढीमा डेढ विगाहा वा बीस रोपनीमा नबढाइ अन्यत्र जग्गा नभएका अव्यवस्थित बसोबासीलाई सुकुमबासी सरह र अन्यत्र जग्गा भएका अव्यवस्थित बसोबासीको हकमा सम्बन्धित मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्यांकनमा देहायको प्रतिशतका दरले मूल्य कायम गर्ने

अ) तराई र भित्री मधेशमा तीन बिगाहासम्म वा पहाडमा पच्चीस रोपनीसम्म जग्गा भएको परिवारलाई पच्चीस प्रतिशत

आ) तराई र भित्री मधेशमा तीनदेखि पाँच बिगाहासम्म वा पहाडमा पच्चीसदेखि पैंतीस रोपनीसम्म जग्गा भएको परिवारलाई पचास प्रतिशत र

इ) तराई र भित्री मधेशमा पाँच बिगाहा वा पहाडमा पैंतीस रोपनीभन्दा बढी जग्गा भएको परिवारलाई सय प्रतिशत।

(४) आयोगले जग्गा वितरण वा बिक्री गर्दा सम्बन्धित क्षेत्रको सडक, खानेपानी, नदी कटान एवं भूक्षयको अवस्था, वातावरण तथा वन क्षेत्रको संरक्षण लगायतका पक्षहरुलाई विचार गर्नेछ।

(५) आयोगले विगतमा गठित सुकुमबासी समस्या समाधान आयोग, पुनर्वास कंपनी, वन सुदृढीकरण आयोग जस्ता निकायहरुबाट सुकुमबासी वा

अव्यवस्थित बसोबासीका नाउँमा बिक्री वितरण गरेका जग्गा प्रचलित कानून र स्वीकृत नीति विपरित बिक्री वितरण भएको देखिएमा छानबीन गरी रायसहित नेपाल सरकारमा पेश गर्नेछ।

(६) साविकमा विविध कारणवश जग्गा सट्टा भर्ना दिने शर्तमा नेपाल सरकारले बस्ती उठाएकोमा भएका शर्त अनुसार नम्बरी जग्गाको हकमा उपलब्ध भएसम्म त्यस्ता व्यक्ति वा परिवारलाई आयोगले जग्गा नै सट्टा भर्ना दिनेछ र जग्गा सट्टा दिन सकिने अवस्था नभएमा उचित क्षतिपूर्तिका लागि नेपाल सरकारमा सिफारिस गर्नेछ।

(७) आयोगले गरीबी निवारणको लक्ष्य अनुरुप नेपाल सरकारका अन्य निकायहरुसँग समन्वय गरी सुकुमबासी तथा न्यून आय भएका व्यक्तिहरुको सीप विकास, जिविकोपार्जन र आय अभिवृद्धिका निमित्त विविध कार्यक्रमहरु सञ्चालन गर्नेछ।

(७) क. आयोगले यस अघि गठित सुकुमबासी समस्या समाधान आयोग, पुनर्वास कम्पनी, वन सुदृढीकरण आयोग जस्ता निकायहरुबाट सुकुमबासीलाई जग्गा वितरण गर्ने क्रममा कारवाही वा निर्णय गरी कार्यान्वयन हुन बाँकी रहेका काम कारवाही प्रचलित कानून र स्वीकृत कार्यनीति अनुरुप भए गरेको देखिए यसै कार्यनीतिको अधिनमा रही बाँकी कारवाही पूरा गरी उक्त जग्गा सम्बन्धित व्यक्तिका नाउँमा दर्ता गरिदिन सक्नेछ।

(८) आयोगले सरकारी विद्यालय, सरकारी कार्यालय, विशुद्ध सामाजिक तथा धार्मिक संघसंस्थाहरुले घर, भवन, मठ, मन्दिर बनाइ भोगचलन गरी आएको जग्गाको सम्बन्धमा सो जग्गाको स्वामित्व नेपाल सरकारको नाउँमा रहने गरी त्यस्ता विद्यालय, कार्यालय वा संघसंस्थाहरुलाई उक्त जग्गाको भोगाधिकार प्रदान गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा सिफारिस गरी पठाउने छ।

(९) आयोगले जग्गा वितरण वा बिक्रीको क्रममा प्रथमतः उपयुक्त थलो पहिचान गरिसकेपछि आयोगबाट तोकिएको ढाँचामा लगत लिई सुकुमबासी वा अव्यवस्थित बसोबासीको पहिचान गरी आवश्यकता अनुसार जग्गाको नापनक्सा र कित्ताकाट समेत गराई यसै कार्यनीतिको

अधीनमा रही त्यस्ता जग्गा सम्बन्धित सुकुमबासी वा अव्यवस्थित बसोबासीका नाउँमा दर्ता गरी ज. ध. प्रमाण पूर्जा दिइनेछ।

(१०) आयोगले आफ्ना काम कारवाहीहरु सुव्यवस्थित रुपमा सञ्चालन गर्न गराउनका लागि एक वा एक भन्दा बढी जिल्लाको कार्य हेर्ने गरी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको समन्वयमा आवश्यकता अनुसार जिल्ला समितिहरुको गठन गर्न सक्नेछ।

(११) आयोगलाई तोकिएको क्षेत्राधिकारभित्र रही आयोगले दिएको आदेश वा निर्देशन सम्बन्धित कार्यालयहरुले (न्यायपालिका र नेपाल सेना बाहेक) अविलम्ब कार्यान्वयन गर्नुपर्ने गरी सम्बन्धित मन्त्रालयबाट आ–आफ्नो अन्तरगतका कार्यालयहरुलाई निर्देशन दिनेछ।

४. **जिल्ला समितिको गठन** :

(१) सुकुमबासी समस्या समाधान आयोग जिल्ला समितिको गठन निम्नानुसार हुनेछ।

क) आयोगले तोकेको व्यक्ति – अध्यक्ष

ख) आयोगले तोकेको व्यक्ति – उपाध्यक्ष

ग) आयोगले तोकेको बढी ७ जना व्यक्ति – सदस्य

घ) सम्बन्धित जिल्लाको प्रमुख अधिकारी – सदस्य

ङ) सम्बन्धित जिल्लाको मालपोत कार्यालयको प्रमुख – सदस्य

च) सम्बन्धित जिल्लाको वन कार्यालयको प्रमुख – सदस्य

छ) सम्बन्धित जिल्लाको नापी शाखाको प्रमुख – सदस्य

ज) सम्बन्धित जिल्लाको जिल्ला विकास समितिको सचिव – सदस्य

झ) आवास तथा शहरी विकास कार्यालय भएको जिल्लामा सो कार्यालयको प्रमुख – सदस्य

ञ) वन्यजन्तु राष्ट्रिय निकुन्ज वा आरक्ष केन्द्र भएको क्षेत्रमा सम्बन्धित राष्ट्रिय निकुन्ज वा आरक्ष केन्द्रका प्रतिनिधि – सदस्य

ट) सम्बन्धित जिल्ला नापी गोश्वारा कार्यालय रहेको भए उक्त गोश्वाराको प्रमुख र सो नभएको जिल्लामा भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको अधिकृत - सदस्य सचिव

(२) नेपाल सरकारको अन्य कार्यालयका प्रतिनिधि, स्थानीय निकायका पदाधिकारी वा सम्बन्धित विषयका दक्ष व्यक्तिलाई समितिको बैठकमा आवश्यकता अनुसार आमन्त्रण गर्न सकिनेछ।

(३) समितिबाट निर्णय भई आयोगबाट सो निर्णय अनुमोदन भए पश्चात् तोकिएको मूल्य लिई नक्सा श्रेस्ता र ज. ध. प्रमाण पूर्जा प्रमाणित गर्ने काम समितिको अध्यक्ष र सदस्य सचिवको (संयुक्त) हुनेछ।

(४) सम्बन्धित जिल्लामा आयोगको जिल्ला समितिको कार्यालय स्थापना हुने छ।

(५) समितिको विघटन वा पुनर्गठन गर्ने अधिकार आयोगलाई हुने छ।

५. यसै कार्यनीति **बमोजिम** जग्गा वितरण वा बिक्री गर्दा काम कारवाही त्रुटिपूर्ण भए गरेको देखिएमा आयोगको समेत प्रतिकृया लिई भूमिसुधार तथा व्यवस्था मन्त्रालयले त्यस्तो कारवाही बदर गर्न सक्नेछ।

६. सुकुमबासीलाई वितरण गरिएको जग्गाको हक हस्तान्तरण, बेचबिखन गर्न वा कुनै किसिमले दान, दातव्य वा धितो बन्धक राख्न कम्तीमा १५ वर्षसम्म पाइने छैन, तर, प्रचलित कानून बमोजिम जग्गावालाको मृत्युपछि नामसारीसम्म गर्न यस दफाले बाधा पुऱ्याएको मानिने छैन।

**७. अधिकार प्रत्यायोजन:**

(१) यस कार्यनीतिमा तोकिएको कामकारवाई सम्पादन गर्न गराउनका लागि स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले आयोगलाई देहाय बमोजिमका अधिकारहरु प्रत्यायोजन गरेको छु।

क) जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ३ अनुसार सम्बन्धित जग्गाको नाप जाँच गर्ने अधिकार र जग्गा (नाप जाँच) नियमाली २०३२ को नियम ३, ८ र १२ बमोजिमको अधिकारीका अधिकारहरु,

ख) मालपोत ऐन २०३४ को दफा २४ को उपदफा २, दफा २६ को उपदफा १ र दफा ३० बमोजिमका अधिकार र मालपोत नियमावली २०३६ को नियम १६ को उपनियम (१) बमोजिमको समितिको अधिकार,

ग) झोरा क्षेत्रको जग्गा सम्बन्धी ऐन, २०२८ को दफा ४,५,७ र ८ को प्रयोजनको लागि नेपाल सरकार र तोकिएको अधिकारीको अधिकार र झोरा क्षेत्रको जग्गा सम्बन्धी नियमावली २०२८ को नियम ८ अनुसार भूमि प्रशासकलाई भएको अधिकार,

घ) वन ऐन, २०४९ को दफा ३ अनुसारको अधिकार।

(२) आयोगले यस कार्यनीति वा उपदफा १) बमोजिम प्राप्त सबै वा केही अधिकारहरु आयोगका अध्यक्ष, उपाध्यक्ष वा जिल्ला समितिलाई प्रत्यायोजन गर्न सक्नेछ।

**८. कर्मचारी सम्बन्धी व्यवस्था**

(१) आयोगको केन्द्रीय सचिवालय र जिल्ला समितिलाई आवश्यक पर्ने दरबन्दी समितिले निर्धारण गरेको दरबन्दी बमोजिमका कर्मचारीहरु भूमिसुधार तथा व्यवस्था मन्त्रालयले काजमा उपलब्ध गराउने छ। तर समितिको हकमा तोकिएको दरबन्दीको सीमाभित्र रही सहमतिमा कर्मचारी काजमा झिकाई काममा लगाउन बाधा पर्ने छैन।

(२) नापी कार्यको लागि आयोगले तोकिदिए अनुसारको जंजिरदारहरु जिल्ला समितिले दैनिक ज्यालादारीमा नियुक्त गरी काम चलाउन सक्नेछ।

(३) अर्थ मन्त्रालय, सामान्य प्रशासन मन्त्रालय, भूमिसुधार तथा व्यवस्था मन्त्रालय र सुकुमबासी समस्या समाधान आयोगका एक एक जना प्रतिनिधि रहेको एक दरबन्दी समिति हुनेछ। उक्त समितिले आयोग र जिल्ला समितिमा आवश्यक पर्ने परिचरदेखि राजपत्रांकित द्वितीय श्रेणीसम्मको कर्मचारीहरुका दरबन्दी निर्धारण गर्नेछ।

**९. पारिश्रमिक :**

(१) आयोगका अध्यक्षलाई पारिश्रमिक, घरभाडा, टेलिफोन, धारा र बिजुली खर्चवापत् रु. २०,०००।– (बीस हजार), उपाध्यक्षलाई पारिश्रमिक, घरभाडा, टेलिफोन, धारा र बिजुली खर्च वापत मासिक रु. १७,५००।– (सत्र हजार पाँच सय) र नेपाल सरकारबाट तोकिएका आयोगका केन्द्रीय सदस्यलाई पारिश्रमिक, घरभाडा, टेलिफोन, धारा र बिजुली खर्च वापत मासिक रु. १५,०००।–(पन्ध्र हजार) उपलब्ध हुने छ।

(२) जिल्ला समितिका अध्यक्ष र उपाध्यक्षलाई क्रमशः नेपाल सरकारको राजपत्रांकित प्रथम श्रेणी र राजपत्रांकित द्वितीय श्रेणीका अधिकृतले पाए सरह मासिक पारिश्रमिक (तलब भत्ता) उपलब्ध हुने छ।

**१०. बैठक भत्ता** :

(१) आयोगको बैठक बसेको दिन प्रति बैठक रु. ५००।– तथा जिल्ला समितिको बैठक बसेको दिन प्रति बैठक रु. ३००।– आयोग र समितिका पदाधिकारी र उपस्थित आमन्त्रितहरुले बैठक भत्ता पाउने छन्।

(२) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि जिल्ला समितिको हकमा महिनाको ४ पटकभन्दा बढीको बैठक भत्ता पाउने छैन।

**११. दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा** :

१. आयोग वा समितिको काममा भ्रमणमा रहँदा आयोग र समितिका पदाधिकारी तथा कर्मचारीहरुको देहाय बमोजिमको दैनिक तथा भ्रमणभत्ता पाउने छन्।

(क) आयोगका केन्द्रीय पदाधिकारीहरुलाई रु २००।–

(ख) समितिका अध्यक्ष र उपाध्यक्ष र सदस्यहरुलाई रु १५०।–

(ग) सरकारी कर्मचारीहरुलाई प्रचलित नियमानुसार

२. आयोगका अध्यक्षहरुलाई मासिक १५० लिटर, उपाध्यक्षहरुलाई मासिक १२० लिटर, सवारी इन्धन र नेपाल सरकारले तोकेका आयोगका सदस्यहरुलाई परिवहन वापत मासिक रु ४०००।– (चार हजार) र रु १५००।– (एकहजार पाँच सय) उपलब्ध हुने छ।

**१२. बजेट**

१. आयोगको कामको लागि नेपाल सरकारको प्राप्त बजेटको परिधिभित्र रही खर्चको बाँडफाँड आयोग स्वयमले गर्नेछ र त्यसरी बाँडफाँड गरिएको बजेट रकमको परिधिभित्र रही आवश्यकता अनुसार सोझै आयोगले जिल्ला समितिलाई पठाउने छ।

२. बजेट खर्च गर्दा आर्थिक अनुशासन र मितव्ययीतालाई पालना गर्नु पर्ने छ।

**१३. आयोगका जग्गा वितरण सम्बन्धी कार्यविधि** :

आयोगको म्याद २०५८ साल असार मसान्तसम्म मात्र कायम रहने छ। आयोगले उक्त अवधिभित्र आफ्नो कार्य सम्पन्न गरीसक्नु पर्ने छ। तर, उक्त अवधिभित्र आयोगबाट नाप नक्सा र निर्णय समेत भई कार्यान्वयन गर्न सम्म बाँकी रहेको काम पुरा गरी जग्गा धनी दर्ता प्रमाणपुर्जा दिने प्रयोजनको लागि आयोग गठन भएको प्रत्येक जिल्लामा देहाय बमोजिमको एक समिति गठन गरिने छ। र सो समितिले काम सुरु गरेको मितिले बढीमा ६ (छ) महिना भित्र आफूलाई सुम्मिएको कार्य सम्पन्न गरिसक्नु पर्ने छ।

(क) प्रमुख जिल्ला अधिकारी - अध्यक्ष

(ख) पालपोत कार्यालयको प्रमुख - सदस्य

(ग) जिल्ला वन कार्यालय प्रमुख - सदस्य

(घ) नापी अधिकृत - सदस्य

(ङ) भूमिसुधार अधिकारी वा सो नभएको जिल्लामा मालपोत कार्यालयको प्रमुख - सदस्य सचिव

**१४. नेपाल सरकारसँगको सम्पर्कः**

आयोगको सम्पर्क मन्त्रालय भूमिसुधार तथा व्यवस्था मन्त्रालय हुनेछ।

**१५. आवश्यक निर्देशन दिन सक्ने** : भूमिसुधार तथा व्यवस्था मन्त्रालयले आर्थिक तथा जग्गा प्रशासनसँग सम्बन्धित काम कारवाहीको सिलसिलामा सुकुमबासी समस्या समाधान आयोगलाई आवश्यक निर्देशन दिन सक्ने छ र त्यस्तो निर्देशन आयोगले पालना गर्नु पर्ने छ।

**अनुसूची -१०**

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५९, काठमाण्डौ, चैत्र ४ गते २०६६ साल, अतिरिक्ताङ्क ५० क

भाग ५

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

<u>सुकुमबासी समस्या समाधान आयोग २०६६</u>

मुलुकमा रहेका वास्तविक सुकुमबासी पहिचान गरी तिनीहरुको समस्या समाधान गर्न नेपाल सरकारले देहाय बमोजिमको सुकुमबासी समस्या समाधान आयोग गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकेको छ।

१. <u>परिभाषा</u> : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशको प्रयोजनको लागिः

(क) सुकुमबासीः भन्नाले आफ्नो वा आफ्नो परिवार वा आंशियारको नाममा भन्नाले जीविकाको लागि घरजग्गा जोड्न सक्ने सामथ्र्य नभएको, जग्गाधनी वा मोहीको हैसियतले नेपाल भित्र कुनै घर वा जग्गा नभएको, जीविकोपार्जनका लागि कुनै व्यापार, व्यवसाय नभएको र कृषि सम्बन्धी श्रम गरी गुजारा चलाएको घर वा जग्गा विहिन नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई सम्झनु पर्छ।

(ख) परिवारः भन्नाले अंश नछुट्टिएको (एकासगोल) बाबु, आमा, पति, पत्नी, बाजे, बज्यै, छोरा, छोरी, छोराबुहारी, धर्मपुत्र र धर्मपुत्री, नाती र नातिनी सम्झनु पर्छ।

(ग) आयोगः भन्नाले दफा २ बमोजिम गठीत सुकुमबासी समस्या समाधान आयोग सम्झनु पर्छ।

(घ) मन्त्रालयः भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

(ङ) समितिः भन्नाले दफा ५ बमोजिम गठित सुकुमबासी समस्या समाधान जिल्ला समिति सम्झनु पर्छ।

<u>२.</u> <u>आयोगको गठनः</u> (१) आगोगको गठन देहाय बमोजिम हुनेछ।

(क) नेपाल सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) नेपाल सरकारले तोकेको व्यक्ति - उपाध्यक्ष

(ग) नेपाल सरकारले तोकेको विभिन्न राजनीतिक दलका बढीमा ८ जना व्यक्ति - सदस्य

(घ) सचिब भूमिसुधार तथा व्यवस्था मन्त्रालय - सदस्य

(ङ) सचिब भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य

(च) सचिब कानुन तथा न्याय मन्त्रालय - सदस्य

(छ) सचिब वन तथा भूसंरक्षण मन्त्रालय - सदस्य

(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालयले तोकेको राजपत्राकिंत प्रथम श्रेणीको अधिकृत - सदस्य सचिब

(२) आयोगको बैठकमा आवस्यकता अनुसार कुनै सरकारी कर्मचारी, विशेषज्ञ वा व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ।

(३) आयोगले आफ्नो कार्यविधी आफैं बनाउनेछ।

३. <u>आयोगको कार्यालयः</u> आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ। आयोगले आवस्यकता अनुसार काठमाडौं उपत्यका बाहिर आफ्नो शाखा कार्यालय स्थापना गर्न सक्नेछ।

४. <u>आयोगको काम, कर्तव्य र अधिकारः</u> आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) मुलुकको विभिन्न ठाउँमा रहेका सुकुमबासी परिवारको पहिचान गरी लगत तयार गर्ने/गराउने।

(ख) सुकुमबासीलाई बसोवासको व्यवस्था गर्न सकिने सरकारी जग्गाको पहिचान गरी लगत तयार गर्ने/गराउने।

(ग) देहायका विषयहरुमा अध्ययन तथा विश्लेषण गरी नेपाल सरकारलाई सुझाव दिनेः–

(१) वन, ऐलानी, पर्ति लगायतका अन्य सरकारी जग्गामा हुने गरेको अतिक्रमको कारण पत्ता लगाई भविष्यमा त्यस्तो अतिक्रमण हुन नदिनका लागि अवलम्बन गर्नुपर्ने उपायहरु

(२) सुकुमबासी र अव्यवस्थित बसोवासका कारणहरु

(३) सुकुमबासीहरुको जिविकोपार्जनका वैकल्पिक उपायहरु

(४) सुकुमबासी, अव्यवस्थित बसोवासी र नदी कटान सम्बन्धी समस्या समाधानका लागि अपनाउनु पर्ने तत्कालीन, मध्यकालीन र दिर्घकालीन उपायहरु

(घ) विगतमा गठित आयोग/समितिबाट सम्पन्न भएका र अधुरा रहेका कार्यहरुको विषयमा छानविन गरी/गराई नियमित अधुरा काम पुरा गर्ने र अनियमित देखिएका कामहरु बदर गराउनेतर्फ आवश्यक कारवाही गर्ने।

(ङ) आयोगको कामसँग सम्बन्धित आवश्यक फारामहरु तयार गरी कार्यान्वयनमा ल्याउने।

(च) आयोगलाई तोकिएको काम, कर्तव्य र अधिकार मध्ये सबै वा केही कार्यसमिति मार्फत गराउने। समितिले आयोगको अधिकार प्रयोग गरी काम गर्दा कुनै विषय वा फाईलमा विवाद वा जटिलता देखिएमा निर्णयको लागि आयोग समक्ष पेश गर्न लगाउने।

(छ) माथि उल्लेखित काम, कर्तव्य र अधिकारको कार्यान्वयनका सन्दभमा सरोकारवाला निकायहसँग समन्वय गर्ने

(ज) माथि उल्लेखित काम, कर्तव्य र अधिकारको कार्यान्वयनका विषयमा आवश्यक निर्देशन तथा सूचना जारी गर्ने

५. समितिको गठनः

(१) आयोगको काममा सहयोग पुऱ्याउन आयोगले तोके बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी अनुसूची १ मा उल्लेख भएका जिल्लाहरुमा देहाय बमोजिमका पदाधिकारीहरु रहेको सुकुमबासी समस्या समाधान जिल्ला समिति रहनेछ : –

(क) मन्त्रालयले तोकेको व्यक्ति - अध्यक्ष

(ख) मन्त्रालयले तोकेको व्यक्ति - उपाध्यक्ष

(ग) विभिन्न राजनीतिक दलका बढीमा ५ जना प्रतिनिधी - सदस्य

(घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधी - सदस्य

(ङ) भूमिसुधार अधिकारी - सदस्य

(च) प्रमुख, नापी कार्यालय - सदस्य

(छ) जिल्ला वन अधिकृत - सदस्य

(ज) सम्बन्धित न.पा./गा.वि.स. को प्रतिनिधि - सदस्य

(झ) प्रमुख, मालपोत कार्यालय (दुईवटा मालपोत कार्यालय रहेको जिल्लाको हकमा सदरमुकाममा रहेको मालपोत कार्यालयको प्रमुख) -सदस्य सचिब

(२) समितिले स्थानीय राजनीतिक दलका प्रतिनिधि, अन्य कुनै व्यक्ति वा पदाधिकारीलाई वैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ।

(४) समितिले आफ्नो काम कारवाहीलाई व्यवस्थित गर्न आवस्यक कार्यविधि बनाउन सक्नेछ र आयोगबाट स्वीकृती लिई त्यस्तो कार्यविधी कार्यान्वयनमा ल्याउनेछ।

६. <u>आर्थिक कार्य प्रणाली:</u>

(१) आयोग र समितिलाई आवश्यक पर्ने बजेट आयोगको माग अनुसार अर्थ मन्त्रालयले उपलव्ध गराउनेछ।

(२) आयोग र समितिको कार्य सञ्चालनका लागि आयोगका नाममा छुट्टै खाता खोलिनेछ।

(३) आयोग र समितिको खाता सञ्चालन आयोगका सदस्य सचिव वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन हुनेछ।

७. <u>कार्यावधी:</u> (१) आयोगको कार्यावधि काम शुरु गरेको मितिले एक वर्षको हुनेछ र तोकिएको अवधि भित्र कार्य सम्पन्न हुन नसकेमा आयोगको अनुरोधमा नेपाल सरकारले बढिमा ६ महिनासम्म म्याद थप गर्न सक्नेछ।

(२) आयोग वा कुनै पदाधिकारीको काम कारवाही सन्तोषजनक नभएमा मन्त्रालयको सिफारिसमा नेपाल सरकारले आयोगको विघटन वा पदाधिकारीको हेरफेर गर्न सक्नेछ।

(३) आयोगको अन्तिम प्रतिवेदन पेश भएपछि आयोग स्वत विघटन हुनेछ।

८. कर्मचारी सम्बन्धी व्यवस्थाः आयोग र समितिलाई आवस्यक पर्ने कर्मचारीहरु आयोगको कार्यावधिसम्मका लागि मन्त्रालय वा अन्तर्गतका कार्यालय वा नेपाल सरकारका अन्य निकायबाट उपलव्ध गराईनेछ।

९. निर्देशन दिनसक्नेः आयोगको काम कारवाहीको विषयमा मन्त्रालयले

आयोगलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ।

१०. आयोगको प्रतिवेदनः आयोगले आफ्नो त्रैमासिक एवं अन्तिम प्रतिवेदन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेश गर्नेछ।

११. नेपाल सरकारसँग सम्पर्कः आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नुपर्नेछ।

१२. अन्य निकायसँगको सम्बन्धः (१) आयोगले नेपाल सरकारका विभिन्न निकायहरुबाट आवस्यक सहयोग माग गर्न सक्नेछ र त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) आयोगले राष्ट्रिय। अन्तरर्राष्ट्रिय संस्थाहरुसँग सहयोग लिंदा र सहकार्य गर्दा मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

१३. बाधा अड्काउ फुकाउने अधिकारः यो आदेश कार्यान्वयनको क्रममा आई पर्ने बाधा अड्काउ फुकाउन मन्त्रालयले आवश्यक आदेश जारी गर्न सक्नेछ।

अनुसूची–१

(दफा ५ को उपदफा (१) संग सम्बन्धित जिल्लाहरु)

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|---|---|
| १ | झापा | १० | सर्लाही | १८ | रुपन्देही |
| २ | मोरङ | ११ | रौतहट | १९ | कपिलवस्तु |
| ३ | सुनसरी | १२ | बारा | २० | दाङ |
| ४ | सप्तरी | १३ | पर्सा | २१ | बाँके |
| ५ | उदयपुर | १४ | मकवानपुर | २२ | बर्दिया |
| ६ | सिन्धुली | १५ | चितवन | २३ | कैलाली |
| ७ | सिराहा | १६ | नवलपरासी | २४ | कञ्चनपुर |
| ८ | धनुषा | १७ | कास्की | २५ | सुर्खेत |
| ९ | महोत्तरी | | | | |

आज्ञाले

छविराज पन्त

नेपाल सरकारको सचिव

<u>अनुसूची ११</u>

## सुकुमबासी समस्या समाधान आयोग, जिल्ला समिति २०६६

मुलुकमा रहेका वास्तविक सुकुमबासीको पहिचान गरी तिनीहरुको समस्या समाधान गर्न नेपाल सरकारबाट गठित सुकुमबासी समस्या समाधान आयोग, २०६६ को दफा ५ (१) ले दिएको अधिकार प्रयोग गरी सकुम्बासी समस्या समाधान जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम तोकेको छ :

१. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेममाः

मन्त्रालयः भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्दछ।

आयोगः भन्नाले सुकुमबासी समस्या समाधान आयोग, २०६६ को दफा २ बमोजिम गठित समस्या समाधान आयोग सम्झनु पर्दछ।

समितिः भन्नाले सकुम्बासी समस्या समाधान आयोग २०६६ दफा ५ (१) बमोजिम गठित समिति सम्झनु पर्छ।

२. **समितिको गठन** :

सकुम्बासी समस्या समाधान आयोग, २०६६ को दफा ५ को उपदफा (१) बमोजिम समितिको गठनविधि यसप्रकार रहेको छ :

| | |
|---|---|
| (क) मन्त्रालयले तोकेको व्यक्ति | – अध्यक्ष |
| (ख) मन्त्रालयले तोकेको व्यक्ति | – उपाध्यक्ष |
| (ग) विभिन्न राजनीतिक दलका बढीमा ५ जना प्रतिनिधि | – सदस्य |
| (घ) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि | – सदस्य |
| (ङ) भूमिसुधार अधिकारी | – सदस्य |
| (च) प्रमुख, नापी कार्यालय | – सदस्य |
| (छ) जिल्ला वन अधिकृत | – सदस्य |
| (ज) सम्बन्धित न.पा./गा.वि.स. को प्रतिनिधि | – सदस्य |
| (झ) प्रमुख, मालपोत कार्यालय – दुईवटा मालपोत कार्यालय रहेको जिल्लाको हकमा सदरमुकाममा रहेको मालपोत कार्यालय प्रमुख | – सदस्य–सचिव |

३. **समितिमा राजनैतिक दलबाट प्रतिनिधित्व गराउने सम्बन्धमा** :

सुकुमबासी समस्या समाधान आयोग, २०६६ को दफा ५ को उपदफा (१) को देहाय खण्ड (ग) को प्रयोजनका लागि सम्बन्धीत जिल्लाबाट संविधान सभामा प्रतिनिधित्व गर्ने राजनैतिक दल मध्येबाट एक।एक जनाको दरले बढीमा ५ जना प्रतिनिधित्व गराउनु पर्ने छ।

४. **आमन्त्रित सदस्य सम्बन्धी व्यवस्था** :

समितिको वैठकमा समितिमा प्रतिनिधित्व गर्ने राजनीतिक दलका प्रतिनिधि बाहेक समितिले जिल्ला विकास समितिको सभापति वा निजले तोकेको अधिकृत कर्मचारी, स्थानीय राजनैतिक दलका प्रतिनिधिहरु, सुकुमबासी तथा भूमिको क्षेत्रमा क्रियासिल संगठनका प्रतिनिधि र अनुभवी व्यक्तिलाई आवश्यकता अनुसार आमन्त्रण गर्न सकिने छ।

५. **जिल्ला समितिको काम, कर्तव्य र अधिकार** :

(१) जिल्लाका विभिन्न ठाउँमा रहेका सुकुमबासी र भूमिहिन नेपाली नागरिकहरुको आयोगले तोकेको ढाँचामा पहिचान गर्ने र नयाँ लगत तयार गरी आयोगमा पठाउने। यसका लागि सबै सम्बन्धीत स्थानीय निकायहरुसंग समितिले आवश्यक सहयोग लिन सक्ने छ।

(२) सुकम्बासी, अव्यवस्थित बसोबासी र नदी कटान सम्बन्धी समस्या समाधानका लागि अपनाउनु पर्ने तत्कालीन, मध्यकालीन र दिर्घकालीन उपायहरु सहितको प्रतिवेदन आयोगमा पेश गर्ने।

(३) वन क्षेत्र, ऐलानी, पर्ती तथा अन्य क्षेत्र लगायतका सरकारी जग्गामा हुने गरेको अव्यवस्थित बसोबासको कारण पत्ता लगाई समस्या समाधानका लागि आयोगमा सुझाव पठाउने।

(४) जिल्ला भित्रका सुकुमबासी र भूमिहिनलाई बसोबासको व्यवस्था गर्न सकिने सरकारी, ऐलानी पर्ति तथा हैसियत विग्रेका वन क्षेत्रको जग्गा पहिचान गरी लगत तयार गर्ने।

(५) सुकुमबासीलाई वितरण गर्न सकिने सरकारी जग्गा एकिन गर्ने।

(६) विगतमा विभिन्न मितिमा आयोग वा समिति गठन भै ती आयोग/ समितिबाट गर्न बाँकी रहेका अधुरा कार्यहरुको विषयमा देहाय बमोजिम गर्ने।

(क) आयोग/समितिबाट तयार भएका सम्पूर्ण कागजातहरु सम्बन्धीत निकायहरुबाट प्राप्त गर्ने।

(ख) विगतका आयोग।समितिलाई तोकिएका काम, कर्तव्य र अधिकार अनुसार सम्पन्न भएका कार्यहरुलाई नियमित गर्ने।

(ग) विगतका आयोग/समितिको कार्यक्षेत्र भन्दा बाहिर गई रहेका कार्यहरुलाई वदर गर्नेतर्फ प्रक्रिया चलाउन आयोगलाई सिफारिस गर्ने।

(घ) विगतका आयोग/समिति गठन हुँदाका अवस्थामा तोकिएको कार्यक्षेत्र तथा काम, कर्तव्य र अधिकार अनुसार सम्पूर्ण प्रक्रिया पुरा भई जग्गाधनी स्रेस्ता।प्रमाणपूर्जा मात्र तयार हुन बाँकी रहेकामा तिनको पहिचान गरी त्यस्तो जग्गाधनी स्रेस्ता। प्रमाण पूर्जा तयार गरी आयोगको स्वीकृति लिई वितरण गर्ने।

(ङ) जग्गा प्राप्त गर्दा कुनै व्यक्ति वा परिवारले झुटा विवरण पेश गरी जग्गा प्राप्त गरेको व्यहोरा कुनै पनि तवरबाट जानकारी हुन आएमा निर्णय बदरका लागि प्रचलित कानून बमोजिम कार्वाही गर्न आयोगमा लेखी पठाउने।

(च) विगतमा सुकुमबासीको नामबाट जग्गा प्राप्त गर्ने व्यक्तिको हकमा छुट्टै लगत तयार गर्ने।

(छ) आयोगले दिएको आदेश कार्यान्वयन गर्नका लागि सम्बन्धीत निकायहरुसंग समन्वय गरी आवश्यक सूचनाहरु जारी गर्ने।

(ज) आयोगले तोकेको अन्य कार्य गर्ने।

६. <u>समितिका पदाधिकारीहरुको तलव, भत्ता तथा अन्य सुविधा</u> :

सुकुमबासी समस्या समाधान आयोग, २०६६ को दफा ६ बमोजिम समितिका पदाधिकारी तथा कर्मचारीहरुको तलव, भत्ता तथा सुविधा देहाय बमोजिम तोकेको छ।

(१) समितिका अध्यक्षले नेपाल सरकारको प्रथम श्रेणिका अधिकृत सरह (रु.१८७२०) र उपाध्यक्षले नेपाल सरकारका रा.प.द्धि श्रेणिका अधिकृत सरह (रु.१५८१०) को मासिक पारिश्रमिक पाउने छन्।

(२) परवहन खर्च वापत समितिका अध्यक्षलाई मासिक रु. १०,०००।– र उपाध्यक्षलाई मासिक रु. ७,०००।– उपलब्ध गराईने छ।

(३) समितिमा कार्यरत सदस्य सचिवलाई रु.४,५००।, राजपत्राङ्कित अपधकृतलाई रु. ४,०००।– र राजपत्रअंकित तथा श्रेणी विहीन कर्मचारीलाई रु.२,५००।– मासिक भत्ताको रुपमा उपलब्ध गराईने छ।

(४) समितिका अध्यक्ष र उपाध्यक्ष बाहेक अन्य सदस्य र आमन्त्रित व्यक्तिहरुले प्रति बैठक रु.६००।–का दरले बैठक भत्ता पाउने छन्।

७. **कार्यावधि** : समितिको कार्यावधि २०६७ साल पौष मसान्तसम्म हुनेछ।

८. **पद रिक्तसम्बन्धी व्यवस्था** :

(१) अध्यक्ष र उपाध्यक्षले स्वेच्छिक रुपमा आफ्नो पदबाट आयोगका अक्ष्यक्ष समक्ष राजिनामा दिन सक्नेछन्। निजहरुले दिएको राजीनामा आयोगको परामर्शमा मन्त्रालयबाट स्वीकृत हुनेछ।

(२) राष्ट्रिय सहमतिका निम्ति समितिका अध्यक्ष र उपाध्यक्षको पदमुक्तिका लागि आयोगले मन्त्रालयलाई सिफारिस गर्ने छ। यसरी सिफारिस प्राप्त भएपछि आयोगका अध्यक्षको परामर्शमा मन्त्रालयले पदमुक्त गर्नेछ। सो उपर कहीँकतै प्रश्न उठाउन पाईने छैन।

(३) अध्यक्ष वा उपाध्यक्षको कामकारवाही सन्तोषजनक नभएमा आयोगको सिफारिसमा मन्त्रालयले त्यस्तो समितिका पदाधिकारी वा सदस्यको हेरफेर गर्न सक्नेछ।

९. **कर्मचारी सम्बन्धी व्यवस्था** : समितिलाई आवश्यक पर्ने कर्मचारीहरु समितिको कार्यावधिसम्मका लागि सम्बन्धित जिल्लाका मालपोत, भूमिसुधार, नापी लगायतका सरकारी निकायसंग समन्वय गरी व्यवस्थापन गर्नु पर्ने छ।

१०. **जिल्ला समितिको कार्यालय** : समितिको कार्यालय जिल्ला सदरमुकाममा रहनेछ। संभव भएसम्म समितिले सरकारी तथा संगठित संघ संस्थाका भवनमा कार्यालय स्थापना गर्न प्राथमिकता दिनु पर्ने छ।

११. **निर्देशन पालना गर्नु पर्ने** : आयोगले समितिलाई समयसमयमा आवश्यक निर्देशन दिन सक्ने छ। यस्तो निर्देशन पालना गर्नु समितिको कर्तव्य हुने छ।

१२. **कार्ययोजना** : समितिले आफ्नो कार्य सञ्चालनका लागि आवश्यक कार्ययोजना बनाई आफ्नो कार्य सञ्चालन गर्ने छ।

१३. **प्रतिवेदन** : समितिबाट भए गरेका काम कारवाहीको मासिक प्रतिवेदन नियमित रुपमा र अन्तिम प्रतिवेदन २०६७ पौष मसान्तभित्र आयोगमा पेश गर्नु पर्ने छ।

१४. **जिन्सी तथा नगदी अभिलेख** : समितिलाई आवश्यक पर्ने बजेट आयोगमार्फत् उपलब्ध हुने छ। लेखासम्बन्धी व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१५. **समितिको बैठक तथा काम कारवाही** :

(१) समितिको बैठक महिनामा बढीमा दुई पटक बस्ने छ।

(२) जिल्ला समितिको बैठकको निर्णय पुस्तिका अध्यक्ष र सदस्य–सचिवले प्रमाणित गर्नु पर्ने छ।

(३) समितिको काम कार्वाहीमा प्रतिकुल प्रभाव पर्ने गरी समितिका पदाधिकारी, सदस्य तथा कर्मचारीहरुले कार्य गर्नु हुँदैन।

१६. **बाह्य सम्पर्क** : समितिले आफ्नो कार्यसंग सम्बन्धित विषयहरुमा जिल्ला स्थित सरकारी/गैरसरकारी संघ संस्थाहरुसंग आवश्यक समन्वय गर्न सक्नेछ।

१७. **प्रशिक्षण** : समितिका अध्यक्ष तथा उपाध्यक्षलाई आफुले सम्पादन गर्ने कार्यहरुका बारेमा आयोगबाट प्रशिक्षण दिइनेछ। प्रशिक्षण सम्बन्धी व्यवस्था आयोगले निर्धारण गरेबमोजिम हुने छ।

१८. **बरबुझारथ** : समितिको नाममा रहेको सम्पूर्ण सम्पत्ति कार्य सम्पन्न भएपछि वा कार्यावधि समाप्त भएपछि सम्बन्धित मालपोत कार्यालयमा बुझाउनु पर्नेछ।

१९. **वाधा अडकाउ फुकाउ** : कार्य सम्पादनको क्रममा आई पर्ने बाधा अड्काउ फुकाउन समितिले आयोगसंग आवश्यक परामर्श र अनुरोध गर्नुपर्नेछ।

<u>अनुसूची १२</u>

## सुकुमबासी समस्या समाधान आयोग, २०६८

(नेपाल सरकार मं.प.बै.सं ५३/०६८,बाट मिति २०६८।८।२० मा स्वीकृत)

मुलुकमा रहेका वास्तविक सुकुमबासी पहिचान गरी तिनीहरुको समस्या समाधान गर्न नेपाल सरकारले देहाय बमोजिमको सुकुमबासी समस्या समाधान आयोग गठन गरी काम, कर्तव्य र अधिकार समेत तोकेको छ।

१. परिभाषा :– विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशको प्रयोजनको लागिः–

(क) ''सुकुमबासी'' भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल भित्र कुनै घर वा जग्गा नभएको, जीविकोपार्जनका लागि आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार, व्यवसाय नभएको र नेपालभित्र कृषि सम्बन्धी वा अन्य क्षेत्रमा मजदुरी गरी गुजारा गरी आएका नेपाली नागरिक वा निजप्रति आश्रित पविार सम्झनु पर्छ।

(ख) ''परिवार'' भन्नाले अंश छुट्टिएको वा नछुट्टिएको भएपनि पति, पत्नी र बाबु, आमा जिवित छउन्जेल १६ बर्ष उमेर नपेगेका छोरा छोरी, धर्मपुत्र, धर्मपुत्री सम्झनु पर्छ।

(ग) ''आयोग'' भन्नाले दफा २ बमोजिम गठित सुकुमबासी समस्या समाधान आयोग सम्झनु पर्छ।

(घ) ''मन्त्रालय'' भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

(ङ) ''समिति'' भन्नाले दफा ५ बमोजिम गठित सुकुमबासी समस्या समाधान जिल्ला समिति सम्झनु पर्छ।

२. आयोगको गठनः–

(१) आयोगको गठन देहाय बमोजिम हुनेछ,–

(क) नेपाल सरकार, मन्त्रिपरिषद्ले तोकेको व्यक्ति - अध्यक्ष

(ख) मन्त्रालयले तोकेको विभिन्न राजनीतिक दलका कम्तीमा एक महिला सहित बढीमा छ जना व्यक्ति - सदस्य

(ग) सचिव, कानून तथा न्याय मन्त्रालय - सदस्य

(घ) सचिव, वन तथा भू –संरक्षण मन्त्रालय - सदस्य

(ङ) सचिव, भौतिक योजना तथा निर्माण मन्त्रालय - सदस्य

(च) मन्त्रालयको सचिव - सदस्य

(छ) मन्त्रालयले तोकेको नेपाल सरकारको राजपत्रांकित द्वितीय श्रेणीको अधिकृत - सदस्य –सचिव

(२) आयोगको वैठकमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा वैठको लागि गणपूरक संख्या पुगेको मानिनेछ र वैठकमा अध्यक्षको उपस्थिती अनिवार्य हुनेछ।

(३) आयोगको वैठकमा आवश्यकतानुसार कुनै सरकारी कर्मचारी, सुकुमबासी संघको प्रतिनिधि तथा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) आयोगले आफ्नो कार्यविधि आफै बनाउने छ।

३. आयोगको काम, कर्तव्य र अधिकारः– आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,–

(क) विगतमा गठित आयोग/समितिबाट संकलन भएका सुकुमबासी सम्बन्धी निवेदन र विवरण सम्बन्धित निकायबाट प्राप्त गर्ने,

(ख) सम्बन्धित जिल्ला समितिबाट मुलुकको विभिन्न ठाउँमा रहेका सुकुमबासी वा निजका पविारबाट ३० दिने म्यद जारी गराई निवेदन माग गर्ने वा गराउने,

(ग) खण्ड (क) र (ख) बमोजिम प्राप्त निवेदन उपर आवश्यक छानविन गरी सुकुमबासी व्यक्ति वा निजको परिवारहरुको विवरण अध्याविधिक गर्ने वा गराउने,

(घ) खण्ड (ग) बमोजिम तयार भएको विवरणको आधारमा परिवारका सदस्यहरुको नाम समेत उल्लोख गरी सुकुमबासी परिवारको मुलीलाई अनुसूची –१ बमोजिम सुकुमबासी पचिय पत्र वितरण गर्ने गराउने,

(ङ) सुकुमबासीलाई बसोवासको व्यवस्था गर्न सकिने देहाय बमोजिमका जग्गाहरुको पहिचान गरी लगत तयार गर्ने वा गराउने,–

(१) नेपाल सरकारको नाउँमा दर्ता भएको वा नभएको सरकारी जग्गा,

(२) राष्ट्रिय निकुञ्ज तथा आरक्षणको सीमावर्ती क्षेत्र (...........) बाहेकको हैसियत बिग्रेको वन क्षेत्रको जग्गा,

(३) मोही लागेको बाहेक भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम हदवन्दीबाट प्राप्त भएको वा जफत भएको जग्गा,
(४) सरकारको नाउँमा दर्ता भएको अमानती जग्गा,
(५) कसैले निजी नम्बरी जग्गामा मिसाई भोग गरी आएको सरकारी जग्गा,
(६) सुकुमबासी परिवारले बसोवास गरी आएको सरकारी जग्गा।

(च) खण्ड (ङ) मा उल्लेखित जग्गा मध्ये घरवासको कारणले कट्टा गर्न नमिल्ने अवस्थाको बाहेक सुकुमबासी व्यक्ति वा परिवारलाई नगरपालिका र ग्रामीण क्षेत्रमा आयोगले तोके बमोजिमको अधिकतम हद (क्षेत्रफल) को जग्गा वितरण गर्ने,

(छ) खण्ड (च) बमोजिम जग्गा वितरण गर्दा देहाय बमोजिम गर्ने,–
(१) सरकारी कार्यालय, अस्पताल, शिक्षण संथा, खेलमैदान र पार्क आदिजस्ता सार्वजनिक हीतका विषयहरुको लागि बर्तमान र भविष्यमा आवश्यक पर्ने जग्गा छुटयाउने,
(२) खण्ड (ङ) को उपखण्ड (६) बमोजिमको जग्गा विगत १० वर्षदेखि सोही जग्गामा बसोबास गरी आएको व्यक्ति वा परिवारलाई वितरण गर्ने,
(३) अन्य व्यक्तिको निजी जग्गामा बसेका सुकुमबासीहरुलाई विशेष प्रथमिकता दिई आयोगले खण्ड (ङ) बमोजिमको जुनकुकै जग्गा वितरण गर्ने,
(४) भरसक गैर कृषि तर कृषि पैदावर हुने क्षेत्र वा औद्योगिक क्षेत्रमा पहुँच हुने र यातायातका दृष्टिकोणले उपयुक्त क्षेत्रको जग्गा वितरण गर्ने,
(५) विवाहित व्यक्तिको हकमा पति पत्नी वा दुवैको संयुक्त नाममा जग्गा दर्ता गर्ने,
(६) सुकुमबासी जग्गाधनीको मृत्यु पश्चात नियमानुसार नामसारी गर्ने बाहेक अन्य व्यक्तिमा जग्गा हक हस्तान्तरण र धितो बन्धक राख्न नपाउने व्यहोरा जग्गाधनी दर्ता श्रेष्ता र जग्गाधनी दर्ता प्रमाणपुर्जामा जनाई वितरण गर्ने वा गराउने

(ज) सुकुमबासीलाई वितरण गरिने सरकारी जग्गाको सम्बन्धमा आवश्यकता अनुसार जग्गा (नापजाँच) ऐन, २०१९ बमोजिम देहायका कार्य गर्ने गराउने।

(१) जग्गाको सिमाना एकीन गर्ने,

(२) जग्गाको नपनक्सा गर्ने गराउने,

(३) जग्गाको फिल्डबुक, प्लट रजिष्टर तयार गर्ने गराउने,

(४) जग्गाधनी दर्ता श्रेस्ता प्रमाणपुर्जा तयार गरी प्रमाणित गरी वितरण गर्ने गराउने,

(झ) विगतमा गठित आयोग समितिहरुबाट सुकुमबासीको हैसियतले जग्गा प्राप्त गर्दा कुनै व्यक्ति वा परिवारले झुटा विवरण पेश गरी जग्गा प्राप्त गरेको व्यहोरा कसैको उजूर परी वा अन्य श्रोतबाट जानकारी प्राप्त हुन आई छानविन गर्दा गराउदा झुटा विवरण पेश गरी जग्गा प्राप्त गरेको प्रमाणित हुन आएमा त्यस्तो जग्गा वितरण वा वितरण गर्नेगरी गरेको निर्णय बदर गर्ने,

(ञ) आयोगबाट जग्गा प्राप्त गर्ने सुकुमबासीरुको नाममा नेपालभित्र अन्य जग्गा वा घर जग्गा भएको पत्ता लागेमा निजले प्राप्त गरेको जग्गा बदर गर्ने र त्यस्तो गलत विवरण पेश गरी जग्गा प्राप्त गर्ने व्यक्तिलाई प्रचलित कानून बमोजिम कारवाहीको निमित्त सम्बन्धित निकायमा लेखी पठाउने ,

(ट) अनुसूची २ मा उल्लेख भएका जिल्लाहरुमा दफा ५ बमोजिम जिल्ला समिति गठन गर्ने र त्यस्तो समितिलाई जिल्ला समिति गठन नभएको जिल्ला समेतको थप कार्य सुम्पने,

(ठ) आफूलाई तोकिएको काम, कर्तव्य र अधिकारको अधिनमा रही समितिलाई काम, कर्तव्य र अधिकार प्रदान गर्ने,

(ड) आफ्नो काम, कर्तव्य र अधिकारको कार्यान्वयनका सन्दर्भमा सरोकारवाला निकायहरुसँग समन्वय गर्ने,

(ढ) आफ्नो कार्य सम्पादनका क्रममा आवश्यक निर्देशन तथा सूचनाहरु जारी गर्ने,

(ण) आफूले गरेका कामको अभिलेख अद्यावधिक रुपमा दुरुस्त राख्ने/राख्न लगाउने,

(त) आफ्नो कामसँग सम्बन्धित आवश्यक फारमहरु तयार गरी कार्यान्वयनमा ल्याउने,

**४. आयोगको कार्यालय** : आयोगको कार्यालय काठमाडौ उपत्यकामा रहनेछ।

**५. समितिको गठन** :

(१) आयोगको काममा सहयोग पुर्‍याउन आयोगले तोके बमोजिमको काम, कर्तव्य र अधिकार प्रयोग गर्ने गरी अनुसूची २ मा उल्लेख भए बमोजिमका जिल्लाहरुमा आयोगले देहाय बमोजिमका पदाधिकारीहरु रहेको सुकुमबासी समस्या समाधान जिल्ला समिति गठन गर्नेछ,

(क) मन्त्रालयले तोकेको व्यक्ति - अध्यक्ष

(ख) आयोगले तोकेको सम्बन्धित जिल्लाबाट संविधान सभामा प्रतिनिधित्व गरेका विभिन्न राजनैतिक दलका कम्तीमा एक महिलासहित बढीमा तीनजना प्रतिनिधि - सदस्य

(ग) सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(घ) सम्बन्धित जिल्लाको स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि - सदस्य

(ङ) सम्बन्धित जिल्लाको नापी कार्यालयको प्रमुख - सदस्य

(च) सम्बन्धित जिल्लाको जिल्ला वन अधिकृत - सदस्य

(छ) सम्बन्धित नगरपालिका गाउँ विकास समितिको प्रतिनिधि - सदस्य

(ज) सम्बन्धित जिल्लाको मालपोत कार्यालयको (दुइवटा मालपोत कार्यालय रहेको जिल्लाको हकमा सदरमुकाममा रहेको मालपोत कार्यालयको प्रमुख) प्रमुख - सदस्य सचिव

(२) समितिको बैठकमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ र, बैठकमा अध्यक्ष र सचिवको अपस्थिति अनिवार्य हुनेछ।

(३) समितिले स्थानीय राजनीतिक दलका प्रतिनिधि, सुकुमबासी संधको प्रतिनिधि तथा अन्य कुनै विशेषज्ञ वा पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) समितिको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ।

(५) समितिले आफ्नो काम कारबाहीलाई व्यवस्थित गर्न आवश्यक कार्यविधि बनाउन सक्नेछ र आयोगबाट स्वीकृति लिई त्यस्तो कार्यविधि कार्यान्वयनमा ल्याउनेछ।

**६. निर्णय कार्यान्वयन, प्रमाणित तथा वरबुझारथः**

(१)आयोग समितिको निर्णय प्रमाणित तथा कार्यान्वयन गर्ने दायित्व सदस्य सचिवको हुनेछ।

(२) सुकुमबासीलाई वितरण गरिने सुकुमबासी परिचय पत्र र वितरण गरिएको जग्गाको जग्गाधनी दर्ता श्रेस्ता/जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रमाणित गर्ने कार्य समितिका अध्यक्ष र सदस्य–सचिवको संयुक्त दस्तखतबाट गर्नु पर्नेछ।

(३)आयोग/समितिबाट तयार भएका माइन्यूट, नक्सा, फिल्डबुक, जग्गाधनी दर्ता श्रेस्ता तथा अन्य कागजातहरु आयोग/समितिको कार्य सम्पन्न भएपछि सम्बन्धित मन्त्रालय, मालपोत कार्यालय र नापी कार्यालयमा बुझाउनु पर्नेछ। जिन्सी सामानको हकमा आयोगले मन्त्रालयमा र समितिले सम्बन्धित जिल्लाको मालपोत कार्यालयमा बुझाउनु पर्नेछ। त्यसरी बरबुझारथ गर्ने गराउने कर्तव्य सम्बन्धित आयोग/समितिको सदस्य–सचिवको हुनेछ।

**७. आयोग तथा समितिका पदाधिकारी र कर्मचारीहरुको तलब, भत्ता तथा अन्य सुविधा :-**

(१) आयोगका अध्यक्षले मासिक रु ३५०००।– र सदस्यलेहरुले मासिक रु ३१,५००।– पारिश्रमिक पाउने छन्।

(२) आयोगका अध्यक्ष र सदस्यहरुले स्वदेश तथा विदेश भ्रमण गर्दा क्रमशः सहायक मन्त्री र विशिष्ट श्रेणिका अधिकृतले पाए सरहको भ्रमण तथा दैनिक भत्ता पाउने छन्।

(३) आयोगका अध्यक्षलाई एक सरकारी सवारी साधन र मासिक १८० लिटर प्रेट्रोल/डिजेल र ३ महिनाको एक पटक तीन लिटर मोबिल उपलब्ध गराइने छ। तर सवारी सुविधा लिन नचाहेमा सो वापत एकमुष्ट मासिक बाह्रहजार रुपैयाँ उपलब्ध गराइने छ।

(४) आयोगका अध्यक्ष, मनोनित सदस्य र अन्य सदस्यलाई प्रति बैठक रु. १०००।– (एक हजार रुपैयाँ) का दरले बैठक भत्ता उपलब्ध गराइनेछ। यस्तो भत्ता आमन्त्रित व्यक्तिले समेत पाउनेछन्।

(५) समितिका अध्यक्षले नेपाल सरकारको प्रथम श्रेणिका अधिकृतले पाए सरहको पारिश्रमिक पाउने छन्।

(६) परिवहन खर्च वापत समितिका अध्यक्षलाई मासिक रु. १२०००।– उपलब्ध गराइने छ।

(७) समितिका सदस्यहरुले बैठकमा आउँदा जाँदा नेपाल सरकारको राजपत्रांकित द्बितीय श्रेणीको अधिकृतले पाए सरहको दैनिक भ्रमण भत्ता पाउने छ।

(८) आयोग/समितिमा कार्यरत कर्मचारीहरुलाइ् आयोगले अर्थ मन्त्रालयको सहमति लिई विगतमा गठित सुकुमबासी समस्या समाधान आयोग, २०६६ ले व्यवस्था गरे बमोजिमको थप सुविधा उपलब्ध गराउन सक्नेछ।

(९) समितिका अध्यक्ष, सदस्य र आमन्त्रित व्यक्तिहरुले प्रति बैठक रु. ५००।–का दरले बैठक भत्ता पाउने छन्।

**८. आर्थिक कार्य प्रणली :–**

(१) आयोग र समितिलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले मन्त्रालय मार्फत उपलब्ध गराउनेछ।

(२) आयोग र समितिको कार्यसञ्चालनका लागि आयोग।समितिको नाउँमा छुट्टै खाता खोलिनेछ।

(३) आयोग र समितिको खाता संचालन आयोगका सदस्य–सचिव वा निजले तोकेको अधिकृत र सम्बन्धित लेखा प्रमुखको संयुक्त दस्तखतबाट संचालन हुनेछ।

**९. कार्यविधिः–**

(१) आयोगको कार्यावधि काम शुरु गरेको मितिले ६ महिनाको हुनेछ।

(२) आयोग वा कुनै पदाधिकारीको काम कारवाही सन्तोषजनक नभएमा मन्त्रालयको सिफारिसमा नेपाल सरकारले आयोगको विघटन वा पदाधिकारीहरुको हेरफेर गर्न सक्नेछ।

(३) म्याद समाप्त हुनु अगावै आयोगको अन्तिम प्रतिवेदन पेश भएमा आयोग स्वतः विघटन हुनेछ।

**<u>१०. कर्मचारी सम्बन्धी व्यवस्था :–</u>**

(१) आयोग र समितिलाई आवश्यक पर्ने कर्मचारीहरु आयोगको कार्याविधिसम्मका लागि मन्त्रालय वा अन्तरगतका कार्यालय वा नेपाल सराकारका अन्य निकायहरुबाट उपलब्ध गराइनेछ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट कर्मचारी उपलब्ध हुन नसकेमा आयोगले कम्प्युटर सहायक र कार्यालय सहयोगी करारमा नियुक्त गर्न सक्नेछ।

**<u>११. निर्देशन दिनसक्ने</u>** :– आयोगको काम कारवाहीको विषयमा मन्त्रालयले आयोगलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ।

**<u>१२. प्रगति प्रतिवेदन :–</u>**

(१)आयोगले आफ्नो मासिक र त्रैमासिक प्रगति प्रतिवेदन मन्त्रालयमा र अन्तिम प्रगति प्रतिवेदन मन्त्रालय मार्फत नेपाल सरकार समक्ष पेस गर्नेछ।

(२) समितिले आफ्नो मासिक, त्रैमासिक र अन्तिम प्रगति प्रतिवेदन आयोग समक्ष पेश गर्नेछ।

**<u>१३. नेपाल सरकारसँग सम्पर्कः</u>** – आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ।

**<u>१४. अन्य निकायसँगको सम्बन्धः –</u>**

(१)आयोगले नेपाल सरकारका विभिन्न निकायहरुबाट आवश्यक सहयोग माग गर्न सक्नेछ र त्यस्तो सहयोग उपलब्ध गराउनु सम्बन्धित निकायको कर्तव्य हुनेछ।

(२) आयोगले राष्ट्रिय।अन्तर्राष्ट्रिय संस्थाहरुसँग सहयोग लिंदा र सहकार्य गर्दा मन्त्रालयको स्वीकृति लिनुपर्नेछ।

**<u>१५. वाधा अड्काउ फुकाउने अधिकारः–</u>**

(१) आयोगबाट समितिलाई तोकिएको कार्य गर्दा कुनै विषयमा वा फाइलमा कुनै समस्या पर्न आएमा समितिले आयोगबाट निर्देशन लिई कार्य

सम्पादन गर्नुपर्नेछ।

(२) यस आदेशको विपरित हुने गरी आयोगबाट जग्गा वितरण भएको छ भन्ने व्यहोराको लिखित जानकारी मन्त्रालयमा प्राप्त हुन आएमा मन्त्रालयले आवश्यक छानविन गरी गराई छानविनबाट देखिएको आधारमा त्यस्तो जग्गा वितरण सम्बन्धी सम्पूर्ण काम कारवाही बदर गर्न सक्नेछ।

(३) यो आदेश कार्यान्वयनको क्रममा आई पर्ने वाधा अड्काउ फुकाउन मन्त्रालयले आवश्यक आदेश जारी गर्न सक्नेछ।

**<u>आदेशको दफा ३ को खण्ड (घ) संग सम्वन्धित अनुसूची १</u>**

नेपाल सरकार

सुकुमबासी समस्या समाधान आयोग

सुकुमबासी समाधान जिल्ला समिति

..............................

दफा ३ को देहाय खण्ड (घ) सँग सम्बन्धित

१) सुकुमबासीको नाम, थर :

२) ठेगाना :

जिल्ला

न. पा. गा.वि.स. :

वडा नं. : टोल :

३. बाबुको नाम :

४. बाजेको नाम :

५. जन्म मिति :

६. जन्म स्थान :

७. नागरिकता नं.

जारी गरेको जिल्ला :

जारी गरेको मिति :

८. पारिवारिक विवरण :

९. सुकुमबासीको सहिछाप :

<u>प्रमाणित गर्नेको</u>

दस्तखत :

नाम :

पद : सदस्य सचिव

मिति :

१०. सुकुमबासीको हैसियतले प्राप्त गरेको जग्गाको विवरण

११. परिचयपत्रको नमूना

**<u>आदेशको दफा ३ को खण्ड (ट) संग सम्वन्धित अनुसूची २</u>**

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित जिल्लाहरु)

| सि.नं. | जिल्ला | सि.नं. | जिल्ला | सि.नं. | जिल्ला |
|---|---|---|---|---|---|
| १ | झापा | १० | सर्लाही | १८ | रुपन्देही |
| २ | मोरङ | ११ | रौतहट | १९ | कपिलवस्तु |
| ३ | सुनसरी | १२ | बारा | २० | दाङ |
| ४ | सप्तरी | १३ | पर्सा | २१ | बाँके |
| ५ | उदयपुर | १४ | मकवानपुर | २२ | बर्दिया |
| ६ | सिन्धुली | १५ | चितवन | २३ | कैलाली |
| ७ | सिराहा | १६ | नवलपरासी | २४ | कञ्चनपुर |
| ८ | धनुषा | १७ | कास्की | २५ | सुर्खेत |
| ९ | महोत्तरी | | | | |

**अनुसूची १३**

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६४, संख्या १४, नेपाल राजपत्र भाग ५ मिति २०७१।४।१९

भाग ५

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

**प्रस्तावनाः** विगतदेखि सरकारी, सार्वजनिक जग्गामा बसोबास गरी आएका बाढी पहिरो नदीकटान लगायतका प्राकृतिक प्रकोपमा परी घरबास गुमाएका, सरकारी कार्यक्रम आयोजना परियोजना सञ्चालन गर्दा जग्गा अधिग्रहण हुँदा मुआब्जा नपाई विस्थापित भएका सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोवासीहरुको समस्या दिगो रुपमा समाधान गरी सामाजिक न्याय र सद्भाव अभिवृद्धि गर्न सकुम्बासी समस्या समाधान आयोग गठन गर्न बाञ्छनीय भएकोले।

नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम सुकुमबासी समस्या समाधान आयोग गठन आदेश, २०७१ रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,

(क) "सुकुमबासी" भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा घरजग्गा नभएको र घरजग्गा जोड्न सक्ने साधन श्रोत नभएको, आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार व्यवसाय नभएको वा प्राकृतिक प्रकोपबाट घर जग्गा विहीन हुन पुगेको नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई सम्झनु पर्छ।

(ख) "भूमिहीन" भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा घरजग्गा नभएको, घरजग्गा जोडन सक्ने साधनस्रोत नभएको, आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार व्यवसाय नभएको र कृषि पेशामा श्रम गरी

जिविकोपार्जन गर्ने नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई सम्झनु पर्छ।

(ग) "अव्यवस्थित बसोबासी" भन्नाले वि.सं. २०६४ सालभन्दा अगाडिदेखि सरकारी जग्गामा बसोबास गरी आएका नेपाली नागरिक वा निजप्रति आश्रित परिवारलाई सम्झनु पर्छ।

(घ) "परिवार" भन्नाले एकासगोलका बाजे, बज्यै, बाबु, आमा, पति, पत्नी, छोरा, छोरी, छोराबुहारी, धर्मपुत्र र धर्मपुत्री सम्झनु पर्छ।

(ङ) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई सम्झनु पर्छ।

(च) "आयोग" भन्नाले यस आदेशको दफा ३ बमोजिम गठित सुकुमबासी समस्या समाधान आयोगलाई समझनु पर्छ।

(छ) " जिल्ला समिति " भन्नाले यस आदेशको दफा ७ बमोजिम गठित सुकुमबासी समस्या समाधान जिल्ला समितिलाई सम्झनु पर्छ।

३. आयोगको गठन : (१) आयोगको गठन देहाय बमोजिम हुनेछ ,

| | |
|---|---|
| क) नेपाल सरकारले तोकेको व्यक्ति | - अध्यक्ष |
| ख) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - सदस्य |
| ग) सचिव, गृह मन्त्रालय | - सदस्य |
| घ) सचिव, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| ङ) सचिव, कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | - सदस्य |
| च) सचिव वन तथा भूसंरक्षण मन्त्रालय | - सदस्य |
| छ) सचिव, शहरी बिकास मन्त्रालय | - सदस्य |
| ज) मन्त्रालयले तोकेका दुईजना महिला सहित ५ जना | - सदस्य |
| झ) मन्त्रालयले तोकेको राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृत | - सदस्य सचिव |

(२) आयोगको बैठकमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि

गणपूरक सङ्ख्या पुगेको मानिने छ र बैठकमा अध्यक्ष र सदस्य सचिवको उपस्थिति अनिवार्य हुनेछ।

(३) आयोगको बैठकमा आवश्यकता अनुसार कुनै सरकारी कर्मचारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) आयोगको बैठक सम्बन्धी कार्यविधि आयोग आफैंले निर्धारण गर्न सक्नेछ।

(५) आयोगको एउटा छुट्टै छाप हुनेछ।

४. आयोगको कार्यक्षेत्र : आयोगको कार्यक्षेत्र अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ।

५. आयोगको कार्यालय : आयोगको कार्यालय काठमाडौं उपत्यकामा रहनेछ।

६. आयोगको काम, कर्तव्य र अधिकार : (१) आयोगको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) वास्तविक सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान गर्न सार्वजनिक सूचना जारी गरी अनुसूची २ को ढाँचामा निवेदन संकलन गर्ने गराउने।

(ख) खण्ड (क) बमोजिम सूचनाको म्यादभित्र परेका निवेदन उपर छानवीन गरी सुकुमबासी वा भूमिहीन वा अव्यवस्थित बसोबासीको प्रमाणीकरण गर्ने, गराउने।

(ग) खण्ड (ख) बमोजिम प्रमाणीकरण भएका सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीलाई अनुसुची ३ बमोजिमको ढाचामा परिचय पत्र वितरण गर्ने, गराउने।

(घ) खण्ड (ग) अनुसार परिचय पत्र प्राप्त गरेका सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीलाई आयोगले देहायका प्रकृतिका जग्गा अनुसूची ४ मा तोकिएको मापदण्डको परिधिभित्र रही उपलब्ध गराउन सक्नेछ,

(१) नापनक्सा भई फिल्डबुक कायम भएको नेपाल सरकारको नाममा दर्ता भएको वा नभएको सरकारी जग्गा।

(२) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी भन्दा बढी प्राप्त भएको वा जफत भएको जग्गा।

(ङ) खण्ड (घ) बमोजिमका बिक्री वितरण गर्न उपयुक्त जग्गाको लगत (गाउँ विकास समिति नगरपालिका, वडा नं., नक्सा नं. कित्ता नं. क्षेत्रफल जग्गाको विद्यमान अवस्था) तयार गर्ने, गराउने।

(च) खण्ड (ग) बमोजिम परिचयपत्र प्राप्त गरेका सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीको लगत र खण्ड (ङ) बमोजिम उपलब्ध जग्गाको लगतको विश्लेषण गर्ने गराउने।

(छ) खण्ड (च) बमोजिमको बिश्लेषणको आधारमा अनुसूची ४ मा तोकिएको हद बमोजिम जग्गा बिक्री वितरण गर्ने, गराउने।

यस्तो जग्गा विक्री वितरण गर्दा जग्गाको उपलब्धता हेरी अनुसूची ४ मा तोकिएको हदभन्दा कम हुने गरी बिक्री वितरण गर्न बाधा पर्ने छैन।

(ज) विगतमा गठित सुकुमबासी र अव्यवस्थित बसोबास समस्या समाधान आयोग समितिबाट भएका कार्यहरुको सम्बन्धमा देहाय बमोजिम गर्ने, गराउने ,

(१) विगतमा गठित आयोग समितिबाट तयार भएका कागजात विवरणहरु सम्बन्धित निकायबाट प्राप्त गर्ने, गराउने

(२) देहाय (१) बमोजिमका कागजात विवरणहरु छानविन गरी यसै आदेशमा तोकिएको मापदण्ड र प्रक्रिया पुरा गरी निर्णय गर्ने, गराउने।

(३) अदालतमा मुद्धा परेका जग्गाको हकमा अदालतको फैसला अनुसार गर्ने, गराउने।

(झ) दफा ८ को उपदफा ५ बमोजिम जिल्ला समितिका निर्णयहरु अनुमोदन गर्ने, गराउने

(ञ) सुकुमबासी र भूमिहीन व्यक्ति परिवारले हाल भोगचलन गरिरहेकै सरकारी जग्गा बसोबासका दृष्टिकोणले उपयुक्त भए सोही ठाउँमा उपलब्ध गराउन प्राथमिकता दिने, त्यस्तो जग्गा बसोबास अनुकुल नभएमा सम्भव भएसम्म नजिकको गाविस, निर्वाचन क्षेत्र वा जिल्ला भित्रका सरकारी जग्गा उपलब्ध गराउने गरी निर्णय गर्ने, गराउने।

(ट) आवश्यक सूचनाहरु जारी गर्ने।

(ठ) सरोकारवाला निकायहरुसँग समन्वय गर्ने।

(ड) जिल्ला समितिहरुको कार्य सञ्चालनको रेखदेख नियमन, निरीक्षण तथा अनुगमन गर्ने

(ढ) तोकिएको कार्यावधि अगावै कार्यसम्पन्न भएका जिल्लाका जिल्ला समिति विघटन गर्न मन्त्रालयमा सिफारिस गर्ने।

(२) यस आदेश बमोजिम जग्गा बिक्री वितरण गर्दा सरकारी प्रयोजन र सार्वजनिक हितका लागि आवश्यक पर्ने जग्गा छुट्याइ वाकी जग्गा विक्रि वितरण गर्ने गराउन।

७. सुकुमबासी समस्या समाधान जिल्ला समितिको गठन :

(१) सुकुमबासी भूमिहीन र अव्यवस्थित बसोबासी सम्बन्धी कार्य सम्पन्न गर्न अनुसूची १ मा तोकिएका जिल्लामा देहाय बमोजमका पदाधिकारीहरु रहेको जिल्ला समिति रहनेछ,

| | |
|---|---|
| (क) मन्त्रालयले तोकेको व्यक्ति | - अध्यक्ष |
| (ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि | - सदस्य |
| (ग) स्थानीय विकास अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि | - सदस्य |
| (घ) प्रमुख भूमिसुधार कार्यालय | - सदस्य |
| (ङ) प्रमुख, नापी कार्यालय | - सदस्य |
| (च) जिल्ला वन अधिकृत वा निजले तोकेको अधिकृत प्रतिनिधि | - सदस्य |
| (छ) मन्त्रालयले तोकेका सम्बन्धित जिल्लाका एक जना महिला सहित चार जना | - सदस्य |
| (ज) प्रमुख मालपोत कार्यालय (सदरमुकाम बाहेक) | - सदस्य |
| (झ) प्रमुख नापी कार्यालय (सदरमुकाम बाहेक) | - सदस्य |
| (ञ) प्रमुख, मालपोत कार्यालय (सदरमुकाम स्थित) | - सदस्य सचिव |

(२) जिल्ला समितिको बैठकमा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ। बैठकमा अध्यक्ष र सदस्य सचिवको उपस्थिति अनिवार्य हुनेछ।

(३) जिल्ला समितिको बैठकमा आवशयकता अनुसार कुनै सरकारी कर्मचारी वा विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(४) जिल्ला समितिको कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ।

८. जिल्ला समितिको काम, कर्तव्य र अधिकार :

जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ,

(क) वास्तविक सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीको पहिचान गर्न सार्वजनिक सूचना जारी गरी अनुसूची २ को ढाँचामा निवेदन संकलन गर्ने।

(ख) खण्ड (क) बमोजिम सूचनाको म्यादभित्र परेका निवेदन उपर छानविन गरी सुकुम्बासी वा भूमिहीन वा अव्यवस्थित बसोबासीको प्रमाणीकरण गर्ने।

(ग) खण्ड (ख) बमोजिम प्रमाणीकरण भएका सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीलाई अनुसूची ३ को ढाँचामा परिचयपत्र वितरण गर्ने।

(घ) खण्ड (ग) बमोजिम परिचय पत्र प्राप्त गरेका सुकुमबासी, भूमिहिन र अव्यवस्थित बसोवासीलाई जिल्ला समितिले देहायका प्रकृतिका जग्गा अनुसुची ४ मा तोकिएको मापदण्डको परिधिभित्र रही उपलब्ध गराउन सक्नेछ ,

(१) नापनक्सा भई फिल्डबुक कायम भएको नेपाल सरकारको नाममा दर्ता भएको वा नभएको सरकारी जग्गा,

(२) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी भन्दा बढी प्राप्त भएको वा जफत भएको जग्गा।

(ङ) खण्ड (घ) बमोजिमका बिक्री/वितरण गर्न उपयुक्त जग्गाको लगत (गाँउ विकास समिति।नगरपालिका, वडा नं., क्षेत्रफल, जग्गाको विद्ममान अवस्था) तयार गर्ने।

(च) खण्ड (ग) बमोजिम परिचयपत्र प्राप्त गरेका सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीको लगत र खण्ड (ङ) बमोजिम उपलब्ध जग्गाको लगतको विश्लेषण गर्ने।

(छ) खण्ड (च) बमोजिमको विश्लेषणको आधारमा अनुसूची – ४ मा तोकिएको हद बमोजिम जग्गा बिक्री/वितरण गर्ने।

यस्तो जग्गा बिक्री/वितरण गर्दा जग्गाको उपलब्धता हेरी अनुसूची – ४ मा तोकिएको हद भन्दा कम हुने गरी बिक्री।वितरण गर्न बाधा पर्ने छैन।

(ज) विगतमा गठित सुकुमबासी र अव्यवस्थित बसोबास समस्या समाधान आयोग।समितिबाट भएका कार्यहरुको सम्बन्धमा देहाय बमोजिम गर्नेः–

(१) विगतमा गठित आयोग/समितिबाट तयार भएका कागजात/विवरणहरु सम्बन्धित निकायबाट प्राप्त गर्ने।

(२) देहाय (१) बमोजिमका कागजात।विवरणहरु छानविन गरी यसै आदेशमा तोकिएको मापदण्ड र प्रक्रिया पुरा गरी अनुमोदनका लागि आयोगमा सिफारिस गर्ने।

(३) अदालतमा मुद्दा परेका जग्गाको हकमा अदालतको फैसला अनुसार गर्ने।

(झ) सुकुमबासी र भूमिहीन व्यक्ति/परिवारले हाल भोगचलन गरिरहेकै सरकारी जग्गा बसोबासका दृष्टिकोणले उपयुक्त भए सोही ठाँउमा जग्गा उपलब्ध गराउन प्राथमिकता दिने। त्यस्तो जग्गा बसोबास अनुकूल नभएमा सम्भव भएसम्म नजिकको गा.वि.स. निर्वाचन क्षेत्र वा जिल्लाभित्रका सरकारी जग्गा उपलब्ध गराउने गरी निर्णय गर्ने।

(ञ) आवश्यक सूचनाहरु जारी गर्ने

(ट) सरोकारवाला निकायहरुसँग समन्वय गर्ने।

(४) यस आदेश बमोजिम जग्गा बिक्री वितरण गर्दा सरकारी प्रयोजन र सार्वजनिक हितका लागि आवश्यक पर्ने जग्गा छुट्याई बाँकि जग्गा बिक्री वितरण गर्नुपर्नेछ।

(५) सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराइने जग्गाधनी प्रमाणपूर्जामा पति पत्नी भएमा दुबैको संयुक्त नाममा र एकल महिला र एकल पुरुष भएमा सोही व्यहोरा जनाई जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउनु पर्नेछ।

(६) यस आदेशमा उल्लेख भए बमोजिमको कार्य तोकिएको समय अगावै सम्पन्न भएमा सो को जानकारी आयोगमा पठाउनु पर्नेछ।

(७) जिल्ला समितिले परिचयपत्र वितरण र जग्गा बिक्री वितरण गर्नु अगाडि आयोगबाट अनुमोदन गराउनु पर्नेछ। आयोगले आवश्यकता अनुसार सदस्यहरु खटाई यस्तो अनुमोदन गर्ने व्यवस्था गर्न सक्नेछ

(८) जग्गाको जग्गाधनी दर्ता स्रेस्ता, जग्गाधनी दर्ता प्रमाणपूर्जा, नापीनक्सा, फिल्डबुक र प्लट रजिष्टरको प्रत्येक पानामा जिल्ला समितिको अध्यक्ष र सदस्य सचिवले संयुक्त हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

९. मूल्य निर्धारण सम्बन्धी व्यवस्था :

(१) सुकुमबासी र भूमिहीनलाई अनुसूची ४ मा तोकिएको हदसम्मको जग्गा निःशुल्क उपलबध गराइनेछ।

(२) अव्यवस्थित बसोबासीलाई अनुसूची ४ मा उल्लेख भए बमोजिमको हदसम्मको जग्गा सोही अनुसूचीमा उल्लेख भए बमोजिमको मूल्य लिई उपलब्ध गराइनेछ।

१०. अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था :नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका अधिकार जिल्ला समितिलाई प्रत्यायोजन गरेको छ ,

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ३ख,४, ६, ७, ८, ८क, १०, र ११ का अधिकारहरु

(ख) जग्गा नापजाँच नियमावली, २०५८ को नियम ४, ५, ९, १२, १३, १४, १५, १६, १७, १८, २०, २२, र २३ का अधिकारहरु।

(ग) मालपोत ऐन, २०३४ को दफा ६, ८, ८क, २४, २५ र २६ का अधिकारहरु।

(घ) मालमोत नियमावली , २०३६ को नियम ३, ४, ४क, ५क, ५ख, ५घ, र २२ क का अधिकारहरु।

(ङ) भूमि सम्बन्धी ऐन २०२१ को दफा २१ को अधिकार

(च) भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १६ र २३ का अधिकारहरु।

११. सूचना जारी गर्ने र निवेदन लिने सम्बन्धी व्यवस्था :

(१) जिल्ला समितिले अनुसूची २ को ढाँचामा निवेदन दिन आव्हान गरी राष्ट्रिय स्थानीय पत्रपत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्नुपर्नेछ। यस्तो सूचना स्थानीय सरकारी कार्यालयहरुको सूचना पाटीमा समेत टाँस गर्नुपर्नेछ।

(२) यस आदेश बमोजिम सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोवासीले अनुसूची २ को ढाँचामा सम्बन्धित जिल्ला समितिमा निवेदन पेश गर्नुपर्नेछ।

१२. झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेमा निर्णय बदर हुने :

(१) सुकुमबासी, , भूमिहीन र अव्यवसस्थित बसोबासीको हैसियतमा जग्गा प्राप्त गरिसकेका व्यक्ति वा परिवारले पुनः सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीको हैसियतले जग्गा प्राप्त गर्न सक्ने छैनन्।

(२) सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीका हैसियतले झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेको व्यहोरा कसैको उजुर परी वा अन्य श्रोतबाट जानकारी प्राप्त गरेको प्रमाणित हुन आएमा त्यस्तो जग्गा वितरण वा वितरण गर्ने गरी गरेको निर्णय वदर गरी साविक बमोजिम स्रेस्ता कायम गर्नुपर्नेछ

१३. आयोग र जिल्ला समितिका पदाधिकारी तथा कर्मचारीहरुले जग्गा प्राप्त गर्न नहुनेः आयोग र जिल्ला समितिका पदाधिकारी तथा आयोग र जिल्ला समितिमा कार्यरत कर्मचारी र तिनका परिवारहरुले सुकुमबासी, भूमिहीन र अव्यवस्थित बसोबासीको नामबाट जग्गा प्राप्त गर्न सकने छैनन्।

१४. आयोग र जिल्ला समितिका पदाधिकारी तथा कर्मचारीहरुको पारिश्रमिक तथा अन्य सुविधाः

(१) आयोगका अध्यक्षलाई राज्यमन्त्री सरह र दफा ३ को उपदफा (१) को खण्ड (ज) बमोजिम नियुक्त सदस्यहरुलाई नेपाल सरकारका विशिष्ट श्रेणी सरहको पारिश्रमिक गराइनेछ।

(२) आयोगको काममा खटिई जानुपर्दा अध्यक्ष तथा सदस्यहरुलाई नेपाल सरकारका समानस्तरका पदाधिकारीहरु सरहको भ्रमण तथा दैनिक भत्ता उपलब्ध गराइनेछ।

(३) आयोगका अध्यक्षलाई सवारी इन्धन तथा सवारी चालक बापत एकमुष्ठ मासिक पच्चिस हजार रुपैयाँ उपलब्ध गराइनेछ।

(४) जिल्ला समितिका अध्यक्षलाई नेपाल सरकारको राजपत्राङ्कित प्रथम श्रेणीका अधिकृत सरह र दफा ७ को उपदफा (१) को खण्ड (छ) बमोजिम नियुक्त जिल्ला समितिका सदस्यहरुलाई नेपाल सरकारको राजपत्राङ्कित तृतीय श्रेणीका अधिकृत सरहको परिश्रमिक उपलब्ध गराइनेछ। अध्यक्षलाई परिवहन खर्च बापत मासिक एकमुष्ट पाँच हजार रुपैया उपलब्ध गराइनेछ।

(५) आयोग र जिल्ला समितिहरुमा काम काज गर्ने कर्मचारीहरुलाई निजहरुले खाइपाई आएको शुरु तलब स्केलको पचास प्रतिशतले हुन आउने रकम मासिक भत्ताको रुपमा उपलब्ध गराइनेछ।

(६) आयोग र जिल्ला समितिको बैठक भत्ता अर्थ मन्त्रालयबाट जारी निर्देशिका बमोजिम हुनेछ।

१५. कर्मचारी सम्बन्धी व्यवस्थाः आयोग र जिल्ला समितिको काममा आवश्यक पर्ने कर्मचारीहरु मन्त्रालय मार्फत प्रचलित कानून बमोजिम व्यवस्था गरिनेछ।

१६. आर्थिक प्रशासन सम्बन्धी व्यवस्था : आयोग र जिल्ला समितिको आर्थिक प्रशासन सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछः–

(क) आयोग र जिल्ला समितिको कार्यसन्चालनका लागि एउटा छुट्टै खाता हुनेछ।

(ख) सदस्य – सचिव र सम्बन्धित निकायबाट तोकिएको लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखतबाट आयोग र जिल्ला समितिको खाता संचालन हुनेछ।

(ग) आयोग र जिल्ला समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(घ) आयोग र जिल्ला समितिको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(ङ) नेपाल सरकारले आयोग र जिल्ला समितिको लेखा, तत्सम्बन्धी कागजात र नगदी जिन्सी जुनसुकै वखत पनि जाँच गर्न, गराउन सक्नेछ।

(च) आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

१७. जग्गा रोक्का र फुकुवा सम्बन्धी व्यवस्था :

(१) सुकुमबासी समस्या समाधान आयोगले सुकुमबासी र भूमिहीनलाई वितरण गरेको जग्गा वितरण गरेको मितिले आठ वर्षसम्म बेचबिखन, धितो बन्धक, दृष्टिबन्धक राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का रहनेछ।

(२) अव्यवस्थित बसोबासीलाई बिक्री वितरण गरेको जग्गा बिक्री वितरण गरेको मितिले तीन बर्षसम्म बेचेबखन, धितो बन्धक, दृष्टिबन्धक राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का रहनेछ।

१८. आयोगको कार्यावधिः

(१) आयोगको कार्य अवधि आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ।

(२) कार्य अवधि अगावै आयोगले आफ्नो कार्य सम्पन्न गरेमा आयोग स्वतः विघटन हुनेछ।

(३) आयोग विघटन भएपछि जिल्ला समितिहरु स्वतः विघटन हुनेछन्।

(४) आयोग विघटन भएपछि आयोग र जिल्ला समितिका पदाधिकारीहरुको पदावधि स्वतः समाप्त हुनेछ।

१९. आयोग र जिल्ला समितिका पदाधिकारी हटाइने :

(१) नेपाल सरकारको निर्णय बमोजिम नियुक्त भएका आयोग र जिल्ला समितिका पदाधिकारहिरुले प्राप्त अधिकारको दुरुपयोग गरेमा, आयोग र जिल्ला समितिलाई जानीबुझी हानी नोक्सानी पुऱ्याएमा, अनियमित कार्य गरेमा आयोगका अध्यक्षको हकमा नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयले र अन्य पदाधिकारीको हकमा नेपाल सरकार (मन्त्रीस्तर) को निर्णयले हटाइनेछ।

(२) उपदफा (१) बमोजिम रिक्त रहेको पदमा बाँकी अवधिका लागि नियुक्त गर्न सकिनेछ।

२०. आयोगको प्रतिवेदन तथा नेपाल सरकारसँगको सम्पर्क :

(१) आयोग र समितिले सम्पादन गरेका कामको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण जिल्ला समितिले आयोगमा र आयोगले मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) आयोगले आफ्नो काम सम्पन्न गरेको प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ।

(३) आयोगले नेपाल सरकारसँग सम्पर्क राख्दा मन्त्रालय मार्फत राख्नुपर्नेछ।

२१. सरकारी निकायसँगको समन्वय र सहकार्य : आयोग र जिल्ला समितिले नेपाल सरकारका अन्य निकायहरुबाट आवश्यक सहयोग माग गर्न सक्नेछन् र त्यस्तो माग भएको सहयोग उपलब्ध गराउनु ती निकायको कर्तब्य हुनेछ।

२२. कार्ययोजना बनाई काम गर्नुपर्ने : यस आदेशको कार्यान्वयन गर्न आयोगले आवश्यक कार्ययोजना र कार्यतालिका बनाई काम गर्नुपर्नेछ।

२३. निर्देशन दिनसक्ने :

(१) मन्त्रालयले आयोगलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ।

(२) यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ।

(मिति २०७१।४।१९ को गठन आदेशसंग सम्वन्धित अनुसूची)

## (दफा ४ सँग सम्बन्धित)

## आयोगको कार्यक्षेत्र रहेका जिल्लाहरु

| सि.नं | जिल्ला | सि.नं | जिल्ला | सि.नं | जिल्ला | सि.नं | जिल्ला | सि.नं | जिल्ला |
|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ताप्लेजुङ | 2. | पाँचथर | 3. | इलाम | 4. | झापा | 5. | संखुवासभा |
| 6. | तेह्रथुम | 7. | भोजपुर | 8. | धनकुटा | 9. | मोरङ | 10. | सुनसरी |
| 11. | सोलखुम्बु | 12. | ओखलढुङ्गा | 13. | खोटाङ | 14. | उदयपुर | 15. | सप्तरी |
| 16. | सिराहा | 17. | दोलखा | 18. | रामेछाप | 19. | सिन्धुली | 20. | सर्लाही |
| 21. | महोत्तरी | 22. | धनुषा | 23. | सिन्धुपाल्चोक | 24. | काभ्रेपलाञ्चोक | 25. | रसुवा |
| 26. | नुवाकोट | 27. | धादिङ | 28. | चितवन | 29. | मकवानपुर | 30. | बारा |
| 31. | पर्सा | 32. | रौतहट | 33. | कास्की | 34. | तनहुँ | 35. | लमजुङ |
| 36. | गोरखा | 37. | मनाङ | 38. | स्याङ्जा | 39. | रुपन्देही | 40. | कपिलवस्तु |
| 41. | नवलपरासी | 42. | पाल्पा | 43. | गुल्मी | 44. | अर्घाखाँची | 45. | पर्वत |
| 46. | म्याग्दी | 47. | मुस्ताङ | 48. | बाग्लुङ | 49. | रुकुम | 50. | रोल्पा |
| 51. | सल्यान | 52. | प्युठान | 53. | दाङ | 54. | बाँके | 55. | बर्दिया |
| 56. | सुर्खेत | 57. | दैलेख | 58. | जाजरकोट | 59. | हुम्ला | 60. | जुम्ला |
| 61. | मुगु | 62. | डोल्पा | 63. | कालिकोट | 64. | बझाङ | 65. | बाजुरा |
| 66. | अछाम | 67. | डोटी | 68. | कैलाली | 69. | डडेल्धुरा | 70. | कञ्चनपुर |
| 71. | बैतडी | 72. | दार्चुला | | | | | | |

(मिति २०७१।४।१९ को गठन आदेशसंग सम्वन्धित अनुसूची)

(दफा ६ को उपदफा (१) को दण्ड (क) सँग सम्बन्धित)

(क) सुकुमबासीले दिने निवेदन फाराम

फोटो

नेपाल सरकार

दर्ता नं...
मितिः .....

सुकुमबासी समस्या समाधान आयोग २०७१
सुकुमबासी समस्या समाधान जिल्ला समिति .............

विषयः सुकुमबासी भएकोले निवेदन पेश गरेको ।

श्रीमान् अध्यक्षज्यू,
सुकुमबासी समस्या समाधान जिल्ला समिति ...................... ।

म, मेरो परिवार र अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा घरजग्गा नभएको घरजग्गा जोड्न सक्ने साधनस्रोत नभएको, आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार/व्यवसाय नभएको प्राकृतिक प्रकोपबाट घरजग्गा विहीन हुन पुगेको हुँदा जिल्ला समितिबाट प्रकाशित सूचनाको म्यादभित्र सुकुमबासीको हैसियतले तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१) निवेदकको नामः ..... बाबुः ....... बाजेः ....... पति/पत्नी .........

३) नागरिकता नं. ........ फोटो सहितको मतदाता परिचयपत्र नं. (उपलब्ध भए) .............

4) स्थायी ठेगानाः अञ्चलः ........... जिल्लाः ........... न.पा./गा.वि.स. ....... वडा नं. ....... टोल .......

५) हालको ठेगानाः अञ्चलः ........... जिल्लाः ........... न.पा./गा.वि.स. ........ वडा नं. ....... टोल ......

| २) पारिवारिक विवरण | | |
|---|---|---|
| सि.नं. | नाम | नाता |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

६) पेशाः ..............

७) सुकुमबासी हुनाको कारणः .........

८)विगतमा गठित आयोग/समितिबाट सुविधा/जग्गा प्राप्त गरिसकेको छ ☐ छैन ☐

९) हाल भोग गरेको सरकारी, सार्वजनिक जग्गा भए सो घरजग्गाको विवरणः

क) घर छ ☐ छैन ☐

ख) घर छ भने घर घडेरीको कित्ता नं .... क्षेत्रफल .................

ग) घर घडेरीले भोग गरेको ठेगाना जिल्लाः .......... न.पा./गा.वि.स. .............. वडा नं. ........ टोल ...........

घ) भोग गरेको जग्गाको किसिमः सरकारी ☐ वन ☐ गुठी ☐

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरिए कानून बमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षरः

मितिः ....................... निवेदकको नामः .........................

औठा छाप मोबाइल नं. .........................

| दाँया | बाँया |
|---|---|
| | |

कार्यालय प्रयोजनको लागि

मितिः ...............

प्रमाणित गर्ने अधिकारी .................

दर्ता गर्ने अधिकारी .......................

<u>द्रष्टव्यः</u>

- सम्बन्धित सुकुमबासीले मात्र निवेदन दिन पाउनेछ ।
- सूचना प्रकाशन भएको ३५ दिनभित्र निवेदन सम्बन्धित सुकुमबासी समस्या समाधान जिल्ला समितमा बुझाउनु पर्नेछ ।
- निवेदन साथ निम्न बमोजिम प्रमाणहरु संलग्न गर्नुपर्नेछ-
  - o नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
  - o बसोबास गरेको स्थानको स्थानीय गाउँ विकास समिति/नगरपालिकाको सिफारिस
  - o निवेदकको व्यहोरा झुठा ठहरिएमा निवेदन रद्द हुनेछ।

(मिति २०७१।४।१९ को गठन आदेशसंग सम्वन्धित अनुसूची)

(अनुसूची - २ दफा ६ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

(ख) भूमिहीनले दिने निवेदन फाराम

फोटो

नेपाल सरकार

दर्ता नं...
मितिः .....

सुकुमबासी समस्या समाधान आयोग २०७१

सुकुमबासी समस्या समाधान जिल्ला समिति .............

विषयः भूमिहीन भएकोले निवेदन पेश गरेको ।

श्रीमान् अध्यक्षज्यू,
सुकुमबासी समस्या समाधान जिल्ला समिति ...................... ।

म, मेरो परिवार र अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभित्र कुनै ठाउँमा घरजग्गा नभएको, घरजग्गा जोड्न सक्ने साधनस्रोत नभएको, आफ्नो वा आफ्नो परिवारको कुनै व्यापार/व्यवसाय नभएको र कृषि पेशामा श्रम गरी जिविकोपार्जन गर्ने व्यक्ति भएको हुँदा समितिबाट प्रकाशित म्यादभित्र भूमिहीनको हैसियतले तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१) निवेदकको नामः ..... बाबुः ....... बाजेः ....... पति/पत्नी .........

२) पारिवारिक विवरण

| सि.नं. | नाम | नाता |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

३) नागरिकता नं. ........ फोटो सहितको मतदाता परिचयपत्र नं. (उपलब्ध भए) .............

4) स्थायी ठेगानाः अञ्चलः ........... जिल्लाः ........... न.पा./गा.वि.स. ....... वडा नं. ....... टोल .......

५) हालको ठेगानाः अञ्चलः ........... जिल्लाः ........... न.पा./गा.वि.स. ........ वडा नं. ....... टोल ......

६) पेशाः ..............

७) भूमिहीन हुनाको कारणः .........

८)विगतमा गठित आयोग/समितिबाट सुविधा/जग्गा प्राप्त गरिसकेको छ ☐ छैन ☐

९) हाल भोग गरेको सरकारी, सार्वजनिक जग्गा भए सो घरजग्गाको विवरणः

क) घर छ ☐ छैन ☐

ख) घर छ भने घर घडेरीको कित्ता नं .... क्षेत्रफल .................

ग) घर घडेरीले भोग गरेको ठेगाना जिल्लाः .......... न.पा./गा.वि.स. .............. वडा नं. ........ टोल ...........

घ) भोग गरेको जग्गाको किसिमः सरकारी ☐ वन ☐ गुठी ☐

१०) अन्य व्यहोरा ......................................................................

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरिए कानून बमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षरः

मितिः .......................

निवेदकको नामः .........................

औठा छाप

मोबाइल नं. ..........................

| दाँया | बाँया |
|---|---|
| | |

कार्यालय प्रयोजनको लागि
मितिः ...............
प्रमाणित गर्ने अधिकारी .................
दर्ता गर्ने अधिकारी .......................

<u>द्रष्टव्यः</u>

- सम्बन्धित भूमिहीनले मात्र निवेदन दिन पाउनेछ ।
- सूचना प्रकाशन भएको ३५ दिनभित्र निवेदन सम्बन्धित सुकुमबासी समस्या समाधान जिल्ला समितमा बुझाउनु पर्नेछ ।
- निवेदन साथ निम्न बमोजिम प्रमाणहरु संलग्न गर्नुपर्नेछ-
  - o नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
  - o बसोबास गरेको स्थानको स्थानीय गाउँ विकास समिति/नगरपालिकाको सिफारिस
  - o निवेदकको व्यहोरा झुठा ठहरिएमा निवेदन रद्द हुनेछ।

(मिति २०७१।४।१९ को गठन आदेशसंग सम्वन्धित अनुसूची)

(अनुसूची - २ दफा ६ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

(ख) अव्यवस्थित बसोबासीले दिने निवेदन फाराम

| फोटो |
|---|

नेपाल सरकार

सुकुमबासी समस्या समाधान आयोग २०७१

| दर्ता नं... |
|---|
| मितिः ..... |

सुकुमबासी समस्या समाधान जिल्ला समिति .............

विषयः अव्यवस्थित बसोबासीले निवेदन पेश गरेको ।

श्रीमान् अध्यक्षज्यू,
सुकुमबासी समस्या समाधान जिल्ला समिति ...................... ।

म, मेरो परिवार र अंशियार वि.सं. २०६४ साल भन्दा अगाडिदेखि सरकारी जग्गामा बसोबास गरी आएको हुँदा समितिबाट प्रकाशित म्यादभित्र अव्यवस्थित बसोबासीको हैसियतले तपसिलको विवरण सहित यो निवेदन पेश गरेको छु ।

१) निवेदकको नामः ..... बाबुः ....... बाजेः ....... पति/पत्नी .........

| २) पारिवारिक विवरण | | |
|---|---|---|
| सि.नं. | नाम | नाता |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |
| | | |

३) नागरिकता नं. ........ फोटो सहितको मतदाता परिचयपत्र नं. (उपलब्ध भए) ..............

4) स्थायी ठेगानाः अञ्चलः ........... जिल्लाः ........... न.पा./गा.वि.स. ....... वडा नं. ....... टोल .......

५) हालको ठेगानाः अञ्चलः ........... जिल्लाः ........... न.पा./गा.वि.स. ........ वडा नं. ....... टोल ......

६) पेशाः ..............

७) अव्यवस्थित बसोबासी हुनाको कारणः .........

८)विगतमा गठित आयोग/समितिबाट सुविधा/जग्गा प्राप्त गरिसकेको छ ☐ छैन ☐

९) घरजग्गा सम्बन्धी विवरणः (नभए छैन लेख्ने)

घरले चर्चेको जग्गा क्षेत्रफल ..........................

घर भएको स्थानको जिल्लाः .......... न.पा./गा.वि.स. .............. वडा

नं. ........ टोल ...........

जग्गाको क्षेत्रफलः .......................

जग्गा भएको स्थानको जिल्ला:.......... न.पा./गा.वि.स. .............. वडा नं. ........ टोल ...........

भोग गरेको जग्गाको किसिमः सरकारी ☐ वन ☐ गुठी ☐

१०) हाल भोग गरेको सरकारी जग्गा भए सो घरजग्गाको विवरणः (नभए छैन लेख्ने)

घर घडेरीको कित्ता नं .............. क्षेत्रफल .................

घर घडेरीले भोग गरेको स्थान जिल्लाः .......... न.पा./गा.वि.स. .............. वडा नं. ........ टोल ...........

भोग गरेको जग्गाको किसिमः सरकारी ☐ वन ☐ गुठी ☐

१०) अन्य व्यहोरा ...............................................................

यसमा लेखिएको व्यहोरा ठिक साँचो छ, झुठा ठहरिए कानून बमोजिम सहुँला बुझाउँला ।

हस्ताक्षरः

मितिः ....................... निवेदकको नामः .........................

औठा छाप मोबाइल नं. .........................

| दाँया | बाँया |
|---|---|
| | |

कार्यालय प्रयोजनको लागि

मितिः ...............

प्रमाणित गर्ने अधिकारी .................

दर्ता गर्ने अधिकारी .......................

**द्रष्टव्यः**

- सम्बन्धित अव्यवस्थित बसोबासीले मात्र निवेदन दिन पाउनेछ ।
- सूचना प्रकाशन भएको ३५ दिनभित्र निवेदन सम्बन्धित सुकुमबासी समस्या समाधान जिल्ला समितमा बुझाउनु पर्नेछ ।
- निवेदन साथ निम्न बमोजिम प्रमाणहरु संलग्न गर्नुपर्नेछ-
  - नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि
  - बसोबास गरेको स्थानको स्थानीय गाउँ विकास समिति/नगरपालिकाको सिफारिस
  - निवेदकको व्यहोरा झुठा ठहरिएमा निवेदन रद्द हुनेछ।

(मिति २०७१।४।१९ को गठन आदेशसंग सम्वन्धित अनुसूची)

(दफा ६ को उपदफा (१) को खण्ड (ग) सँग सम्बन्धित)

फोटो

(ख) अव्यवस्थित बसोबासीले दिने निवेदन फाराम

नेपाल सरकार

सुकुमबासी समस्या समाधान आयोग २०७१

सुकुमबासी समस्या समाधान जिल्ला समिति (.............)

**सुकुमबासी/भूमिहीन/अव्यवस्थित बसोबासीको परिचयपत्र**

१. सुकुमबासी/भूमिहीन/अव्यवस्थित बसोबासीको नाम, थरः

२. पति/पत्नीको नामः

३. ठेगानाः

जिल्लाः

न.पा./गा.वि.स.

वडा नं. टोलः

४. बाबु/ससुराको नामः

५. आमाको नामः

६. बाजेको नामः

७. जन्म मितिः

८. जन्म स्थानः

९. नागरिकता नं.

१०. जारी गरको जिल्लाः

११. जारी गरेको मितिः

१२. पति/पत्नीको नागरिकता नं.

१३. पारिवारिक विवरणः

| सि.नं. | नाम | उमेर | लिङ्ग | मुलीसँगको नाता |
|---|---|---|---|---|
| 1. | | | | |
| 2. | | | | |

| | | | | |
|---|---|---|---|---|
| 3. | | | | |
| 4. | | | | |
| 5. | | | | |
| 6. | | | | |
| 7. | | | | |
| 8. | | | | |
| 9. | | | | |
| 10. | | | | |

१४. परिचयपत्र प्राप्त गर्ने व्यक्तिको हस्ताक्षरः

**प्रमाणित गर्नेको**

दस्तखतः
नामः
पदः सदस्य-सचिव
मितिः

दस्तखतः
नामः
पदः अध्यक्ष
मितिः

(मिति २०७१।४।१९ को गठन आदेशसंग सम्वन्धित अनुसूची)

(दफा ६ को उपदफा (१) को खण्ड (छ) सँग सम्बन्धित)

बिक्री वितरण गरिने जग्गाको हद र मूल्य सम्बन्धी मापदण्ड

१. सुकुमबासी र भूमिहीनका लागि निःशुल्क वितरण गरिने जग्गाको हद सम्बन्धी मापदण्ड

| हिमाली क्षेत्रका लागि | | पहाडी क्षेत्रका लागि | | तराई क्षेत्रका लागि | |
|---|---|---|---|---|---|
| शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | 10 आना सम्म | शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | ८ आना सम्म | शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | १२ धुर सम्म |
| ग्रामिण क्षेत्र | २ रोपनी सम्म | ग्रामिण क्षेत्र | १ रोपनी ८ आना सम्म | ग्रामिण क्षेत्र | १ कठ्ठा १० धुर सम्म |

२. अव्यवस्थित बसोबासीलाई वितरण गरिने जग्गाको हद सम्बन्धी मापदण्ड

क) अन्यत्र घरजग्गा नभएका अव्यवस्थित बसोबासीलाई देहायको हदसम्मको जग्गा मालपोत कार्यालयले तोकेको चालु आर्थिक वर्षको न्यूनतम मूल्याङ्कनको बीस प्रतिशतले हुने जग्गाको मूल्य लिई बिक्री वितरण गरिनेछ-

| हिमाली क्षेत्रका लागि | | पहाडी क्षेत्रका लागि | | तराई क्षेत्रका लागि | |
|---|---|---|---|---|---|
| शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | 10 आना सम्म | शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | ६ आना सम्म | शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | १२ धुर सम्म |
| ग्रामिण क्षेत्र | १ रोपनी ८ आना सम्म | ग्रामिण क्षेत्र | 12 आना सम्म | ग्रामिण क्षेत्र | १ कठ्ठा १० धुर सम्म |

ख) अन्यत्र घरजग्गा नभएका अव्यवस्थित बसोबासीलाई देहायको हदसम्मको जग्गा मालपोत कार्यालयले तोकेको चालु आर्थिक वर्षको न्यूनतम मूल्याङ्कनको पचास प्रतिशतले हुने जग्गाको मूल्य लिई बिक्री वितरण गरिनेछ-

| हिमाली क्षेत्रका लागि | | पहाडी क्षेत्रका लागि | | तराई क्षेत्रका लागि | |
|---|---|---|---|---|---|
| शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | ४ रोपनी सम्म | शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | १ रोपनी ८ आना सम्म | शहरी क्षेत्र (सदरमुकाम क्षेत्र र कालोपत्र सडकसँग जोडिएको क्षेत्र) | २ कठ्ठा सम्म |
| ग्रामिण क्षेत्र | ८ रोपनी सम्म | ग्रामिण क्षेत्र | ५ रोपनी सम्म | ग्रामिण क्षेत्र | ५ कठ्ठा सम्म |

आज्ञाले,

**लोकदर्शन रेग्मी**

नेपाल सरकारको सचिव

**अनुसूची १४**

नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६६) काठमाण्डौ, चैत्र ८ गते, २०७३ साल (संख्या ६१

भाग ३

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

नेपालको संविधानको धारा ५१ को खण्ड (ज) को देहाय (११) बमोजिम अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने राज्यको नीति एवं आर्थिक बर्ष २०७३/७४ को बजेट वक्तव्यको बुँदा नं १६१ अनुरुप मेचीदेखि महाकालीसम्मको सरकारी, सार्वजनिक र गुठी जग्गामा भएका अतिक्रमण रोक्न, अव्यवस्थित बसोबास र सुकुमबासी समस्याको समाधानको लागि व्यवस्थित बसोबास आयोग गठन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u> :**

(१) यस आदेशको नाम "व्यवस्थित बसोबास आयोग आदेश २०७३" रहेको छ।

(२) यो आदेश नेपाल राजपत्रमा सूचना प्रकाशित भएको मिति देखि तोकिएको स्थानमा लागू हुनेछ।

**२. <u>परिभाषा</u> :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा-

(क) "आयोग" भन्नाले दफा ३ बमोजिम गठन भएको आयोग सम्झनु पर्छ।

(ख) "भूमिहीन" भन्नाले आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभर कुनै पनि ठाउँमा घरजग्गा नभएका, घरजग्गा जोडन सक्ने साधनस्रोत नभएका वा प्राकृतिक प्रकोपबाट घर जग्गा विहीन हुन पुगेका र कृषि पेशामा श्रम

गरी जीविकोपार्जन गर्ने नेपाली नागरिक वा निजप्रति आश्रित परिवार सम्झनु पर्छ।

(ग) "स्लम बस्ती" भन्नाले सानातिना आयमूलक कार्य गर्न वा जीविकोपार्जनको लागि ग्रामीण क्षेत्रबाट आई महानगरपालिका, उपमहानगरपालिका वा नगरपालिका क्षेत्रका सरकारी/ सार्वजनिक जग्गामा आफूखुसी घर वा टहरा बनाई बसोबास गरेको बस्ती सम्झनु पर्छ।

(घ) "अतिक्रमित सडक बस्ती" भन्नाले जुनसुकै सडक वा राजमार्ग वा सडकका चोकहरुमा सडकको अधिकार क्षेत्र (राईट अफ वे) अतिक्रमण गरी घर, गोठ, टहरा वा छाप्रा बनाई आफूखुसी बसोबास गरेको बस्ती सम्झनु पर्छ।

(ङ) "अव्यवस्थित बसोबास" भन्नाले नेपाल राज्यभर कुनै पनि ठाउँमा आफू वा आफूप्रति आश्रित परिवारको नाममा घरजग्गा भएको वा नभएको व्यक्तिले सरकारी वा सार्वजनिक जग्गामा आफूखुसी बसोबास गरेको बस्ती सम्झनु पर्छ।

(च) "अतिक्रमित कृषि जग्गा" भन्नाले सरकारी जग्गामा आधिकारिक निकायबाट कुनै स्वीकृति नलिई जोत कमोद गरेको वा गैरकानूनी रुपमा खरिद गरी खेतीपाती वा घर टहरा बनाई बसोबास गरेको जग्गा सम्झनु पर्छ।

(छ) "क्षेत्रगत विषय" भन्नाले खण्ड (ग), (घ), (ङ) र (च) का विषय सम्झनु पर्छ।

(ज) "जिल्ला समिति" भन्नाले दफा ९ वमोजिम गठित जिल्ला बसोबास व्यवस्थापन समिति सम्झनु पर्छ।

(झ) "परिवार" भन्नाले एकासगोलमा रहेका बाजे, बज्यै, पति, पत्नी, छोरा, अविवाहित छोरी, छोराबुहारी, धर्मपुत्र, धर्मपुत्रीलाई सम्झनु पर्छ।

(ञ) "जग्गा उपयोग निस्सा" भन्नाले जग्गाको स्वामित्व नेपाल सरकारको रही प्रयोजन उल्लेख गरी उपयोग मात्र गर्नका लागि उपलव्ध गराइएको कुनै प्रकारले हक हस्तान्तरण, अंशवण्डा, दृष्टिबन्धक वा

धितो राख्न नमिल्ने गरी जारी गरिएको सरकारी जग्गाको आधिकारिक प्रमाणपत्र सम्झनु पर्छ।

(ट) "मन्त्रालय" भन्नाले भूमिसुधार तथा व्यवस्था मन्त्रालय सम्झनु पर्छ।

(ठ) "क्षेत्रगत कार्यविधि" भन्नाले क्षेत्रगत विषयलाई व्यवस्थापन गर्न तयार गरिएको कार्यविधि सम्झनु पर्छ।

३. **<u>आयोगको गठन</u> :** (१) आयोगको गठन देहाय बमोजिम हुनेछः -

(क) माननीय मन्त्री/राज्यमन्त्री, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

(ख) सचिव,वन तथा भू-संरक्षण मन्त्रालय

(ग) सचिव, सहरी विकास मन्त्रालय

(घ) सचिव, गृह मन्त्रालय

(ङ) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय

(च) नेपाल सरकार (मन्त्रिपरिषद्) बाट नियुक्त तीनजना सम्बन्धित क्षेत्रका विज्ञ – सदस्य

(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालयको राजपत्राङ्कित प्रथम श्रेणीको पदाधिकारी सदस्य–सचिव

(२) आयोगको बैठकमा आवश्यकता अनुसार सम्वन्धित पदाधिकारी वा विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(३) आयोगको बैठक आयोगको अध्यक्षको स्वीकृतिमा सदस्य–सचिवले बोलाउने छ।

(४) आयोगको बैठकमा अध्यक्ष र सदस्य–सचिव सहित बहुमत सदस्यको उपस्थिति आवश्यक पर्नेछ।

(५) आयोगको अन्य कार्यविधि आयोग आफैंले निर्धारण गर्नेछ।

४. **<u>आयोगको कार्यक्षेत्र</u> :**

(१) आयोगको कार्यक्षेत्र नेपाल राज्यभर हुनेछ।

(२) आयोगले सार्वजनिक सूचना प्रकाशन गरी बस्ती व्यवस्थापन गर्ने स्थान तोक्नेछ।

५. **<u>आयोगको सचिवालय</u> :**

(१) आयोगको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

(२) आयोगको सचिवालयमा आवश्यक पर्ने कर्मचारी भूमिसुधार तथा व्यवस्था मन्त्रालयको आन्तरिक जनशक्तिबाटै व्यवस्थापन गरिनेछ।

(३) आयोगको सचिवालय अन्तर्गत रहने कर्मचारीको सञ्चालन, रेखदेख तथा प्रशासनिक काम कारवाही उपाध्यक्ष मातहत रहनेछन् ।

**6. <u>आयोगको काम, कर्तव्य र अधिकार</u> :** आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) क्षेत्रगत विषयलाई योजनाबद्ध र व्यवस्थित रुपमा व्यवस्थापन गर्न निर्देशक सिद्धान्त (गाइडिङ्ग प्रिन्सिपल) स्वीकृत गर्ने,

(ख) दफा ७ बमोजिम गठित सहजीकरण समितिलाई दफा ८ को अधिकार भित्र रही कार्ययोजना तयार गरी पेश गर्न निर्देशन दिने,

(ग) सहजीकरण समितिले पेश गरेका नीति, रणनीति, कार्ययोजना र क्षेत्रगत कार्यविधि स्वीकृत गर्ने,

(घ) आयोगबाट स्वीकृत नीतिगत व्यवस्था, कार्यान्वयनका रणनीति र क्षेत्रगत कार्यविधिहरु अनुरुप गर्न गराउन जिल्ला समितिलाई निर्देशन दिने,

(ङ) निर्धारित समयमै आयोगको कार्य सम्पन्न गर्न गराउन आयोगका अध्यक्ष र जिल्ला समितिका अध्यक्ष बीच कार्य विवरण र कार्ययोजना वमोजिम कार्य सम्पादन सम्झौता गराउने,

(च) जिल्ला समितिलाई वार्षिक कार्यक्रम, कार्ययोजना, अख्तियारी र आवश्यक बजेट उपलव्ध गराउने,

(छ) आयोगको कार्यक्षेत्रसँग सम्बन्धित विषयमा नेपाल सरकारका विभिन्न निकायलाई आवश्यक निर्देशन दिने,

(ज) विभिन्न निकायबाट सञ्चालन हुने बस्ती विकास सम्बन्धी कार्यक्रममा समन्वय गरी दोहोरोपना हटाउने,

(झ) दफा ९ बमोजिम जिल्ला समिति गठन गरी कार्यादेश दिने,

(ञ) जिल्ला समिति र सहजीकरण समितिबाट सम्पादित कार्यको नियमित अनुगमन गरी आवश्यक निर्देशन दिने।

७. **<u>सहजीकरण समिति</u>** :

(१) आयोगको काम कारबाहीमा सहजीकरण र समन्वय गर्न देहाय बमोजिमको सहजीकरण समिति रहनेछ :-

| | |
|---|---|
| (क) सचिव, भूमिसुधार तथा व्यवस्था मन्त्रालय | - संयोजक |
| (ख) महानिर्देशक,वन विभाग | - सदस्य |
| (ग) महानिर्देशक, सहरी विकास विभाग | -सदस्य |
| (घ) महानिर्देशक, सडक विभाग | - सदस्य |
| (ङ) महानिर्देशक, भूमिसुधार तथा व्यवस्थापन विभाग | - सदस्य |
| (च) महानिर्देशक, नापी विभाग | - सदस्य |
| (छ) भूमि व्यवस्थापनको क्षेत्रमा कार्यरत संस्था मध्येबाट विज्ञहरु दुई जना | - सदस्य |
| (ज) आयोगको सदस्य सचिव | - सदस्य सचिव |

(२) सहजीकरण समितिले आवश्यकता अनुसार कुनै पदाधिकारी वा विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ।

(३) सहजीकरण समितिको कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. **<u>सहजीकरण समितिको काम, कर्तव्य र अधिकार</u>:** सहजीकरण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) क्षेत्रगत विषयमा गर्नुपर्ने नीतिगत व्यवस्था र कार्यान्वयनका रणनीति तयार गरी आयोग समक्ष स्वीकृतीको लागि पेश गर्ने,

(ख) व्यवस्थित वा योजनाबद्ध बस्ती व्यवस्थापन गर्दा अवलम्बन गर्नुपर्ने क्षेत्रगत कार्यविधिहरु तयार गरी आयोग समक्ष स्वीकृतीको लागि पेश गर्ने,

(ग) आयोग र जिल्ला समितिका काम कारबाहीमा समन्वय गर्ने,

(घ) जिल्ला समितिको कार्यको नियमित अनुगमन गरी सुधारात्मक उपाय अवलम्वन गर्नु पर्ने भए आयोगमा पेश गर्ने,

(ङ) आयोगले तोकेका अन्य कामहरु गर्ने।

## 9. <u>जिल्ला बसोबास व्यवस्थापन समितिको गठन</u> :

(१) आयोगबाट भएका निर्णय कार्यान्वयन गर्न जिल्लास्तरमा देहाय वमोजिमको जिल्ला बसोबास व्यवस्थापन समिति रहनेछ :-

(क) प्रमुख जिल्ला अधिकारी वा नेपाल सरकारले तोकेको व्यक्ति -अध्यक्ष

(ख) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

(ग) स्थानीय विकास अधिकारी -सदस्य

(घ) प्रमुख, जिल्ला वन कार्यालय -सदस्य

(ङ) प्रमुख, सम्बन्धित क्षेत्रको मालपोत कार्यालय -सदस्य

(च) प्रमुख, सम्बन्धित क्षेत्रको नापी कार्यालय - सदस्य

(छ) प्रमुख, बस्ती व्यवस्थापन गरिने स्थानको स्थानीय तह -सदस्य

(ज) समितिले उपयुक्त ठहऱ्याएको कम्तीमा एक महिला सहित तीन जना -सदस्य

(झ) प्रमुख, भूमिसुधार कार्यालय - सदस्य सचिव

(२) जिल्ला समितिले आवश्यक देखेमा कुनै पदाधिकारी, विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) जिल्ला समितिको बैठक आवश्यकता अनुसार समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(४) जिल्ला समितिको बैठकको लागि सम्पूर्ण सदस्य सङ्ख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(५) जिल्ला समितिमा बहुमतको राय मान्य हुनेछ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(६) जिल्ला समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(७) जिल्ला समितिले क्षेत्रगत विषयमा कार्य सम्पादन गर्न आवश्यकता अनुसार विषयगत उपसमिति गठन गर्न सक्नेछ।

(८) भूमिसुधार कार्यालय नभएको जिल्लामा जिल्ला समितिको सदस्य-सचिवको काम मालपोत कार्यालयको प्रमुखले गर्नेछ।

१०. **<u>जिल्ला बसोबास व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार</u> :** जिल्ला वसोबास व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायवमोजिम हुनेछ :-

(क) जिल्ला भित्रका विभिन्न स्थानमा रहेका दफा २ को खण्ड (ग), (घ), (ङ) र (च) मा उल्लेख भएका क्षेत्रहरु पहिचान गर्ने,

(ख) खण्ड (क) बमोजिम पहिचान गरिएका क्षेत्रहरु व्यवस्थापन गर्न दफा ११ बमोजिमका आधारमा छनौट गरी प्राथमिकता क्रम तोक्ने,

(ग) खण्ड (ख) बमोजिम प्राथमिकता तोकिएका स्थानका व्यवस्थित गराउनु पर्ने वास्तविक परिवारहरुको स्थलगत रुपमा लगत तयार गर्ने,

(घ) खण्ड (ग) बमोजिम तयार गरिएको लगत उपर चित्त नबुझेमा उजुरी गर्नका लागि पन्ध्र दिनको अवधि तोकी सार्वजनिक सूचना प्रकाशन गर्ने,

(ङ) खण्ड (घ) बमोजिम जारी सूचनामा दावी उजुरी परेमा सोको पहिचान, छानविन र प्रमाणीकरण गरी वास्तविक भूमिहीन र व्यवस्थित गर्नुपर्ने परिवारको अन्तिम लगत र व्यवस्थित गर्नुपर्ने क्षेत्रगत विषय यकिन गरी सूची प्रकाशित गर्ने,

(च) खण्ड (ङ) बमोजिम यकिन भैसकेपछि क्षेत्रगत विषयको कार्यविधि अपनाई जग्गा उपयोग निस्सा तयार गर्ने, प्रमाणीकरण गर्ने र उपलब्ध गराउने।

११. **<u>बस्ती व्यवस्थापन छनौटका आधारहरु</u>** : दफा ९ बमोजिमको जिल्ला समितिले दफा १० को खण्ड (ग) बमोजिम प्राथमिकता क्रम निर्धारण गर्ने आधार देहाय वमोजिम हुनेछन :-

(क) बसोबास गरिरहेका परिवारहरुको संङ्ख्या, पेशा, व्यवसाय र जीवनयापनको अवस्था,

(ख) बसोबास गरिरहेको ठाउँमा उपलब्ध आधारभूत सुविधा र वातावरणीय अवस्था,

(ग) तत्काल सम्बोधन नगर्दा पर्न सक्ने असर,

(घ) भौगोलिक वा भौगर्भिक विपद्को जोखिमको अवस्था ।

१२. **<u>जग्गा अधिग्रहण गर्न सक्ने</u>** : (१) व्यवस्थित बस्ती व्यवस्थापन गर्ने सरकारी जग्गासँग कुनै व्यक्ति विशेषको जग्गा जोडिएको रहेछ र व्यवस्थापनको लागि सो जग्गा आवश्यक पर्ने रहेछ भने त्यस्तो जग्गा व्यवस्थित गर्न जिल्ला समितिलाई उपलब्ध गराइ विकसित कित्ता जग्गा प्राप्त गर्न सो व्यक्ति मञ्जुर भएमा निजको साविकको क्षेत्रफलको पचास प्रतिशतमा नघट्ने गरी विकसित कित्ता जग्गा उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिम जग्गा उपलब्ध गराउन जग्गाधनी मञ्जुर नभएमा र बस्ती व्यवस्थापन गर्न त्यस्तो जग्गा प्राप्त गर्न आवश्यक भएमा सो जग्गा अधिग्रहण गर्न सकिनेछ।

१३. **<u>व्यवस्थित बस्ती र व्यवस्थित कृषि क्षेत्रको लागि उपयोग गरिने जग्गा</u>** : - (१) देहायका प्रकृतिका जग्गामा क्षेत्रगत कार्यविधिमा तोकिएको मापदण्डको परिधिभित्र रही व्यवस्थित बस्ती वा व्यवस्थित कृषि क्षेत्र विकास गरिनेछ :-

(क) हाल भोगचलन गरेको सरकारी जग्गा वातावरणीय दृष्टिले व्यवस्थित बसोबास गर्न अनुकूल भए सोही ठाउँ र त्यस्तो जग्गा वातावरणीय दृष्टिले व्यवस्थित बसोबास अनुकूल नभएमा जीविकोपार्जनको लागि सहज हुने गरी नजिकको गाउँपालिका वा नगरपालिका, निर्वाचन क्षेत्र वा जिल्ला भित्रका व्यवस्थापन योग्य सरकारी जग्गा,

(ख) नापनक्सा भई नेपाल सरकारको नाममा फिल्डबुक मात्र कायम भएको वा नेपाल सरकारको नाममा दर्ता भएको सरकारी जग्गा।

(ग) भूमि सम्बन्धी ऐन, २०२१ बमोजिम हदबन्दी भन्दा बढी प्राप्त भएको वा जफत भएको जग्गा।

(२) सरकारी प्रयोजन र सार्वजनिक हितका लागि आवश्यक पर्ने जग्गा छुट्याई बाँकी जग्गाको मात्र जग्गा उपयोग निस्सा वितरण गर्न सकिनेछ।

१४. <u>जग्गा उपयोग निस्सा प्रमाणीकरण र वितरण</u> :

(१) जग्गा उपयोग निस्सामा सम्बन्धित व्यक्ति र निजसँग आश्रित परिवारको नाम समेत जनाउने र एकल महिला वा पुरुष भए सोही व्यहोरा जनाई जग्गा उपयोग निस्सा उपलब्ध गराउनु पर्नेछ।

(२) जग्गा उपयोग स्रेस्ता, जग्गाको उपयोग निस्सा, नापी नक्सा, फिल्डबुक र प्लट रजिष्टरको प्रत्येक पानामा जिल्ला समितिको अध्यक्ष र सदस्य सचिवले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

(३) जग्गा उपयोग निस्सामा निस्सा प्राप्त गर्नेको अधिकार, निषेधाधिकार र दायित्व उल्लेख गर्नु पर्नेछ।

१५. **<u>मूल्य, वार्षिक शुल्क र सुविधा सम्बन्धी व्यवस्था</u> :**

(१) व्यवस्थित बसोबास गराउँदा भूमिहीनलाई कार्यविधिमा तोकिएको हदसम्मको जग्गा उपयोग निस्सा निःशुल्क उपलब्ध गराइनेछ। तर अन्यत्र जग्गा भएको व्यक्ति पनि सोही ठाउँमा बसोबास गरी आएको रहेछ र उसले सोही ठाँउमा बसोबास गर्न चाहेमा निजबाट नेपाल सरकारले रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको न्यूनतम मूल्यमा नघट्ने गरी मूल्य लिइ उपयोग निस्सा दिन सकिनेछ।

(२) निशुल्क गराइएको र मूल्य लिइ उपलब्ध गराइएको जग्गाको वार्षिक उपयोग शुल्क बुझाउनु पर्नेछ।

(३) उपयोग निस्सा प्राप्त गरेको जग्गामा निर्मित संरचनामा बत्ती, पानी, टेलिफोन जस्ता सुविधा जडान गर्न पाइनेछ।

१६. **<u>अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था</u> :** नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका अधिकार जिल्ला समितिलाई प्रत्यायोजन गरेको छ :÷

(क) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ३ख, ४, ६, ७, ८, ८क, १० र ११ का अधिकारहरु,

(ख) जग्गा नापजाँच नियमावली, २०५८ को नियम ४, ५, ९, १२, १३, १४, १५, १६, १७, १८, २०, २२ र २३ का अधिकारहरु,

(ग) मालपोत ऐन, २०३४ को दफा ६, ८, ८क, २४, २५ र २६ का अधिकारहरु,

(घ) मालपोत नियमावली, २०३६ को नियम ३, ४, ४क, ५क, ५ख, ५घ र २२क का अधिकारहरु,

(ङ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा २१ को अधिकार,

(च) भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम १६ र २३ का अधिकारहरु,

(छ) जग्गा प्राप्ति ऐन, २०३४ को जग्गा अधिग्रहण गर्ने दफाहरु।

**१७. <u>झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेमा निर्णय बदर हुने</u> :**

(१) भूमिहीनको हैसियतमा एक पटक जग्गा प्राप्त गरिसकेका व्यक्ति वा परिवारले पुनः भूमिहीनको हैसियतले जग्गा प्राप्त गर्न पाइने छैन।

(२) भूमिहीनका हैसियतले झुट्टा विवरण पेश गरी जग्गा उपयोग निस्सा प्राप्त गरेको व्यहोरा कसैको उजुर परी वा अन्य स्रोतबाट जानकारी प्राप्त हुन आई छानविन गर्दा झुट्टा विवरण पेश गरी जग्गा प्राप्त गरेको प्रमाणित हुन आएमा त्यस्तो जग्गा वितरण वा वितरण गर्ने गरी गरेको निर्णय आयोगको पदावधि रहेको अवस्थामा आयोगले र आयोगको विघटन भएको अवस्थामा सम्बन्धित मालपोत कार्यालयले उपयोग निस्सा खारेज गरी सोको जानकारी सम्बन्धित व्यक्तिलाई दिनेछ र साविक बमोजिम स्रेस्ता कायम गर्नुपर्नेछ।

**१८. <u>पुरस्कार सम्बन्धी व्यवस्था</u> :** दफा १७ को उपदफा (२) बमोजिम सूचना दिने व्यक्तिलाई उपयोग निस्सा खारेज भएको जग्गाको रजिष्ट्रेशन प्रयोजनको लागि तोकेको मूल्यको पच्चीस प्रतिशत वा पचास हजार रुपैंया मध्ये जुन रकम घटी हुन्छ सो रकम पुरस्कार स्वरुप दिइनेछ।

**१९. आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा कर्मचारीले जग्गा प्राप्त गर्न नहुने :** आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा आयोग, सहजीकरण समिति र जिल्ला समितिमा कार्यरत कर्मचारी र तिनका परिवारले यस्तो जग्गा प्राप्त गर्न सक्ने छैनन्। तर आयोग, सहजीकरण समिति र जिल्ला समितिहरुमा रहेका भूमिहीनहरुको हकमा यो व्यवस्था लागू हुने छैन।

**२०. आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा कर्मचारीको पारिश्रमिक तथा अन्य सुविधा :**

(१) विज्ञ सदस्यहरुलाई नेपाल सरकारका विशिष्ट श्रेणी सरहको पारिश्रमिक उपलब्ध गराइनेछ।

(२) आयोगको काममा खटिँदा अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुलाई नेपाल सरकारका राज्यमन्त्री र विशिष्ट श्रेणीका पदाधिकारीहरु सरहको भ्रमण तथा दैनिक भत्ता उपलब्ध गराइनेछ।

(३) जिल्ला समितिका अध्यक्ष (प्रमुख जिल्ला अधिकारी अध्यक्ष भएको अवस्थामा बाहेक) लाई राजपत्राङ्कित प्रथम श्रेणी सरह र मनोनीत सदस्यहरुलाई नेपाल सरकारको राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृत सरहको पारिश्रमिक उपलब्ध गराइनेछ।

(४) आयोग र जिल्ला समितिहरुमा काम गर्ने कर्मचारीहरुलाई निजहरुले खाइपाई आएको शुरु तलब स्केलको पच्चीस प्रतिशतले हुन आउने रकम मासिक भत्ताको रुपमा उपलब्ध गराइनेछ।

(५) आयोग र समितिको कामको लागि फिल्डमा खटिने आयोग, सहजीकरण समिति र जिल्ला समितिका पदाधिकारी तथा कर्मचारीले प्रचलित कानून बमोजिम दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

(६) आयोग, सहजीकरण समिति र जिल्ला समितिको बैठक भत्ता अर्थ मन्त्रालयबाट जारी निर्देशिका बमोजिम हुनेछ।

**२१. विज्ञ तथा सदस्यहरुको योग्यता र सेवा अवधि :**

(१) दफा ३ को उपदफा (१) को खण्ड (च) बमोजिमका विज्ञ सदस्यमा नियुक्त हुन स्नातकोत्तर उपाधि प्राप्त गरी सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

(२) दफा ९ को उपदफा (१) को खण्ड (ज) बमोजिमका सदस्यहरुको पदावधि नियुक्ति भएको मितिले दुई वर्षको हुनेछ।

(३) दफा २५ र २६ को अवस्थामा बाहेक आयोगका विज्ञ र सदस्य-सचिवको सेवा अवधि नियुक्ति हुँदाका बखत तोके बमोजिम हुनेछ।

२२. **<u>कर्मचारी सम्बन्धी व्यवस्था</u> :** आयोग र जिल्ला समितिको काममा आवश्यक पर्ने कर्मचारीहरु आयोगले नेपाल सरकारका विभिन्न निकायबाट काजमा लिई व्यवस्थापन गर्न सक्नेछ।

२३. **<u>आर्थिक प्रशासन सम्बन्धी व्यवस्था</u> :** आयोग र जिल्ला समितिको आर्थिक प्रशासन सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछः-

(क) आयोगलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले मन्त्रालय मार्फत उपलब्ध गराउने छ।

(ख) आयोग र जिल्ला समितिको कार्य सञ्चालनका लागि छुट्टै बैंक खाता हुनेछ।

(ग) सदस्य सचिव र तोकिएको लेखा अधिकृत वा लेखापालबाट संयुक्त दस्तखतबाट आयोग र जिल्ला समितिको खाता सञ्चालन हुनेछ।

(घ) आयोग र जिल्ला समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(ङ) आयोग र जिल्ला समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ।

(च) आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित कानून बमोजिम हुनेछ।

२४. **<u>जग्गाको उपयोग,हक हस्तान्तरण र धितो बन्धक सम्बन्धी व्यवस्थाः</u>** आयोगले उपयोग निस्सा दिई वितरण गरेको जग्गा बेचबिखन, धितो बन्धक, दृष्टिबन्धक राख्न वा कुनै किसिमले हक हस्तान्तरण गर्न पाइने छैन।तर उपयोग निस्सा प्राप्त गर्नेको शेषपछि निजको हकवालाले सो जग्गा पूर्व शर्त बमोजिम उपयोग गर्न बाधा पर्ने छैन।

२५. **आयोगको कार्यावधिः**

(१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले दुई वर्षको हुनेछ।

(२) कार्यावधि अगावै आयोगले आफ्नो कार्य सम्पन्न गरेमा आयोग स्वतः विघटन हुनेछ।

(३) आयोग विघटन भएपछि सहजीकरण समिति र जिल्ला समितिहरु स्वतः विघटन हुनेछन्।

(४) आयोग विघटन भएपछि आयोग र जिल्ला समितिका पदाधिकारीहरुको पदावधि स्वतः समाप्त हुनेछ।

(५) कार्यावधि भित्र कार्य सम्पन्न हुन नसकेमा मन्त्रालयको सिफारिसमा नेपाल सरकार मन्त्रिपरिषद ले आवश्यकता अनुसार आयोगको म्याद थप गर्न सक्नेछ।

२६. **आयोग र जिल्ला समितिका पदाधिकारीको पद बहाल नरहने अवस्था** : नेपाल सरकारको निर्णय बमोजिम नियुक्त भएका आयोग र जिल्ला समितिका पदाधिकारीहरुले प्राप्त अधिकारको दुरुपयोग गरेमा, आयोग र जिल्ला समितिलाई जानीबुझी हानी नोक्सानी पुऱ्याएमा, अनियमित कार्य गरेमा आयोगका अध्यक्ष नेपाल सरकार (मन्त्रिपरिषद्) को निर्णयले र अन्य पदाधिकारीको हकमा भूमिसुधार तथा व्यवस्था मन्त्रीको निर्णयले पदमुक्त गरिनेछ।

२७. **आयोगको प्रतिवेदन तथा नेपाल सरकारसँगको सम्पर्क :**

(१) आयोग, सहजीकरण समिति र जिल्ला समितिले सम्पादन गरेका कामको मासिक, चौमासिक र वार्षिक प्रगति विवरण जिल्ला समिति र सहजीकरण समितिले आयोगमा र आयोगले तयार पारेको एकीकृत प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) आयोगले आफ्नो काम सम्पन्न गरेको प्रतिवेदन मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) आयोगले नेपाल सरकारसँग सम्पर्क गर्दा मन्त्रालय मार्फत गर्नु पर्नेछ।

२८. **सरकारी निकायसँगको समन्वय र सहकार्य :** आयोग, सहजीकरण समिति र जिल्ला समितिले नेपाल सरकारका अन्य निकायहरुबाट आवश्यक सहयोग माग गर्न सक्नेछन् र त्यस्तो माग भएको सहयोग उपलब्ध गराउनु त्यस्ता निकायको कर्तव्य हुनेछ।

२९. **<u>कार्ययोजना बनाई काम गर्नुपर्ने</u> :** यस आदेशको कार्यान्वयन गर्न आयोगले आवश्यक कार्ययोजना र कार्यतालिका बनाई काम गर्नु पर्नेछ।

३०. **<u>निर्देशन दिन सक्ने</u> :** नेपाल सरकारले आयोगलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ। यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ।

३१. **<u>विगतका आयोग/समितिले गरेका कार्य</u> :** दफा १० को खण्ड (ग)बमोजिम लगत तयार गर्दा विगतमा गठित आयोग/ समितिले जग्गाधनी पूर्जा वितरण गरेका तर जग्गा भोगचलन गर्न नपाएका व्यक्तिले पुन: प्राप्त गर्न माग गरेमा निजलाई पहिले उपलब्ध गराइएको जग्गाको वास्तविकता बुझ्दा त्यस्ता व्यक्ति मर्कामा परेको ठहरेमा यस आदेश बमोजिम जग्गा उपयोग निस्सा उपलब्ध गराउन सकिनेछ।

**आज्ञाले**
कृष्ण प्रसाद देवकोटा
नेपाल सरकारको सचिव

**अनुसूची १५**

(व्यवस्थित बसोबास आयोग (पहिलो संशोधन) आदेश, २०७४ नेपाल सरकार (मं.प.) बाट स्वीकृत मिति २०७४।७।६)

**नेपाल राजपत्र**

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६७) काठमाण्डौ, कार्तिक १४ गते, २०७४ साल (संख्या ३५

भाग ३

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

व्यवस्थित बसोबास आयोग आदेश, २०७३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>**

(१) यस आदेशको नाम "व्यवस्थित बसोबास आयोग (पहिलो संशोधन) आदेश, २०७४" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>व्यवस्थित बसोबास आयोग आदेश, २०७३ को दफा ३ मा संशोधनः</u>** व्यवस्थित बसोबास आयोग आदेश, २०७३ (यसपछि "मूल आदेश" भनिएको) को दफा ३ को उपदफा (१) को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छः-

"(क१)नेपाल सरकार (मन्त्रिपरिषद्) बाट नियुक्त एकजना - उपाध्यक्ष"

(२) खण्ड (च) मा रहेको "तीनजना" भन्ने शब्दको सट्टा "दुईजना" भन्ने शब्द राखिएको छ।

(३) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएको छः-

"(१क) नेपाल सरकार (मन्त्रिपरिषद्) ले उपदफा (१) को खण्ड (च) बमोजिमका विज्ञ सदस्य मध्येबाट एकजना उपाध्यक्ष नियुक्त गर्नेछ।"

३. **<u>मूल आदेशको दफा ५ मा संशोधनः</u>** मूल आदेशको दफा ५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) आयोगको सचिवालय अन्तर्गत रहने कर्मचारीको सञ्चालन, रेखदेख तथा प्रशासनिक काम कारबाही उपाध्यक्षले गर्नेछ।"

४. **<u>मूल आदेशको दफा ६ मा संशोधनः</u>** मूल आदेशको दफा ६ को खण्ड (ञ) पछि देहायको खण्ड (ट) थपिएको छः-

"(ट) आयोगको अध्यक्षले गरि आएको आयोग सम्बन्धी काम कारबाही अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले गर्नु पर्नेछ।"

५. **<u>मूल आदेशको दफा ११ मा संशोधनः</u>** मूल आदेशको दफा ११ मा रहेको "खण्ड (ग)" भन्ने शब्दहरुको सट्टा "खण्ड (ख)" भन्ने शब्दहरु राखिएका छन्।

६. **<u>मूल आदेशको दफा २० मा संशोधनः</u>** मूल आदेशको दफा २० को उपदफा (1) र (२) को सट्टा देहायका उपदफा (1) र (२) राखिएका छन् :-

"(१) आयोगका उपाध्यक्ष र विज्ञ सदस्यलाई नेपाल सरकारका राज्यमन्त्री र विशिष्ट श्रेणीका पदाधिकारी सरहको पारिश्रमिक तथा अन्य सुविधा उपलब्ध गराईनेछ।

(२) आयोगको काममा खटिँदा अध्यक्ष, उपाध्यक्ष र सदस्यहरुलाई नेपाल सरकारका राज्यमन्त्री र विशिष्ट श्रेणीका पदाधिकारीहरु सरहको भ्रमण तथा दैनिक भत्ता उपलब्ध गराईनेछ।"

७. **<u>मूल आदेशको दफा २१ मा संशोधनः</u>** मूल आदेशको दफा २१ को उपदफा (३) मा रहेको "आयोगका" भन्ने शब्द पछि "उपाध्यक्ष," भन्ने शब्द थपिएको छ।

८. **<u>मूल आदेशमा दफा २१क. थपः</u>** मूल आदेशको दफा २१ पछि देहायको दफा २१क. थपिएको छः-

"२१क.<u>उपाध्यक्षको योग्यता</u>: दफा २१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको योग्यता भएको व्यक्ति आयोगको उपाध्यक्ष पदमा नियुक्तिका लागि योग्य हुनेछः-

(क) भूमिप्रशासन वा कानूनी क्षेत्रका उच्च व्यवस्थापकीय कुनै सरकारी पदमा कम्तीमा पन्ध्र वर्षको अनुभव प्राप्त भएको,

(ख) मान्यता प्राप्त विश्वविधालयबाट मानविकी, जनप्रशासन वा कानून विषयमा स्नातकोत्तर उपाधि हासिल गरेको, र

(ग) पैंतालीस वर्ष उमेर पूरा भएको।"

९. **मूल आदेशको दफा २६ मा संशोधनः** मूल आदेशको दफा २६ मा रहेको "अध्यक्ष" भन्ने शब्द पछि "र उपाध्यक्ष" भन्ने शब्दहरु थपिएका छन्।

१०. **मूल आदेशको दफा २६क. थप:** मूल आदेशको दफा २६ पछि देहायको दफा २६क. थपिएको छः-

"२६क. अधिकार प्रत्यायोजनः आयोगले यस आदेश बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उपाध्यक्ष, सदस्य वा सदस्य-सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।"

आज्ञाले,
शम्भु कोइराला
नेपाल सरकारको
सचिव

**अनुसूची १६**

(नेपाल सरकार (मं.प.) बाट स्वीकृत मिति २०७५।१।११)

**नेपाल राजपत्र**

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६८) काठमाण्डौ, वैशाख १४ गते, २०७५ साल (संख्या ४

भाग ३

नेपाल सरकार

कृषि भूमिव्यवस्था तथा सहकारी मन्त्रालयको सूचना

नेपाल सरकारले व्यवस्थित बसोबास आयोग आदेश, २०७३ खारेज गरी सो आदेश वमोजिम गठित व्यवस्थित बसोबास आयोग र जिल्ला वसोबास व्यवस्थापन समितिहरु विघटन गरेको छ।

आज्ञाले<br>
गोपीनाथ मैनाली<br>
नेपाल सरकारको सचिव

खण्ड ७०) संख्या १ नेपाल राजपत्र भाग ५ मिति २०७७।०१।०१

**भाग ५**

नेपाल सरकार

भूमिव्यवस्था सहकारी तथा गरिवी निवारण

मन्त्रालयको

सूचना

## भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६

भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि भूमि सम्बन्धी समस्या समाधान आयोग गठन गरी सो आयोगको काम, कर्तव्य र अधिकार समेत तोक्न आवश्यक भएकोले,

भूमि सम्बन्धी ऐन, २०२१ को दफा ५२ख. को उपदफा (६) बमोजिमको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: यस आदेशको नाम "भूमि सम्बन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) “आयोग” भन्नाले दफा ३ बमोजिमको आयोग सम्झनु पर्छ।

(ख) “ऐन” भन्नाले भूमि सम्बन्धी ऐन, २०२१ सम्झनु पर्छ।

(ग) "जिल्ला समिति" भन्नाले दफा ८ बमोजिमको जिल्ला समिति सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले नेपाल सरकारको भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय सम्झनु पर्छ।

३. **आयोगको गठनः** (१) नेपालभरका भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित वसोवासीको जग्गा व्यवस्थापन गर्ने प्रयोजनको लागि देहाय बमोजिमको भूमि सम्बन्धी समस्या समाधान आयोगको गठन हुनेछः-

(क) नेपाल सरकारले मनोनयन गरेको व्यक्ति – अध्यक्ष

(ख) नेपाल सरकारले मनोनयन गरेको कम्तिमा १ जना विज्ञ सहित ४ जना – सदस्य

(ग) सम्बन्धित प्रदेश सरकारले मनोनयन गरेको १ जना - सदस्य

(घ) नेपाल सरकारले तोकेको राजपत्रांकित प्रथम श्रेणीको अधिकृत - सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड बमोजिम सदस्य मनोनित गर्दा कम्तिमा एक जना महिला मनोनयन गर्नु पर्नेछ।

(३) आयोगको सचिवालय काठमाडौं उपत्यकामा रहनेछ।

४. अध्यक्ष तथा सदस्यको पदावधिः (१) आयोगको विघटन नभएसम्म अध्यक्ष तथा सदस्यहरु आफ्नो पदमा बहाल रहने छन्।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा अध्यक्ष वा उपदफा (१) को खण्ड (ख) वमोजिमको सदस्यलाई नेपाल सरकारले र सोही उपदफाको खण्ड (ग) वमोजिमको सदस्यलाई प्रदेश सरकारले पदबाट हटाउन सक्नेछः-

(क) इमान्दारीपूर्वक पदीय कर्तव्य पालना नगरेमा,

(ख) कार्यक्षमताको अभाव भएमा,

(ग) शारीरिक तथा मानसिकरुपले अशक्त भई कार्य सम्पादन गर्न असमर्थ भएमा।

(३) उपदफा (२) बमोजिम पदबाट हटाउनु अघि सफाईको मनासिब मौका दिनु पर्नेछ।

५. **आयोगको अध्यक्ष र सदस्यको पद रिक्त हुने:** देहायका अवस्थमा आयोगको अध्यक्ष र सदस्यको पद रिक्त भएको मानिनेछः-

(क) आयोगको अध्यक्ष र दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यले नेपाल सरकार समक्ष र सोही उपदफाको खण्ड (ग) बमोजिमको सदस्यले सम्बन्धित प्रदेश सरकार समक्ष राजीनामा दिएमा,

(ख) दफा ४ को उपदफा (२) बमोजिम पदबाट हटाइएमा,

(ग) निजको मृत्यु भएमा।

६. **आयोगको काम, कर्तव्य र अधिकार:** यस आदेशमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) भूमि सम्बन्धी समस्या समाधान सम्बन्धी कार्ययोजना तयार गरी स्वीकृत गर्ने,

(ख) भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरुको पहिचान र प्रमाणीकरणको लागि आधार र मापदण्ड तोक्ने,

(ग) भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरुको स्थानीय तहबाट लगत सङ्कलनको लागि आवश्यक कार्यविधि र ढाँचा तयार गरी स्वीकृत गर्ने,

(घ) भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरुको पहिचान, लगत संकलन र प्रमाणीकरणको काम स्थानीय तह मार्फत गर्ने,

(ङ) नक्शा स्रेस्ता तयार गर्न मालपोत कार्यालय, नापी कार्यालय र स्थानीय तह सँग आवश्यक समन्वय गर्ने वा गराउने ,

(च) स्थानीय तहबाट प्राप्त तथ्याङ्कको विश्लेषण गर्न आवश्यक प्रणालीको विकास गरी सोही प्रणालीको आधारमा अव्यवस्थित बसोबासीहरुको जग्गाको वर्गीकरण गर्ने,

(छ) अव्यवस्थित बसोबासीहरुलाई जग्गा उपलब्ध गराए बापत ऐन बमोजिमको दस्तुर लिने,

(ज) ऐनको दफा ५२ख. को उपदफा (४) बमोजिमको जग्गा हो वा होइन भन्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहको समन्वयमा यकिन गर्ने वा गराउने,

(झ) स्थानीय तहबाट भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीहरुको पहिचान र प्रमाणीकरण सम्बन्धी तथ्याङ्क प्राप्त भएपछि सोही बमोजिमका भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुको व्यवस्थापन गर्न कार्यप्रकृया शुरु गर्ने,

(ञ) स्थानीय विशिष्टता समेतको आधारमा शहरी क्षेत्रमा सामूहिक आवास वा जग्गा विकासको माध्यमबाट भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्णय गर्ने,

(ट) ऐनको दफा ५२ख. र ५२ग. बमोजिमको कार्य निर्धारित समयमै कार्य सम्पन्न गर्न जिल्लागत रुपमा स्पष्ट कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउने,

(ठ) भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने सम्बन्धमा प्रचलित कानूनको अधीनमा रही आवश्यक निर्णय गर्ने,

(ड) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा जुनसुकै निकाय सँग कागजात माग गर्न, व्यक्तिलाई झिकाई बुझ्न, कागज गराउन, स्थलगत सर्जमिन गर्न वा गराउन सक्ने,

(ढ) हदबन्दी भन्दा बढी भई रोक्का रहेका जग्गा भूमिहीन सुकुमबासीलाई उपलब्ध गराउन प्रयोग गर्ने,

(ण) जग्गाको वर्गीकरण गर्दा भू उपयोग ऐन, २०७६ बमोजिम वर्गीकरण गर्ने वा गराउने।

(त) नेपाल सरकारले तोकेका अन्य काम गर्ने।

७. **आयोगको बैठक सम्बन्धी कार्यविधि:** (१) आयोगको वैठक आयोगको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगको वैठक बस्ने मिति, समय र स्थान तय भए पछि सदस्य-सचिवले वैठकको कार्यसूची, बैठक बस्ने मिति, समय र स्थान समेत खुलाई बैठक बस्नु चौबिस घण्टा अगावै सो को सूचना सदस्यहरुलाई पठाउनु पर्नेछ।

(३) दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यले सम्बन्धित प्रदेशको कामकारवाहीको लागि बसेको आयोगको वैठकमा भाग लिनेछ।

(४) आयोगको वैठकमा आवश्यकता अनुसार विज्ञ, सम्बन्धित प्रदेश सरकार वा स्थानीय तहका पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ।

(५) आयोगको कूल सदस्य सङ्ख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा वैठकको लागि गणपुरक सङ्ख्या पुगेको मानिनेछ।

(६) आयोगको अध्यक्ष सहितको बहुमतको राय आयोगको निर्णय मानिनेछ।

(७) अध्यक्षा र सदस्य-सचिवले वैठकको निर्णय प्रमाणित गर्नु पर्नेछ।

(८) आयोगको वैठक सम्बन्धी अन्य कार्यविधि आयोग आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **जिल्ला समितिको गठन:** (१) आयोगको काम, कारबाहीलाई सहयोग, समन्वय र सहजीकरण गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको जिल्ला समिति रहनेछः-

(क) नेपाल सरकारले मनोनयन गरेको व्यक्ति - अध्यक्ष

(ख) नेपाल सरकारले मनोनयन गरेको एक जना विज्ञ सहित दुई जना - सदस्य

(ग) प्रमुख, सम्बन्धित डिभिजन वन कार्यालय - सदस्य

(घ) प्रमुख, सदरमुकाम स्थित नापी कार्यालय - सदस्य
(ङ) प्रमुख, भूमिसुधार तथा मालपोत कार्यालय - सदस्य
(च) जिल्ला समन्वय अधकारी - सदस्य सचिव

(२) जिल्ला समितिको अध्यक्ष र नेपाल सरकारले मनोनयन गरेको सदस्यको पदावधि जिल्ला समितिको विघटन नभएसम्म कायम रहनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा ४ को उपदफा (२) मा उल्लिखित अवस्था रहेमा नेपाल सरकारले उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष वा सोही उपदफाको खण्ड (ख) बमोजिमको सदस्यलाई पदबाट हटाउन सक्नेछ।

(४) उपदफा (३) बमोजिम पदबाद हटाउनु अघि सफाईको मनासिव मौका दिनु पर्नेछ।

(५) जिल्ला समितिको सचिवालय सम्बन्धित जिल्लाको जिल्ला समन्वय समितिको कार्यालयमा रहनेछ।

९. **<u>जिल्ला समितिको बैठक सम्बन्धी कार्यविधिः</u>** (१) जिल्ला समितिको बैठक आवश्यकता अनुसार सो समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) जिल्ला समितिले आवश्यकतानुसार कुनै पदाधिकारी वा विज्ञलाई वैठकमा आमन्त्रित गर्न सक्नेछ।

तर त्यस्तो पदाधिकारी वा विज्ञलाई मत दिने अधिकार हुने छैन।

(३) जिल्ला समितिको बैठकमा सम्पूर्ण सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ।

(४) जिल्ला समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१०. **<u>जिल्ला समितिका अध्यक्ष र सदस्यका पद रिक्त हुने अवस्थाः</u>** देहायका अवस्थामा जिल्ला समितिका अध्यक्ष र सदस्य पद रिक्त भएको मानिनेछः-

(क) नेपाल सरकार समक्ष राजिनामा दिएमा,

(ख) दफा ८ को उपदफा (३) वमोजिम पदबाट हटाइएमा,

(ग) निजको मृत्यू भएमा।

११. **<u>जिल्ला समितिको काम, कर्तव्य र अधिकारः</u>** जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) आयोगले प्रत्यायोजित गरेका अधिकारको अधीनमा रही कार्य सम्पादन गर्ने,

(ख) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा प्रदेश सरकार र जिल्लाभित्रका स्थानीय तहसँग आवश्यक समन्वय गर्ने ,

(ग) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहका पदाधिकारीहरुलाई अभिमुखिकरण तालिम दिने,

(घ) आयोगको कामकारवाहीका सम्बन्धमा सरोकारवालासँग छलफल र अन्तरकृया गर्ने,

(ङ) जिल्लाबाट सम्पादन भएका कामकारवाहीको प्रगति विवरण मासिक रुपमा आयोगमा पठाउने,

(च) भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्ने क्रममा देखिएका समस्या जिल्लास्तरमा समाधान गर्न सकिने भए जिल्ला समितिबाट समाधान गर्ने र समाधान गर्न नसकिने भएमा समस्या समाधानको सम्बन्धमा आवश्यक निकासाको लागि आयोगमा लेखी पठाउने,

(छ) कार्यक्षेत्रसँग सम्बन्धित विषयमा स्थानीय तहबाट भए गरेका कार्यको नियमित अनुगमन गर्ने,

(ज) आयोगले तोकेको अन्य काम गर्ने।

१२. **<u>विज्ञ सदस्यको योग्यताः</u>** आयोगको विज्ञ सदस्यमा नियुक्त हुन स्नातक उपाधि प्राप्त गरी भूमि व्यवस्थापन वा कृषिको क्षेत्रमा कम्तीमा पाँच वर्षको अनुभव र जिल्ला समितिको विज्ञ सदस्यमा नियुक्त हुन कम्तीमा स्नातक उपाधि प्राप्त गरी भूमि व्यवस्थापन वा कृषिको क्षेत्रमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त गरेको हुनु पर्नेछ।

१३. **पारिश्रमिक तथा अन्य सुविधाः** (१) आयोगका अध्यक्षले राज्यमन्त्री सरहको तलब, भत्ता र सवारी साधनको सुविधा तथा सदस्यलाई राजपत्राङ्कित विशिष्ट श्रेणीको अधिकृतले पाए सरहको तलब, भत्ता, सवारी साधन र ईन्धनको सुविधा पाउनेछ।

(२) दफा ३ को उपदफा (१) को खण्ड (ग) बमोजिमको सदस्यको सेवा सुविधा सम्बन्धित प्रदेश सरकारले तोके बमोजिमको हुनेछ।

(३) जिल्ला समितिका अध्यक्षले राजपत्राङ्कित प्रथम श्रेणीको अधिकृतले पाए सरहको तलब भत्ता र दफा ८ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यले राजपत्राङ्कित द्वितीय श्रेणीको अधिकृतले पाए सरहको तलब भत्ता पाउनेछ।

(४) आयोग र जिल्ला समितिमा काम गर्ने कर्मचारीहरुलाई निजहरुले खाइपाई आएको शुरु तलब स्केलको पच्चीस प्रतिशतले हुन आउने रकम मासिक भत्ताको रुपमा उपलब्ध गराइनेछ।

(५) यस आदेश बमोजिमको कामको लागि फिल्डमा खटिने आयोग र जिल्ला समितिका अध्यक्ष, सदस्य तथा कर्मचारीले प्रचलित कानून बमोजिम तत् तत् पदाधिकारी तथा कर्मचारीले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

(६) दफा २४ को उपदफा (२) बमोजिम करारमा भर्ना गरिएका सवारी चालक र कार्यालय सहयोगीले निजामती सेवामा कार्यरत सवारी चालक र कार्यालय सहयोगीले पाए सरहको शुरु तलव स्केल र भ्रमण गर्दा निजहरुले पाए सरहको दैनिक तथा भ्रमण भत्ता पाउनेछन्।

१४. **सहयोग उपलब्ध गराउनु पर्नेः** (१) आयोग र जिल्ला समितिले यस आदेश बमोजिमको कार्य सम्पादनको लागि आवश्यक पर्ने कागजात, विवरण, प्रमाण, जग्गा दर्ता सम्बन्धी मिसिल तथा अन्य सहयोग उपलब्ध गराई दिन नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सो अन्तर्गतका कार्यालयमा माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम माग भई आएमा सम्बन्धित निकायले माग बमोजिमको कागजात, विवरण, प्रमाण, जग्गा दर्ता सम्बन्धी मिसिल तथा अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ।

१५. **<u>जग्गा लिन नहुने</u>:** आयोग तथा जिल्ला समितिका अध्यक्ष, सदस्य र सो आयोग वा जिल्ला समितिको काममा खटिएको कर्मचारी वा निजको परिवारले यस आदेश बमोजिमको जग्गा प्राप्त गर्न सक्ने छैनन्।

१६. **<u>कार्ययोजना बनाई काम गर्नुपर्ने</u>:** यस आदेशको कार्यान्वयन गर्न आयोग र जिल्ला समितिले आवश्यक कार्ययोजना र कार्यतालिका बनाई काम गर्नु पर्नेछ।

१७. **<u>समन्वय गर्ने</u>:** आयोगले भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउन तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने प्रयोजनको लागि जग्गाको छनौट तथा व्यवस्थापन गर्न आवश्यकता अनुसार प्रदेश सरकार, स्थानीय तह र भूमि सम्बन्धी नियमहरु, २०२१ को नियम ४१ग. र ४१छ. बमोजिमको समितिसँग समन्वय गर्न सक्नेछ।

१८. **<u>नेपाल सरकार समक्ष अनुरोध गर्न सक्ने</u>:** (१) भूमिहीन सुकुमबासीलाई जग्गा उपलब्ध गराउने तथा अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्ने सम्बन्धमा प्रदेश सरकार र स्थानीय तहसँग आवश्यक समन्वय तथा सहजीकरण हुन आवश्यक देखिएमा आयोगले त्यस्तो समन्वय तथा सहजीकरणका लागि मन्त्रालय मार्फत नेपाल सरकार समक्ष अनुरोध गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगबाट अनुरोभ भई आएमा नेपाल सरकारले प्रदेश सरकार र स्थानीय तह तथा अन्य निकायसँग समन्वय तथा सहजीकरण गर्नेछ।

१९. **<u>जग्गाधनी पूर्जा उपलब्ध गराउने</u>:** (१) आयोगले पहिचान र प्रमाणीकरण भएका भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई उपलब्ध गराउने जग्गाको नक्शा स्रेस्ता तयार गरी सोही आधारमा जग्गाधनी प्रमाणपूर्जा बनाई वितरणको लागि स्थानीय तहलाई उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम भूमिहीन सुकुमबासी र अव्यवस्थित बसोबासीलाई जग्गाधनी प्रमाण पूर्जा उपलब्ध गराउँदा सगोलमा रहेका भए पतिपत्नीको संयुक्त नाममा पूर्जा तयार गरी उपलब्ध गराउनु पर्नेछ।

(३) नक्सा तयार गर्ने प्रयोजनको लागि जग्गाको क्षेत्रफल गणना गर्दा वर्ग मिटरमा उल्लेख गर्नु पर्नेछ। त्यसरी जग्गाको क्षेत्रफल वर्गमिटरमा कायम गर्दा दशमलव पछि दुई अङ्कसम्म उल्लेख गर्नु पर्नेछ।

(४) आयोगबाट निर्णय भई स्वीकृत भएका नक्शा सम्बन्धित जिल्लाको सदरमुकामस्थित नापी कार्यालयको नापी अधिकृत र जग्गाधनी स्रेस्ता तथा जग्गाधनी प्रमाण पूर्जा भूमिसुधार तथा मालपोत कार्यालयको मालपोत अधिकृतबाट प्रमाणित गराउनु पर्नेछ।

(५) आयोगबाट प्रमाणित अभिलेख सहित नक्शा स्रेस्ता प्राप्त भएपछि मालपोत र नापी कार्यालयले त्यस्तो नक्शा स्रेस्ता लागू गर्नु पर्नेछ।

२०. **<u>बाँकी काम सम्पन्न गर्ने</u>:** (१) यो आदेश प्रारम्भ हुनु अघि भूमि सम्बन्धी समस्या समाधान गर्ने सम्बन्धमा प्रचलित कानून बमोजिम नेपाल सरकारले गठन गरेका आयोग, समिति वा कार्यदलबाट बाँकी रहेका काम वा भएका निर्णयको कार्यान्वयन समेत आयोगले गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोगले जिल्ला समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ।

२१. **<u>निर्देशन दिन सक्ने</u>**: नेपाल सरकारले आयोगलाई आवश्यकता अनुसार निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको पालना गर्नु आयोगको कर्तव्य हुनेछ।

२२. **<u>राजस्व खातामा दाखेल गर्नु पर्ने</u>:** आयोगले ऐन बमोजिम गरेको जरिवाना बापत प्राप्त रकम र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराए बापत प्राप्त दस्तुर नेपाल सरकारको राजश्व खाता जम्मा गर्नु पर्नेछ।

२३. **<u>बजेट सम्बन्धी व्यवस्था</u>**: (१) आयोगले आफ्नो र जिल्ला समितिको लागि आवश्यक पर्ने बजेटको अनुमानित लागत तयार गरी निकासाको लागि मन्त्रालयमा माग गरी पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम बजेट माग गर्दा वार्षिक कार्यक्रम, कार्ययोजना समेत पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम बजेट निकासाको लागि माग प्राप्त भएपछि मन्त्रालयले नेपाल सरकारको अर्थ मन्त्रालयमा लेखी पठाउनेछ।

(४) उपदफा (३) बमोजिम लेखी आएमा नेपाल सरकार अर्थ मन्त्रालयले आयोग र जिल्ला समितिको लागि आवश्यक पर्ने बजेट मन्त्रालय मार्फत निकासा गर्नेछ।

(५) उपदफा (४) बमोजिम निकासा भएको बजेट मध्येबाट आयोगले जिल्ला समितिलाई आवश्यक पर्ने बजेट उपलब्ध गराउनेछ।

(६) आयोग र जिल्ला समितिको कार्य सञ्चालनका लागि छुट्टै बैंक खाता हुनेछ।

(७) आयोग र जिल्ला समितिको सदस्य-सचिव र तोकिएको लेखा अधिकृत वा लेखापालको संयुक्त दस्तखतबाट आयोग र जिल्ला समितिको खाता सञ्चालन हुनेछ।

(८) आयोग र जिल्ला समितिको आय-व्ययको लेखा प्रचलित सङ्घीय कानून बमोजिम राखिनेछ।

(९) आयोग र जिल्ला समितिको लेखापरीक्षण प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

(१०) आर्थिक प्रशासन सम्बन्धी अन्य व्यवस्था प्रचलित सङ्घीय कानून बमोजिम हुनेछ।

२४. **कर्मचारी व्यवस्थापनः** (१) आयोगको कामको लागि आवश्यक पर्ने अनुसूचीमा उल्लेख भए बमोजिमका कर्मचारी नेपाल सरकारले उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कर्मचारी उपलब्ध नगराएमा आयोगले करार मार्फत कर्मचारी व्यवस्थापन गर्न सक्नेछ।

(३) जिल्ला समितिको लागि आवश्यक पर्ने कर्मचारी प्रमुख जिल्ला अधिकारीले जिल्लास्थित कार्यालयबाट काजमा खटाउनु पर्नेछ।

तर फिल्ड कार्यको लागि आवश्यक प्राविधिक कर्मचारीहरु आयोगको सिफारिसमा अस्थायी दरबन्दी स्वीकृत गरी नापी विभागले काजमा वा करारमा नियुक्त गरी उपलब्ध गराउनेछ।

२५. **<u>प्रतिवेदन पेश गर्नु पर्नेः</u>** (१) आयोगले आफूले गरेका कामको प्रगति विवरण र जिल्ला समितिबाट प्राप्त प्रतिवेदनमा उल्लिखित विवरण समेत समावेश गरी चौमासिक रुपमा मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त प्रतिवेदन मन्त्रालयले नेपाल सरकार समक्ष पेश गर्न पर्नेछ।

(३) जिल्ला समितिले आफूले सम्पादन गरेको कामको प्रगति विवरण त्रैमासिक रुपमा आयोग र प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

२६. **<u>अधिकार प्रत्यायोजन</u>**: (१) नेपाल सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमका अधिकार आयोगलाई प्रत्यायोजन गरेको छः-

(क) बिर्ता उन्मूलन ऐन, २०१६ को दफा ४ ,५, ७, ७क., ८, र १२क . मा उल्लिखित अधिकारहरु,

(ख) जग्गा (नापजाँच) ऐन, २०१९ को दफा ३, ५, ६, ६ख., ६घ., ७, ८, ८क., ११, र ११ग. मा उल्लिखित अधिकारहरु,

(ग) उखडा सम्बन्धी ऐन, २०२१ को दफा ३ र ५ मा उल्लिखित अधिकारहरु,

(घ) भूमि सम्बन्धी ऐन, २०२१ को दफा १३, १४, १४क., १५, १६, १८,(१) १९, २०, २१, २१ख., २२, २४, ५२ख., ५२ग., ५२घ. को खण्ड (क) र (ग), ५२ङ., ५२च. मा उल्लिखित अधिकार।

(ङ) मालपोत ऐन, २०३४ को दफा ६, ७, ८, ८क., ८ख., २४, २५ र ३२ मा उल्लिखित अधिकारहरु।

(च) विर्ता उन्मूलन नियमावली, २०१७ को नियम ३, ३क., ३ग., ४, ५, ६, ७, ८, ९, १०, ११ ,१३, १५, १६ र २० मा उल्लिखित अधिकारहरु।

(छ) भूमि सम्बन्धी नियमहरु, २०२१ को परिच्छेद-3 मा उल्लिखित अधिकारहरु।

(ज) उखडा सम्बन्धी नियमहरु, २०२१ को ३, ४, र ५ मा उल्लिखित अधिकारहरु।

(झ) मालपोत नियमावली, २०३६ को नियम ३, ४, ४क., ५क., ५घ., २२क. र २३ मा उल्लिखित अधिकारहरु।

(ञ) जग्गा नापजाँच नियमावली, २०५८ को नियम ४, ५, ८, ९, १०, १२, १३, १४, १५, १७, १८ र २४ मा उल्लिखित अधिकारहरु।

(२) उपदफा (१) बमोजिमका अधिकारको प्रयोग आयोगको विघटन नभएसम्म आयोग वा आयोगले तोकेको अधिकारीले मात्र प्रयोग गर्नेछ।

(३) आयोग वा आयोगले तोकेको अधिकारीले उपदफा (१) मा उल्लिखित ऐन तथा नियम बमोजिमको अधिकारको प्रयोग गर्दा सोही ऐन तथा नियममा उल्लिखित कानूनी व्यवस्थाको पालना र कार्यविधिको प्रयोग गर्नु पर्नेछ।

(४) आयोगले आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार जिल्ला समिति वा कुनै पदाधिकारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

२७. **आयोगको कार्यावधि, म्याद थप र विघटनः** (१) आयोगको कार्यावधि आयोग गठन भएको मितिले तीन वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र काम सम्पन्न हुने नसकेमा नेपाल सरकारले आयोगको अवधि बढीमा दुई वर्षसम्म थप गर्न सक्नेछ।

(३) नेपाल सरकारले आवश्यक ठानेमा जुनसुकै समयमा आयोग विघटन गर्न सक्नेछ। त्यसरी आयोग विघटन भएमा जिल्ला समिति समेत स्वतः विघटन हुनेछ।

(४) आयोगको काम सम्पन्न भएपछि वा आयोगको विघटन भएमा आयोग वा जिल्ला समितिबाट भए गरेको काम कारबाही सम्बन्धी निर्णय, अभिलेख, नक्शा र स्रेस्ता लगायतका सम्पूर्ण कागजात

सम्बन्धित मालपोत कार्यालय र नापी कार्यालयमा हस्तान्तरण गर्नु पर्नेछ।

२८. **<u>खारेजी र बचाउः</u>** यो आदेश जारी हुनु पूर्व मालपोत ऐन, २०३४ को दफा ७क. को उपदफा (१) बमोजिम गठन भएका जग्गा दर्ता समितिहरु यो आदेश लागू भएपछि स्वतः खारेज हुनेछन् र त्यस्ता समितिबाट सम्पन्न हुन बाँकी काम आयोगले गर्नेछ।

(दफा २४ को उपदफा (१) सँग सम्बन्धित)

## आयोगको लागि आवश्यक पर्ने कर्मचारीको विवरण

### दरबन्दी विवरण

| क.सं. | पद नाम | श्रेणी | सेवा | समुह | संख्या |
|---|---|---|---|---|---|
| १ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सामान्य प्रशासन | ३ |
| २ | उपसचिव | रा.प.द्वि. | प्रशासन | लेखा | १ |
| ३ | प्रमुख नापी अधिकृत | रा.प.द्वि. | ईन्जिनियरिङ्ग | सर्भे | २ |
| ४ | उपसचिव (कानून) | रा.प.द्वि. | कानून | कानून | १ |
| ५ | शाखा अधिकृत | रा.तृ.प. | प्रशासन | सामान्य प्रशासन | ५ |
| ६ | नापी अधिकृत | रा.तृ.प. | ईन्जिनियरिङ्ग | सर्भे | ३ |
| ७ | कानून अधिकृत | रा.तृ.प. | कानून | कानून | १ |
| ८ | कम्प्युटर अधिकृत | रा.तृ.प. | विविध | | १ |
| ९ | लेखा अधिकृत | रा.तृ.प. | प्रशासन | लेखा | १ |
| १० | नायब सुब्बा/ले.पा. | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र./लेखा | ७ |
| ११ | सर्भेक्षक | रा.प.अनं. प्रथम | ईन्जिनियरिङ्ग | सर्भे | ४ |
| १२ | कम्युटर अपरेटर | रा.प.अनं. प्रथम | विविध | | २ |
| १३ | खरिदार | रा.प.अनं. द्वितीय | प्रशासन | सामान्य प्रशासन | २ |
| १४ | ड्राईभर | श्रेणी विहीन | | | ५ |
| १५ | कार्यालय सहयोगी | श्रेणी विहीन | | | ४ |
| जम्मा | | | | | ४२ |

**अनुसूची 17(क)**

## सूचना २

नेपाल सरकारले भूमि सम्वन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ वमोजिम भूमि सम्वन्धी समस्या समाधान आयोगको अध्यक्ष तथा सदस्यमा देहायका व्यक्तिहरुलाई मनोनयन गरेकोले यो सूचना प्रकाशन गरिएको छः-

(क) भूमि सम्वन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ को उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष पदमा भरतपुर महानगरपालिका-४, चितवनका श्री देवी प्रसाद ज्ञवाली,

(ख) भूमि सम्वन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ को उपदफा (१)को खण्ड (ख) बमोजिमको विज्ञ सदस्य पदमा मेलम्ची नगरपालिका-६, सिन्धुपाल्चोकका श्री जगत बहादुर देउजा,

(ग) भूमि सम्वन्धी समस्या समाधान आयोग गठन आदेश, २०७६ को दफा ३ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्य पदमा देहायका व्यक्तिहरु;-

(१) नरैनापुर गाउँपालिका-२,बाँकेका श्री दिनेश चन्द्र यादव,

(२) पोखरा महानगरपालिका-३३, कास्कीका श्री भीम बहादुर कार्की,

(३) ललितपुर महानगरपालिका-१६, ललितपुरका श्री मञ्जली शाक्य बज्राचार्य।

आज्ञाले

केदार न्यौपाने
नेपाल सरकारको सचिव